# नगर शिक्षा योजना
# (MUNICIPAL EDUCATION PLAN)
# (२०८२/०८३-२०८७/०८८)

साँफेबगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

साँफेबगर, अछाम

सुदूरपश्चिम, प्रदेश,

नेपाल

## हाम्रो भनाई

अनिवार्य, निःशुल्क तथा गुणस्तरीय शिक्षा प्राप्त गर्नु प्रत्येक वालवालिकाको जन्मसिद्ध अधिकार हो। शिक्षा देश विकास र सम्मृद्धीको मुल आधार हो। नेपालको संविधानले शिक्षालाई प्रत्येक व्यक्तिको मौलिक हकको रुपमा व्यवस्था गरेको छ। आधारभूत तह निःशुल्क एवं अनिवार्य र माध्यमिक तह निःशुल्क हुने सुनिश्चितता संविधानले गरेको छ। राज्य सवल, सक्षम र सम्पन्न बन्नको लागि शिक्षामा लगानी हुन जरुरी छ। वर्तमान अवस्थामा विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्नुपर्ने देखिन्छ। राज्यको पुनार्शंरचना पछि आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय सरकारलाई दिइएको छ। साँफेबगर नगरपालिका शिक्षा क्षेत्रको योजना (२०८२/०८३ -२०८६/ ०८७) ले ***"समाबेशी, जीवनोपयोगी, प्रबिधि मैत्री, शिक्षको माध्यम वाट सबै वालवालीकाको वालमैत्री शिक्षामा पहुच सुनिश्चित गरी, सुरक्षित तथा गुणास्तरीय शिक्षा प्रदान गर्ने"*** दीर्घकालिन सोच तथा गन्तब्य राखेको छ। शिक्षालाई सर्बसुलभ बनाई शैक्षिक अवसर अभिवृद्धिले सबैलाई गुणस्तरीय शिक्षाको पहुँच पुर्याइ वर्तमान आवश्यकता अनुकुल सीपमुलक र रोजगारीमूलक शिक्षा प्रदान गर्नु र नगरपालिकाको समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारीता, जवाफदेहिताको सुधार गर्दै समतामुलक गुणस्तरीय शिक्षा प्रदान गरी सक्षम नागरिक उत्पादन गर्ने यस नगर शिक्षा योजनाको औचित्य रहेको छ। साँफेबगर नगरपालिकाको शिक्षा क्षेत्रमा देखिएका समस्याहरुलाई समाधान गरी शैक्षिक गुणस्तर अभिबृद्धि गर्न यो योजना कोसेढुङ्गा साबित हुने अपेक्षा गरिएको छ। यो योजना विद्यमान सरकारी नीति, साँफेबगर नगरपालिका शिक्षा ऐनको आधारमा जनप्रतिनिधीहरु, विद्यालयका प्रधानाध्यापकहरु, संघ संथाका प्रतिनिधीहरु, स्थानीय वुद्धिजिवीहरु र सरोकारवालाहरुको सहभागितामा तयार गरिएको हो। यो योजना तयार गर्न साँफेबगर नगरपालिकाका शिक्षा समिति, शिक्षा शाखा तथा अन्य विषयगत शाखाहरु, नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवर , उपप्रमुख श्री शिव बहादुर कुँवर एवम् प्रमुख प्रशासकिय अधिकृत श्री अर्जुन सेन वली, शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख श्री अम्बादत्त जोशी, र प्राविधिक सहयोगमा TECSES Nepal लगायत शिक्षासंग सम्बिन्धित सबै संघ संस्थाहरुबाट प्राप्त मार्गदर्शन अत्यन्त महत्वपूर्ण छ। नगरपालिकाले निर्माण गर्ने योजनाहरुलाइ वस्तुनिष्ठ, कार्यान्वयनयोग्य र उपयोगी तथा व्यवहारिक बनाउन सम्बन्धित सरोकारवालाहरुबाट रचनात्मक सुझाव र हौसलाको अपेक्षा गर्दछौ।

नगर शिक्षा क्षेत्र योजना निर्माण कार्यदल

२०८२/२०८३

# योजनाको सारांश

साँफेबगर नगरपालिकाले नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय शिक्षा क्षेत्र योजना (SESP), सोह्रौँ आवधिक योजना, दिगो विकास लक्ष्य (SDG-4) तथा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ लगायतका कानुनी एवं नीतिगत आधारलाई अवलम्बन गर्दै आर्थिक वर्ष २०८२/२०८३–२०८६/०८७ का लागि पाँच वर्षीय नगर शिक्षा योजना निर्माण गरेको छ। यस योजनाको परिकल्पना ***"समाबेशी, जीवनोपयोगी, प्रबिधि मैत्री, शिक्षको माध्यम वाट सबै वालवालीकाको वालमैत्री शिक्षामा पहुच सुनिश्चित गरी, सुरक्षित तथा गुणास्तरीय शिक्षा प्रदान गर्ने"*** रहेको छ।

नगरपालिकामा १४ वडाभित्र ५० सामुदायिक र ५ संस्थागत गरी जम्मा ५५ विद्यालय सञ्चालनमा रहेका छन्। तीमध्ये १७ माध्यमिक र ३८ आधारभूत विद्यालय रहेका छन्। साथै ७८ वटा बालविकास केन्द्र, ६ वटा सामुदायिक सिकाइ केन्द्र तथा २ वटा क्याम्पस सञ्चालनमा रहेका छन्। एक नमुना विद्यालय, एक प्रदेश नमुना विद्यालय तथा प्राविधिक धारतर्फ सर्भेयर (सिभिल) र बालीविज्ञान कार्यक्रम सञ्चालन भइरहेका छन्। योजनाले शिक्षामा पहुँच विस्तार, गुणस्तर अभिवृद्धि, समावेशिता, सुशासन, प्रविधिमैत्री शिक्षण, शिक्षक क्षमता विकास, विद्यालय पूर्वाधार सुधार, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार, स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालय स्वास्थ्य तथा पोषण, विपद् तथा जलवायु अनुकूल विद्यालय विकास, डिजिटल शिक्षा तथा जीवनपर्यन्त सिकाइलाई प्रमुख प्राथमिकताका रूपमा समेटेको छ। विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने, सिकाइ उपलब्धि सुधार गर्ने, छात्रवृत्ति तथा लक्षित सहयोगमार्फत विपन्न, दलित, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गर्ने लक्ष्य लिइएको छ। योजनाले हाल देखिएका प्रमुख चुनौतीहरूमा शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधारको कमी, प्रयोगशाला तथा सूचना प्रविधि सुविधाको अभाव, सिकाइ उपलब्धि सुधार, सार्वजनिक शिक्षाप्रतिको आकर्षण घट्दै जानु, विद्यालय छोड्ने दर, सीमित बजेट तथा प्रभावकारी अनुगमन प्रणालीको आवश्यकता रहेको पहिचान गरेको छ। यिनको समाधानका लागि विद्यालय सुधार योजना, शिक्षक पेशागत विकास, डिजिटल प्रविधिको प्रयोग, नियमित अनुगमन तथा नतिजामा आधारित व्यवस्थापन प्रणाली लागू गर्ने रणनीति अवलम्बन गरिएको छ।

यस योजनाको प्रभावकारी कार्यान्वयनबाट २०८७ सम्म सबै बालबालिकाको गुणस्तरीय प्रारम्भिक बालविकास तथा विद्यालय शिक्षामा पहुँच सुनिश्चित हुने, आधारभूत शिक्षा पूर्ण रूपमा अनिवार्य र गुणस्तरीय हुने, माध्यमिक शिक्षामा सहभागिता वृद्धि हुने, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण–सिकाइ विस्तार हुने, विद्यालयहरू सुरक्षित, समावेशी तथा बालमैत्री बन्ने, शिक्षकको पेशागत क्षमता अभिवृद्धि हुने तथा शिक्षा क्षेत्रमा सुशासन, पारदर्शिता र जवाफदेहिता सुदृढ हुने अपेक्षा गरिएको छ। यो योजना कार्यान्वयनका लागि अवश्यक प्रवन्ध तथा अनुगमन सम्बन्धी योजना समेत समावेश गरिएको छ। यसले साँफेबगर नगरपालिकाको समग्र मानव विकास, सामाजिक न्याय तथा दिगो आर्थिक विकास तथा समाजिक रुपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।

## १. विषय प्रवेश

नेपालको संविधानमा मौलिक हकको रूपमा भाग ३ को धारा ३१ मा शिक्षाको हक सम्बन्धी व्यवस्था गरिएको छ। उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क साथै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रहने व्यवस्था गरेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ । त्यस्तै दृष्टिविहीन नागरिकलाई ब्रेललिपि, बहिरा तथा बोलाइ सम्बन्धी समस्या भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा आधारभूत तह सम्मको शिक्षा पाउने तथा त्यसका लागि शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने , धारा ३८ मा महिलाको हकअन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने, धारा ३९ मा बालबालिकाको हकअन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक, धारा ४० मा दलितको हकअन्तर्गत आधारभूत तहबाट उच्च तहसम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ । दिगो विकासको लक्ष्य नं ४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने र निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य गरिएको छ।

शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तहमार्फत् कार्यान्वयन भइरहेका छन्। अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा तथा नि:शुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। वि.सं. २०२० सालको विकेन्द्रीकरणको दस्तावेजले शिक्षा योजनाको अवधारणा ल्याएको हो। यही वर्षबाट सुरु भएको जिल्ला शिक्षा योजनाले सन् १९९९ मा पुग्दा व्यापक रुप लियो। खास गरी आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको दोस्रो चरण लागु भएपछि मात्र जिल्ला शिक्षा योजना निर्माण क्रममा नियमितता आयो। यसै सन्दर्भमा जिल्लाका प्रत्येक विद्यालयले सरोकारवालाहरूको आम सहभागितामा सुक्ष्म योजना प्रक्रियाबाट विद्यालय सुधार योजना, गा.वि.स.ले गाउँ शिक्षा योजना, नगरपालिकाले नगर शिक्षा योजना र तत्कालीन जिल्ला शिक्षा कार्यालयले जिल्ला शिक्षा योजना बनाउने गरेका थिए। यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु-व्यवस्थित बनाउन, तथा गुणस्तरीय र समावेशी, समतामूलक शिक्षा सबै नागरिकलाई प्रदान गर्न **साँफेबगर नगरपालिका शिक्षा क्षेत्रको योजना** (२०८२/०८३ - २०८६/०८७) ले ***"समाबेशी, जीवनोपयोगी, प्रबिधि मैत्री, शिक्षको माध्यम वाट सबै वालवालीकाको***

***वालमैत्री शिक्षामा पहुँच सुनिश्चित गरी, सुरक्षित तथा गुणास्तरीय शिक्षा प्रदान गर्ने"*** दीर्घकालिन सोच तथा गन्तब्य र १० वटा उदेश्यहरु र ५ वटा मुख्य उपक्षेत्रहरु समावेश गरेको छ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७, दिगो विकास लक्ष्य २०३०, सोह्रौं पञ्चवर्षीय आवधिक योजना ( २०८१/०८२ – २०८५/०८६ ) को अवधारणा एवं विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानूनले प्राथमिकतामा राखेका नीति कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचना अनुरूप कार्यान्वयन गर्दै विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देशसहित सङ्घीय, प्रदेश र स्थानीय तहमा शिक्षा योजनाको निर्माण गर्न आवश्यक रहेको छ। विज्ञान तथा प्रविधिमा भएको विकास एवं परिवर्तनलाई आत्मसात् गरी सृर्जनशील, सक्रिय एवं साँफेबगर नगरपालिकाको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि उपयोगी नागरिक तयार गर्दै शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन शिक्षा क्षेत्रको योजना मार्फत् समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ।

नेपालको संविधान २०७२ को अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाका अधिकार तोकिएको छ र ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्थासमेत रहेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्न सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ। विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधा विहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि वृद्धि गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। साँफेबगर नगरपालिकाको शैक्षिक विकासको आधारभूत दस्तावेज भएकोले यस शिक्षा योजनाले शिक्षाको पहुँच, गुणस्तर, समता, समावेशिता तथा प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। साँफेबगर नगर क्षेत्रका आवश्यकता र प्राथमिकताका आधारमा तयार गरिएको नगर शिक्षा योजनाले शिक्षा क्षेत्रको योजनाबद्ध विकास, स्रोतको उचित उपयोग तथा दीर्घकालीन शैक्षिक लक्ष्य प्राप्तिमा महत्त्वपूर्ण योगदान पुर्‍याउँछ। त्यसैले नगरपालिकाले आफ्नो शैक्षिक अवस्था, चुनौती र सम्भावनाको गहन अध्ययन गरी व्यवस्थित नगर शिक्षा योजना निर्माण तथा कार्यान्वयन गर्नु अत्यन्त आवश्यक रहेको छ। सबै स्थानीय तहले शिक्षा योजना निर्माण गर्दै कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी साँफेबगर नगरपालिकाले पनि नगर शिक्षा योजना २०८२/०८३ – २०८६/०८७ निर्माण गरेको छ।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

साँफेबगर नगरपालिकाको नगर शिक्षा योजना पालिकाभित्रको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय तथा समावेशी बनाउन निर्माण गरिन्छ। नगर शिक्षा योजना निर्माणका प्रमुख औचित्यहरू निम्नानुसार छन् :

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय र क्षितिजिय सहसम्बन्ध स्थापित गर्न,
२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,

४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
५. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन,
६. साँफेबगर नगरपालिका नगर क्षेत्रका शैक्षिक समस्या,सुधारका पक्षहरु, सम्भिवत सुधारका अवसरहरु र चुनौतीहरुको विस्तृत लेखाजोखा गरी शिक्षामा गुणस्तर अभिवृद्धी गर्न,
७. स्थानीय स्रोत र साधनको प्रभावकारी परिचालन गरी दिगो शैक्षिक विकास सुनिश्चित गर्न,
८. अनुगमन र मूल्याङ्कनलाई व्यवस्थित बनाउँदै जवाफदेहिता र सुशासन प्रवर्द्धन गर्न,
९. शैक्षिक असमानता न्यूनीकरण गर्दै समता, समानता र समावेशीता सुनिश्चित गर्न,

नगर शिक्षा योजनाको निर्माण साँफेबगर नगरपिलकाको शिक्षा क्षेत्रको वर्तमान अवस्था विश्लेषण गरी भविष्यका आवश्यकता र लक्ष्यहरू निर्धारण गर्न अपरिहार्य छ । यसले शिक्षालाई गुणस्तरीय, समावेशी, पहुँचयोग्य तथा दिगो बनाउँदै समग्र नगरको मानव विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

## ४. शिक्षा योजना निर्माणका आधार

यस शिक्षा योजना निर्माणका क्रममा निम्न संवैधानिक, कानुनी, नीतिगत तथा योजनागत दस्तावेजहरूलाई आधारका रूपमा अवलम्बन गरिएको छः

१. नेपालको संविधान, २०७२,
२. सोह्रौँ पञ्चवर्षिय आवधिक योजना (२०८१/०८२–२०८५/०८६),
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७,
५. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७, साथै विद्यालय शिक्षा सम्बन्धी प्रचलित ऐन, नियमावली तथा निर्देशिकाहरू,
६. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan), सिकाइ अपूरण तथा द्रुत सिकाइसम्बन्धी कार्यक्रम तथा कार्ययोजनाहरू,
७. राष्ट्रिय शिक्षा नीति, २०७६ तथा शिक्षाको सोचपत्र, २०७९,
८. विद्यालय शिक्षामा समता तथा समावेशीकरण रणनीति,
९. दिगो विकास लक्ष्य (SDGs) २०३० सम्बन्धी राष्ट्रिय कार्यढाँचा,
१०. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा स्थानीय विकास योजनासम्बन्धी मार्गदर्शनहरू,
११. स्थानीय तहको मध्यमकालीन खर्च संरचना (MTEF),
१२. राष्ट्रिय जनगणना, २०७८ का तथ्याङ्क तथा प्रतिवेदनहरू,
१३. बालमैत्री स्थानीय शासन कार्यान्वयन ढाँचा,
१४. हरित विद्यालय निर्माण तथा सञ्चालनसम्बन्धी कार्यविधि,
१५. पालिकाको आवधिक विकास योजना (२०८१/०८२–२०८६/०८७)

१६. विद्यालय सुधार योजना (SIP) तथा सरकारी, गैरसरकारी एवं विकास साझेदार संस्थाहरूबाट सञ्चालित शिक्षासम्बन्धी कार्यक्रम, अध्ययन तथा प्रतिवेदनहरू,
१७. शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS/IEMIS) का तथ्याङ्क तथा विद्यालयस्तरीय अभिलेखहरू,
१८. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षा (ICT in Education) सम्बन्धी नीति तथा कार्ययोजनाहरू,
१९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, विशेषगरी 'सबैका लागि शिक्षा', बालअधिकार सम्बन्धी महासन्धि,
२०. साँफेबगर नगरपालिकाको शिक्षा ऐन २०७६,
२१. साँफेबगर नगरपालिकाको बाल अधिकार समिति, बाल सञ्जाल समिति गठन, व्यवस्थापन तथा परिचालन कार्यविधि २०७७,
२२. साँफेबगर नगरपालिकाको एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९,
२३. साँफेबगर नगरपालिकाको विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि – २०८०,
२४. साँफेबगर नगरपालिकाको विद्यालय दिवा खाजा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१,
२५. साँफेबगर नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण निति २०७७,
२६. साँफेबगर नगरपालिकाको आधारभूत शिक्षा परिक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका -२०७८,
२७. साँफेबगर नगरपालिकाको बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन मापदण्ड २०७९,
२८. साँफेबगर नगरपालिकाको नगर शिक्षक छनौट मापदण्ड २०८०,
२९. साँफेबगर नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०८०,
३०. साँफेबगर नगरपालिकाको शैक्षणिक स्रोत व्यक्ति तथा स्रोत विध्यालय छनौट सम्बन्धी निर्देशिका – २०८२,
३१. साँफेबगर नगरपालिकाको शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि -२०८२,
३२. साँफेबगर नगरपालिकाको शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०,
३३. साँफेबगर नगरपालिकाको नगर शिक्षक छनौट सम्बन्धी मापदण्ड,२०८०,
३४. साँफेबगर नगरपालिकाको विपन्न तथा जेहनदार छात्रवृत्ति व्यवस्थापन कार्ययविधि -२०७८,
३५. साँफेबगर नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५।

## ५. शिक्षा योजना निर्माण प्रकृया

नेपालको संविधानले विद्यालय तहसम्मको शिक्षाको सञ्चालन, व्यवस्थापन, नियमन तथा गुणस्तर अभिवृद्धिसम्बन्धी जिम्मेवारी र अधिकार स्थानीय तहलाई प्रदान गरेको संवैधानिक व्यवस्थाअनुसार साँफेबगर नगरपालिकाले नगर शिक्षा योजना २०८२/८३ - २०८७/८८ निर्माण गरेको छ। साँफेबगर नगरपालिकाले निर्माण गरेको शिक्षा योजना २०७८-२०८७ लाइ अध्यावधिक गर्न १८ सदस्यिय कार्यदल निर्माण गरी स्थानीय शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ परिमार्जित संस्करण २०८१ अनुसार अध्यावधिक गरिएको छ। शिक्षा क्षेत्रको दीर्घकालीन विकास, गुणस्तर सुधार तथा स्थानीय आवश्यकतामा आधारित योजना तर्जुमाको आवश्यकता महसुस गर्दै आ. व. २०८२/०८३ मा

पञ्चबर्षिय शिक्षा योजना निर्माणको प्रक्रिया प्रारम्भ गरिएको छ । यो योजना अध्यावधिक कार्य सरोकारवालाहरूको सहभागिता, विगतको योजनाको समिक्षा, तथ्यगत विश्लेषण तथा प्रचलित नीति, कानुन र मापदण्डहरूको आधारमा तपसिल बमोजिमको चरणवद्द प्रक्रिया अवलम्बन गरी अध्यावधिक गरिएको छ।

५.१ शिक्षा योजनाको औचित्य, आवश्यकता तथा योजना निर्माण प्रक्रियाबारे पालिकाका नेतृत्व, जनप्रतिनिधि, प्रधानाध्यापक तथा अन्य सरोकारवालाहरूसँग छलफल गरी साँफेबगरका शिक्षा क्षेत्रमा रहेका समस्या, चुनौती तथा अवसरहरूको पहिचान गरी तिनका सम्भावित समाधानका उपायहरू खोजिएका छन् ।

५.२ शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, वडा तथा सरोकारवालाहरुसँगको समन्वयमा विद्यालयहरूको शैक्षिक, भौतिक, प्रशासनिक तथा आर्थिक अवस्थासम्बन्धी आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ ।

५.३ क्षेत्रगत विश्लेषणका आधारमा पालिकाको शैक्षिक दूरदृष्टि, लक्ष्य तथा प्राथमिकताहरू निर्धारण गरिएको छ ।

५.४ आवश्यक शैक्षिक तथ्याङ्क, सूचना तथा दस्तावेजहरूको अध्ययन, विश्लेषण र नगरपालिकामा उपलब्ध पूर्व अध्ययन, प्रतिवेदन, नीति तथा योजनाहरूको समीक्षा गरिनुका साथै विभिन्न छलफल, गोष्ठी तथा परामर्श कार्यक्रमबाट प्राप्त सुझाव, राय र प्रतिक्रियाहरूको विश्लेषण गरी क्षेत्रगत रणनीति, कार्यनीति, कार्यक्रम तथा नतिजा खाका तयार पारिएको छ ।

५.५ नगर शिक्षा योजना अध्यावधिक कार्यदलद्वारा तयार गरिएको प्रारम्भिक मस्यौदा राय तथा सुझावका लागि नगर शिक्षा समितिका पदाधिकारी, जनप्रतिनिधि तथा अन्य सरोकारवालाहरू समक्ष प्रस्तुत गरी मस्यौदा परिमार्जन गरिएको छ ।

५.६ परिमार्जित मस्यौदामाथि पुनः नगरपालिकास्तरीय छलफलबाट प्राप्त सुझाव तथा निष्कर्षहरूलाई योजनामा समावेश गरी पञ्चबर्षिय शिक्षा योजनाको अन्तिम दस्तावेज तयार गरिएको छ ।

५.७ तयार गरिएको अन्तिम दस्तावेजलाइ पालिकाको प्रमाणिकरण कार्यशालाबाट स्वीकृत गरीएको छ ।

## ६. योजनाको लेखाजोखा

शिक्षा योजनाको प्रभावकारी कार्यन्वयनका लागि तयार गरिएको योजना बस्तुनिष्ठ, दिगो, कार्यान्वयनयोग्य छ कि छैन भनी साँफेबगर नगर शिक्षा समितिको अगुवाइमा समावेसी शिक्षा योजना निर्माण कार्यदल तथा शिक्षा सरोकारवालाहरुद्वारा तपशिलका पक्षहरु समेटेर लेखाजोखा गरिएको छ ।

| क्र.स | लेखाजोखाका पक्षहरु | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता | ● योजना निर्माणमा स्थानीय तहको प्रमुख तथा सक्रिय नेतृत्वको भूमिका रहेको,<br>● जनप्रतिनिधि, विद्यालय, शिक्षक, अभिभावक र सरोकारवालाको सहभागिता रहेको,<br>● निर्णय प्रक्रियामा समावेशी र सहभागी अभ्यास अपनाइएको, |

| | | |
|---|---|---|
| | | ● राय सुझाव तथा अपेक्षा समावेश गरिएको । |
| २ | प्रयाप्तता र सान्दर्भिकता | ● स्थानीय आवश्यकता र सन्दर्भ अनुसार योजना तयार गरिएको,<br>● विद्यालय तथा शिक्षाको वर्तमान अवस्था र समस्या विश्लेषण गरिएको,<br>● राष्ट्रिय तथा स्थानीय नीति, कानुनसँग सान्दर्भिक रहेको,<br>● लक्ष्य, उदेश्य, रणनितहरु र कार्यनीतिहरु यथार्थपरक र आवश्यकतामा आधारित भएको । |
| ३ | समता,सक्षमता तथा गुणस्तर | ● सबै वर्ग, लिङ्ग, अपाङ्गता भएका बालबालिकाको पहुँच सुनिश्चित गरिएको,<br>● समावेशी शिक्षालाई प्राथमिकतामा राखिएको ,<br>● शिक्षाको गुणस्तर सुधारका कार्यक्रम समावेश गरिएको,<br>● शिक्षक क्षमता विकासका कार्यक्रमलाई जोड दिइएको । |
| ४ | अन्तर सम्बन्ध र तादात्म्य | ● संघ, प्रदेश र स्थानीय तहको नीति तथा कार्यक्रमसँग सम्बन्धित गरिएको,<br>● स्वास्थ्य, पोषण, कृषि , पुर्वाधार विकास, विपद् व्यवस्थापन, जलवायु परीवर्तन तथा अनुकुलन, बाल संरक्षण तथा सुरक्षाका दृष्टिकोण सग सम्बन्धित गरेको ,<br>● जलवायुमैत्री हरित विद्यालयको विश्वव्यापी अवधारणसंग तादात्म्य गरिएको,<br>● दिगो विकास लक्ष्य तथा शैक्षिक क्षेत्रका राष्ट्रिय तथा अन्तरास्ट्रिय नीति, कार्यक्रम, तथा योजनाहरुले तय गरेका लक्ष्यहरु संग सम्बन्धित गरिएको,<br>● अन्य विकास योजनासँग तालमेल कायम गरिएको । |
| ५ | सम्भाव्यता र कार्यन्वयन योग्यता तथा सान्दर्भिकता | ● उपलब्ध स्रोत, साधन र आवश्यकताको अधारमा शिक्षा योजना कार्यान्वयनयोग्य रहेको छ ,<br>● मानव संसाधन तथा वित्तीय व्यवस्थापनको वास्तविक मूल्याङ्कन गरिएको छ,<br>● चरणबद्ध रूपमा कार्यान्वयन गर्न सकिने योजना तयार गरिएको,<br>● सान्दर्भिक अनुगमन तथा मूल्याङ्कन प्रणाली तयार गरी मापनयोग्य रहेको छ । |
| ६ | स्रोतको प्रवन्ध | ● नगर शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ,<br>● लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा बजेट विनियोजन भएको छ ,<br>● योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबीच आपसी तालमेल छ,<br>● स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ । |

| | | |
|---|---|---|
| ७ | संस्थागत क्षमता | ● योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक तथा संस्थागत व्यवस्था गरिएको छ<br>● कार्यन्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ, |
| ८ | कार्यन्वयन तत्परता | ●योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ,<br>●वार्षिक रणनीतिक योजना, बजेट तथा कार्यक्रम तयार गरिएको छ,<br>●योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाबारे पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण गरिएको छ। |
| ९ | तथ्यांक विश्लेषण र प्रक्षपण | ●स्थानीय तहभित्रका शैक्षिक सूचक तथा अन्य तथ्याङ्कहरु सङ्कलन गरिएको छ,<br>●तथ्याङ्क तथा सूचनाबीच तादात्म्यता, विश्लेषण तथा प्रक्षेपण गरिएको छ। |
| १० | अनुगमन र प्रतिवेदन | ●अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ,<br>●आवधिक रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिएको छ,<br>●अनुगमनका सूचकहरूको प्रयोग गरिएको छ,<br>●प्रतिवेदन प्रणाली स्थापित गरिएको छ। |

## ७. योजनाको दस्तावेजको स्वरूप

साँफेबगर नगरपालिकाको नगर शिक्षा योजना २०८२/०८३–२०८६/०८७ स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ परिमार्जित संस्करण २०८१ को अनुसूची–१ बमोजिम तयार गरिएको हो। यस योजनाको प्रारम्भमा शुभकामना सन्देश, योजनाको सारांश, विषयसूची तथा तालिकाहरूको सूची समावेश गरिएको छ। योजनामा मुख्यतः आठ परिच्छेदमा व्यवस्थित गरिएको छ। पहिलो परिच्छेदमा योजनाको परिचय, वर्तमान शैक्षिक अवस्था, समस्या तथा चुनौतीहरूको विश्लेषण र उपलब्ध अवसरहरूको चर्चा गरिएको छ। दोस्रो परिच्छेदमा दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण गरिएको छ भने तेस्रो परिच्छेदमा विद्यालय शिक्षाका पाँच उपक्षेत्रगत विस्तृत योजनाहरू प्रस्तुत गरिएको छ।पाँचौँ परिच्छेदमा विद्यालय शिक्षासँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरू समेटिएका छन्।छैटौँ परिच्छेदमा सुशासन तथा व्यवस्थापन, क्षमता विकास र योजना कार्यान्वयनको समग्र व्यवस्था समावेश गरिएको छ। सातौँ परिच्छेदमा योजनाको कार्यान्वयनका लागि आवश्यक लगानीको प्रक्षेपण तथा स्रोत व्यवस्थापनको सिंहावलोकन प्रस्तुत गरिएको छ भने आठौँ परिच्छेदमा अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन प्रणाली र कार्यान्वयनबाट अपेक्षित समग्र नतिजाहरू उल्लेख गरिएको छ। योजनाको अन्त्यमा योजना निर्माण

कार्यदलको नामावली तथा विभिन्न परिच्छेदहरूमा आवश्यक पर्ने तथ्याङ्क, विवरण र सम्बन्धित अनुसूचीहरू समावेश गरिएका छन्।

# परिच्छेद १ परिचय

## १. वर्तमान अवस्था

### १.१.१ भौगोलिक अवस्था

साँफेबगर नगरपालिका समुद्री सतहबाट करिब ५५० मिटरदेखि ३३०० मिटरसम्मको उचाइमा अवस्थित, प्राकृतिक सौन्दर्यले भरिपूर्ण अद्वितीय क्षेत्र हो । साँफेबगर नगरपालिका भौगोलिक रूपमा २९° ५' ४०" उत्तरदेखि २९° १६' ४१" उत्तरी अक्षांश तथा ८१° ५३' ४०" पूर्वदेखि ८२° ३' ५१" पूर्वी देशान्तरसम्म फैलिएको छ । अछाम जिल्लाको सदरमुकाम मङ्गलसेनबाट करिब ३७ किलोमिटर उत्तरपश्चिममा अवस्थित यस नगरपालिकाको सिमाना पूर्वमा बान्नीगढी जयगढ गाउँपालिका तथा मेल्लेख गाउँपालिका, पश्चिममा चौरपाटी गाउँपालिका, दक्षिणमा मङ्गलसेन नगरपालिका, तथा उत्तरमा बाजुरा जिल्लासँग जोडिएको छ।जिल्लाको कुल क्षेत्रफलको ९.१६६ प्रतिशत भूभाग ओगट्ने सा्फेबगर नगरपालिकाको कुल क्षेत्रफल १६६.७३ वर्ग किलोमिटर रहेको छ ।

### १.१.२ ऐतिहासिक अवस्था

साँफेबगर नगरपालिकाको नामकरणको सन्दर्भमा स्थानीय जानकार व्यक्तिहरूका अनुसार धेरै वर्ष पहिले हालको साँफेबगर क्षेत्रमा बाघले आतङ्क मच्चाएको अवस्था थियो। स्थानीय वासीहरूले उक्त बाघलाई मार्न अनेक प्रयास गरे पनि सफल हुन सकेनन्। थापिएको पासोबाट पनि बाघ उम्किन थालेपछि बाघ पक्रनका लागि नयाँ जुक्ति निकालियो। त्यसअनुसार बाघको आकारको अनुमान गरी नापको आधारमा साँफेका विभिन्न ३/४ ठाउँमा पासो थापियो। अन्ततः उक्त पासोमा बाघ पार्न सफलता मिल्यो।अछामी भाषामा नाप्नुलाई 'सानु' र पासोलाई 'बगर' भन्ने गरिन्छ। यसरी नापेर थापिएको बगार (पासो) मा बाघ परेको हुँदा उक्त स्थानलाई "सापे बगर" भन्न थालियो। कालान्तरमा अपभ्रंश भई "साँफे बगर" हुँदै हाल "साँफेबगर" हुन गएको भन्ने बुझाइ रहेको छ। हालसम्म पनि स्थानीयवासीहरू साँफे नभनी "साप्या" भन्ने गर्दछन्।ऐतिहासिक तथ्यहरूलाई नियाल्दा यस क्षेत्रमा हाल बसोबास गर्ने जातजातिका अतिरिक्त दुरा, घटाल तथा राजी जातिको पनि बसोबास रहेको पाइन्छ। त्यतिबेला बुढीगंगा नदी हालको विमानस्थल रहेको स्थानबाट बग्ने गर्दथ्यो र हालको पुलबजार क्षेत्रमा घटाल र दुरा जातिहरूको बसोबास रहेको बताइन्छ। नदीमा डुंगा चलाउने काम राजी जातिले गर्ने गरेको भन्ने कुरा बुढापाकाहरूको भनाइमा पाइन्छ। त्यहाँका फाँटमा रहेका ठूला-ठूला खेतहरू घटालहरूको स्वामित्वमा रहेका थिए। विस्तारै राजी, दुरा र घटालहरू बसाइँ सरेर अन्यत्र गएको उल्लेख पाइन्छ। त्यहाँ रहेका अन्तिम एक जना घटाल निसन्तान भएकाले त्यस क्षेत्रबाट घटालहरूको अस्तित्व समाप्त भएको भन्ने मान्यता रहेको छ।राजी जातिले बसोबास गरेको भनिएको राजीगाउँ र राजीभौरो नामका स्थानहरू यस क्षेत्रमा अहिले पनि रहेका छन्। त्यसैगरी, दुरा जातिहरूले व्यापार गर्ने गरेको सुनिए पनि कस्तो किसिमको व्यापार गर्थे भन्ने स्पष्ट जानकारी उपलब्ध छैन।वि.सं. २०१६ भन्दा पहिले हालको विमानस्थल रहेको स्थान हुँदै बुढीगंगा नदी बग्ने गर्दथ्यो। तर सोही वर्ष बुढीगंगा नदीले धार

परिवर्तन गरी हालको अवस्थामा आएको बताइन्छ। साँफे क्षेत्रमा व्यापारको सुरुवात वि.सं. १९९७ सालतिर स्थानीय बखजन कुँवरले हालको साँफेबगर नगरपालिका ३ स्थित कालभैरव मन्दिर नजिकैको ओडारमा गाउँमा उत्पादन भएका केही वस्तुहरू राखेर गरेको भनाइ पाइन्छ। त्यसपछि विस्तारै त्यहाँ बजारको रूप लिन थालेको देखिन्छ।वि.सं. २०३५ सालतिर साँफेमा विमानस्थल सञ्चालनमा आएपछि विमानस्थल क्षेत्र वरपर बजार विस्तार भएको हो। त्यसैगरी, सिलगढी–साँफे सडक विस्तार भएपछि वि.सं. २०५३ सालबाट साँफेमा हाटबजार सञ्चालनमा आएको हो। हाल साँफेबगर क्षेत्र अछाम जिल्लाको प्रमुख व्यापारिक केन्द्र तथा नगरपालिकाको केन्द्रका रूपमा रहेको छ।

### १.१.३ सांस्कृतिक,धार्मिक तथा भाषिक अवस्था

ऐतिहासिक महत्त्वको डोटेली सांस्कृतिक विशेषता बोकेको यस क्षेत्रमा खस सभ्यता तथा हिन्दु संस्कृतिको अनुपम संगम रहेको छ। क्षेत्री, ब्राह्मण, दलितलगायतका जातजातिको मिश्रित बसोबास रहेको यस नगरपालिकामा मुख्य बोलचालको भाषा अछामी रहेको छ। धार्मिक रूपमा हिन्दु धर्मावलम्बीहरूको उच्च बाहुल्यता रहेको यस क्षेत्रमा मनाइने प्रमुख चाडपर्वहरूमा कृष्णाष्टमी, तीज, जनैपूर्णिमा, दशैँ, तिहार, माघे सङ्क्रान्ति, बिसु पर्व तथा चैते दशैं आदि पर्दछन्। धार्मिक तथा भाषिक रूपमा करिब एकरूपता रहेको यस क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र सांस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन्। भेषभूषाका रूपमा पुरुषहरूले मुख्यतः दौरा, सुरुवाल, टोपी तथा कोट लगाउने गर्दछन् भने महिलाहरूले गुन्यू, चोली र पटुकी प्रयोग गर्ने गर्दछन्। यस नगरपालिकाभित्र रहेका रानीसैन तथा बाहुलढुङ्गा (मालिका मन्दिर) क्षेत्र, हाडासैन माडी (सिद्धधुनी) प्रभा, ओख्रीकोट भगवती मन्दिर, पातालकोट, भृगु गुफा, भृगु झरना, कालिका मन्दिर देविस्थान, धौर छडो, भेरासैन खप्तड, जल्पादेवी मन्दिर श्रीकोट तथा वैद्यनाथ धाम आदि धार्मिक तथा ऐतिहासिक महत्त्वका क्षेत्रहरू हुन्।यस नगरपालिकामा जातिगत विविधतासँगै भाषिक विविधता पनि रहेको छ। जनगणना २०७८ अनुसार यहाँ स्थायी बसोबास गर्ने कुल जनसङ्ख्याले १४ ओटाभन्दा बढी मातृभाषा व्यवहारमा रहेको देखिन्छ। कुल जनसङ्ख्यामध्ये नेपाली मातृभाषा हुने जनसङ्ख्याको हिस्सा ५९.५५ प्रतिशत रहेको छ भने दोस्रो ठुलो मातृभाषा अछामी (३७.३३ प्रतिशत) रहेको छ।त्यसैगरी, जनगणना २०७८ अनुसार यस नगरपालिकामा मुख्यतः ५ ओटा धर्म अवलम्बन गरेको देखिन्छ। कुल जनसङ्ख्यामध्ये ९८.८० प्रतिशतले हिन्दू धर्म अवलम्बन गरेको देखिन्छ। बाँकी ४ धर्म मान्ने जनसङ्ख्याको हिस्सा निकै न्यून रहेको छ, जसअनुसार इस्लाम धर्मावलम्बी ०.८० प्रतिशत, क्रिश्चियन ०.३२ प्रतिशत, बौद्ध ०.०७ प्रतिशत रहेका छन् भने प्रकृति धर्म मान्ने १ जना रहेको उल्लेख छ।

### १.१.४ आर्थिक अवस्था

यस साँफेबगर नगरपालिकामा १० वर्ष वा सोभन्दा माथिको कुल २०,७०९ जनसङ्ख्यामध्ये ५३.९ प्रतिशतले ६ महिना वा सोभन्दा बढी अवधि आर्थिक गतिविधि गरेका छन्। त्यसैगरी, १३.९ प्रतिशतले ३ देखि ६ महिनासम्म काम गरेका छन् भने ११.९ प्रतिशतले ३ महिनाभन्दा कम अवधि काम गरेका छन्। कुनै पनि आर्थिक काम नगरेको जनसङ्ख्या २०.३ प्रतिशत रहेको छ । महिला र पुरुषले आर्थिक काम गरेको अवधिमा स्पष्ट भिन्नता रहेको देखिन्छ। उदाहरणका लागि, ५६.१ प्रतिशत पुरुषले ६ महिनाभन्दा बढी अवधि आर्थिक काम गरेको देखिन्छ भने महिलाका हकमा यो अनुपात

५२.२ प्रतिशत मात्र रहेको छ। त्यसैगरी, कुनै पनि आर्थिक काम नगरेका पुरुष १९.२ प्रतिशत छन् भने महिला २१.१ प्रतिशत रहेका छन्। आर्थिक काम गरेको अवधि र आर्थिक काम खोजेको अवधिको जोड ६ महिनाभन्दा कम भएमा त्यस्तो व्यक्तिलाई सामान्यतया आर्थिक रूपमा निष्क्रिय जनसङ्ख्यामा समावेश गरिन्छ। यस साँफेबगर नगरपालिकामा १० वर्ष वा सोभन्दा माथिको कुल २०,७०९ जनसङ्ख्यामध्ये १२,१८५ जना आर्थिक रूपमा सक्रिय र ४,५०९ जना आर्थिक रूपमा निष्क्रिय रहेको देखिन्छ। आर्थिक रूपमा सक्रिय १२,१८५ जनसङ्ख्यामध्ये ९६.८८ प्रतिशत रोजगार र ३.१२ प्रतिशत बेरोजगार रहेका छन्। आर्थिक रूपमा सक्रिय तर आंशिक निष्क्रिय (६ महिनाभन्दा कम समय काम गर्ने) जनसङ्ख्या ४,५०९ (२७.०१ प्रतिशत) रहेको छ। सन्दर्भ अवधिभित्र कुनै पनि आर्थिक काम नगरेको जनसङ्ख्या ३,९९७ रहेको छ, जुन १० वर्ष वा सोभन्दा माथिको कुल जनसङ्ख्याको करिब १९.३० प्रतिशत हो।

### १.१.५ जनसङ्ख्या तथा लैङ्गिक अनुपात

वि.सं. २०७८ को राष्ट्रिय जनगणनाअनुसार साँफेबगर नगरपालिकामा ६,३११ परिवार र कुल जनसङ्ख्या २५,८९१ रहेको छ। कुल जनसङ्ख्यामध्ये पुरुष ११,७८९ (४५.५३ प्रतिशत) र महिला १४,१०२ (५४.४७ प्रतिशत) रहेका छन्। यहाँको औसत परिवार सङ्ख्या ४.१ जना रहेको छ, अर्थात् १० परिवारमा औसत ४१ जना स्थायी बसोबास गर्ने सदस्य रहेका छन्। यस नगरपालिकाको लैङ्गिक अनुपात ८३.६ रहेको छ। यस अनुपातले प्रति १,००० महिला बराबर करिब ८३६ पुरुष रहेको देखाउँछ। यसबाट नगरपालिकामा पुरुषको सङ्ख्या महिलाको तुलनामा कम रहेको स्पष्ट हुन्छ। वि.सं. २०६८ मा साँफेबगर नगरपालिकामा ६,६९३ परिवार र कुल जनसङ्ख्या ३३,७८८ रहेको थियो। जनघनत्वका दृष्टिले यस नगरपालिकामा प्रति वर्ग किलोमिटर १५५ जना मानिस बसोबास गर्ने गर्दछन्। पछिल्लो जनगणना २०७८ अनुसार यस नगरपालिकाको वार्षिक जनसङ्ख्या वृद्धिदर -२.५५ प्रतिशत रहेको छ। जनसङ्ख्याको विश्लेषणमा लैङ्गिक अनुपात अत्यन्त महत्त्वपूर्ण आयाम हो। यस नगरपालिकामा सबैभन्दा उच्च (९८.८) लैङ्गिक अनुपात वडा नं. ४ मा रहेको छ भने सबैभन्दा न्यून (७२.७) लैङ्गिक अनुपात वडा नं. ६ मा रहेको छ। नगरपालिकाको समग्र लैङ्गिक अनुपात (८३.६) भन्दा कम लैङ्गिक अनुपात भएका ९ वटा वडा र बढी लैङ्गिक अनुपात भएका ५ वटा वडा रहेका छन्। वि.सं. २०६८ र २०७८ को तुलना गर्दा यस नगरपालिकाका वडा नं. ४ बाहेक सबै वडाहरूमा जनसङ्ख्या घटेको देखिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार वडा तहमा सबैभन्दा बढी (१३.७२ प्रतिशत) जनसङ्ख्या वडा नं. ४ मा रहेको छ भने सबैभन्दा कम (२.९१ प्रतिशत) जनसङ्ख्या वडा नं. ६ मा रहेको देखिन्छ। वडा विशेषमा जनसङ्ख्या घटबढ हुनुमा विविध कारण अन्तर्निहित हुन सक्छन्। त्यसैगरी, राष्ट्रिय जनगणना २०६८ अनुसार वडा तहमा सबैभन्दा बढी (१२.३४ प्रतिशत) जनसङ्ख्या वडा नं. ३ मा रहेको थियो।

### १.१.६ शैक्षिक अवस्था

यस नगरपालिकामा वि.सं. २०६८ मा साक्षरता दर ६५.३ प्रतिशत रहेको थियो, जसमा पुरुष साक्षरता दर ८१.५ प्रतिशत रहेको थियो भने महिला साक्षरता दर ५१.६ प्रतिशत मात्र रहेको थियो। एक दशकपछि, अर्थात् वि.सं. २०७८ मा, यस नगरपालिकाको समग्र (पुरुष र महिला) साक्षरता दर ७४.४ प्रतिशत पुगेको छ, जुन अघिल्लो अवस्थाको तुलनामा ९.१ प्रतिशत बिन्दुले बढी हो। यस अवधिमा पुरुष साक्षरता दरमा ५.८ प्रतिशत बिन्दुले वृद्धि भई ८७.३ प्रतिशत पुगेको छ भने महिला साक्षरता दरमा पुरुषको तुलनामा उल्लेखनीय वृद्धि भई एक दशकको अवधिमा १२.४ प्रतिशत बिन्दुले बढेर ६४.० प्रतिशत पुगेको छ। यस नगरपालिकाका १४ वटा वडामध्ये सबैभन्दा उच्च साक्षरता दर भएका पाँच वटा वडाहरू

क्रमशः वडा नं. ४ (९३.९२%), वडा नं. ६ (८२.४५%), वडा नं. ८ (७९.०१%), वडा नं. ५ (७७.९४%) र वडा नं. १ (७७.०६%) रहेका छन्। त्यसैगरी, साक्षरता दर न्यून रहेका दुई वटा वडाहरू क्रमशः वडा नं. १४ (६७.०६%) र वडा नं. १२ (६७.९९%) रहेका छन्।नगरपालिकाको समग्र औसत साक्षरता दर (७४.४३ प्रतिशत) भन्दा कम साक्षरता दर भएका ८ वटा वडाहरू १४, १२, ९, १३, २, ११, ७ र ३ रहेका छन्। बाँकी ६ वटा वडाहरूको साक्षरता दर नगरपालिकाको औसतभन्दा उच्च रहेको देखिन्छ। जनगणनामा साक्षर जनसङ्ख्याले उत्तीर्ण गरेको तहलाई पूर्वप्राथमिकदेखि स्नातकोत्तर वा सोसरहसम्म समूहिकृत गरिएको छ। कुल साक्षर जनसङ्ख्या १७,६७१ मध्ये सबैभन्दा बढी ३०.०३प्रतिशतले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) पूरा गरेको देखिन्छ भने १९.९१ प्रतिशत जनसङ्ख्याले निम्न माध्यमिक तह (कक्षा ६ देखि ८ सम्म) उत्तीर्ण गरेको देखिन्छ। त्यसैगरी, तेस्रो ठूलो समूह (१६.६० प्रतिशत) ले माध्यमिक तह पूरा गरेको देखिन्छ।एस.एल.सी. (हाल एस.ई.ई.) तथा कक्षा १२ उत्तीर्ण हुनुलाई अझै पनि महत्त्वपूर्ण शैक्षिक उपलब्धिका रूपमा हेरिने गरेको पाइन्छ। कुल ७.२७ प्रतिशतले एस.एल.सी. वा सोसरह उत्तीर्ण गरेका छन् भने १२.७८ प्रतिशत जनसङ्ख्याले प्रमाणपत्र तह उत्तीर्ण गरेका छन्। यस नगरपालिकाको ५ वर्ष वा सोभन्दा माथिको कुल ९,६६१ (१०० प्रतिशत) जनसङ्ख्यामध्ये ८१.२३ प्रतिशत हाल (गणनाको समयमा) विद्यालय गइरहेको देखिन्छ भने १६.३ प्रतिशत विगतमा विद्यालय जाने गरेको तर गणनाको समयमा विद्यालय नजाने गरेको देखिन्छ। त्यसैगरी, कहिल्यै पनि विद्यालय वा कलेज नगएको जनसङ्ख्याको अनुपात २.५४ प्रतिशत रहेको छ ।

नगरपालिका भित्र सञ्चालित शैक्षिक संस्था तथा विद्यार्थी विवरण

| **शैक्षिक सस्था** | **शैक्षिक सस्था सङ्ख्या** | **छात्रा** | **छात्र** | **जम्मा** |
|---|---|---|---|---|
| बालविकास केन्द्र सामुदायिक र संस्थागत | ६० | ३७१ | ५०२ | ८७३ |
| आधारभूत तह १ – ८ | ३९ | २०२० | २३०३ | ४३२३ |
| माध्यमिक तह ९-१२ | १७ | ८९५ | ७६० | १६५५ |
| सामुदायिक सिकाइ केन्द्र | ६ | | | |
| जम्मा | १२२ | ३२८६ | ३५६५ | ६८५१ |

स्रोतः IEMIS-२०८२

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

नगरपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण गर्दा निम्न प्रमुख समस्या पहिचान भएका छन् :

१. विद्यालयप्रति अभिभावकको चासो ,सहभागिता ,उत्तरदायित्व , स्वामित्व र जिम्मेवारीमा कमी हुनु,
२. विषयगत तथा नवीनतम शैक्षिक प्रविधिसम्बन्धी शिक्षक तालिमको अभाव हुनु,
३. आधुनिक प्रविधियुक्त शिक्षण सिकाइ हुन नसक्नु तथा अन्य आवश्यक शैक्षिक सामग्रीहरूको कमी हुनु,
४. अनौपचारिक तथा आजीवन सिकाइलाई प्रभावकारी बनाउन सामुदायिक सिकाइ केन्द्र, सार्वजनिक पुस्तकालय तथा वाचनालयहरूको स्थापना तथा सञ्चालनमा पर्याप्त ध्यान दिन नसक्नु,
५. शिक्षा क्षेत्रमा पर्याप्त बजेटको अभाव रहनु ,

६. विद्यालयमा विपन्न ,अपाङ्गता भएका बालबालिकाको शिक्षामा समान पहुँच  नहुनु ,
७. प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारका लागि आवश्यक संरचना, स्रोत तथा कार्यक्रमहरूको विकास हुन नसकी शिक्षामा विद्यार्थीको पहुँच न्यून रहनु,
८. वि.व्य .स. गठन , शिक्षक नियुक्तिमा राजनैतिक हस्तक्षेप तथा प्र.अ. मा नेतृत्व क्षमताको कमीका कारणले विद्यालयमा सुशासन नहुनु ,
९. शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रणालीमा अपेक्षित सुधार ल्याउन नसक्नु,
१०.सामुदायिक सिकाइ केन्द्रहरूको प्रभावकारी परिचालन, अनुगमन तथा व्यवस्थापनमा कमजोरी रहनु,
११.सामुदायिक विद्यालयहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणाली प्रभावकारी नहुनु,
१२.शिक्षकलाई आवश्यक पेशागत सहयोग तथा क्षमता विकास प्रणालीको पर्याप्त विकास हुन नसक्नु,
१३.नक्शांङ्कनका आधारमा विद्यालय समायोजन गर्न नसक्नु ,
१४.विद्यार्थीको नियमित उपस्थिति दर कम हुनु ,
१५.नगरपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण गर्दा निम्न प्रमुख चुनौतीहरू  पहिचान भएका छन्,
१६.तहगत, कक्षागत तथा विषयगत आधारमा आवश्यक शिक्षक व्यवस्थापन गर्न कठिनाइ हुनु,
१७.विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार तथा शैक्षिक वातावरणको अभाव हुनु,
१८.विज्ञान प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधि (ICT) प्रयोगशाला, पुस्तकालय तथा खेलमैदानजस्ता आधारभूत सुविधाहरू पर्याप्त नहुनु,
१९.विद्यालय शिक्षाको सर्वसुलभता, गुणस्तर र पूर्वाधार विकासमा अपेक्षित लगानी हुन नसक्नु,
२०.अनिवार्य, निःशुल्क तथा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न चुनौती रहनु,
२१.आर्थिक कारणले विद्यालयमा भर्ना भएका बालबालिकालाई नियमित रूपमा टिकाइ राख्न कठिनाइ हुनु,
२२.प्रत्येक माध्यमिक विद्यालयलाई आवासीय विद्यालयका  रूपमा सञ्चालन गर्न नसक्नु ,
२३.आन्तरिक तथा बाह्य बसाइसराइका कारणले शिक्षण सिकाइ क्रियाकलापमा कमी ल्याउनु ,
२४.स्थानीय तह , सुरक्षा निकाय र समुदायबीच प्रभावकारी समन्वय हुन नसक्दा विपत् पूर्व तयारी , राहत , उद्धारसम्बन्धी काम हुन नसक्नु ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

अछामको प्रमुख व्यापारिक तथा शैक्षिक केन्द्रको रूपमा विकास भइरहेको साँफेबगर नगरपालिका ले स्थानीय सरकार गठन भएदेखि शिक्षा क्षेत्रमा विभिन्न नीतिगत र व्यावहारिक प्रयासहरू गर्दै आएको छ। नगरपालिकाले तयार पारेको 'साँफेबगर शिक्षा योजना' र हालैका वस्तुगत विवरण (इ-प्रोफाइल) अनुसार साँफेबगरको शिक्षा क्षेत्रका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरूलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ:

### शिक्षा क्षेत्रका सबल पक्षहरू (सफलता तथा राम्रा प्रयासहरू)

१. रणनीतिक योजना निर्माण: नगरपालिकाले दीर्घकालीन रूपमा शिक्षा क्षेत्र सुधार्न "साँफेबगर शिक्षा योजना" स्वीकृत गरी नीतिगत रूपमै काम अघि बढाएको छ।

२. साक्षरता दरमा वृद्धि: पछिल्लो तथ्याङ्क अनुसार ५ वर्षभन्दा माथिको साक्षरता दर ७४.४० प्रतिशत पुगेको छ, जुन यस क्षेत्रको भौगोलिक जटिलताका आधारमा सकारात्मक सूचक हो।
३. प्रविधि र प्रणालीगत सुधार: विद्यालयहरूमा प्रविधिको प्रयोग बढाउने प्रयास भएको छ। शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) लाई व्यवस्थित बनाउन सुरु गरिएको छ।
४. प्राविधिक धार र उच्च शिक्षामा जोड: यस नगरपालिकाभित्र प्राविधिक धारका विद्यालयहरू, बहुमुखी क्याम्पस तथा प्राविधिक शिक्षालयहरूको उपस्थिति हुनुले स्थानीय स्तरमै प्राविधिक र उच्च शिक्षाको पहुँच बढाएको छ।
५. नियमित अनुगमन रव्यवस्थापन: शिक्षा युवा तथा खेलकुद शाखा सक्रिय रूपमा परिचालन भएको देखिन्छ। शिक्षक सरुवा, मिलान र दरखास्त प्रक्रियालाई पारदर्शी बनाउन नियमित रूपमा सूचना तथा कार्यविधि जारी गर्ने गरिएको छ।

### सुधार गर्नु पर्ने पक्षहरू

१. शिक्षक दरबन्दी मिलान र व्यवस्थापन: कतिपय सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी पुगेको छैन भने कतै बढी छ। आधारभूत तह र मावि तहबिचको विषयगत शिक्षक दरबन्दी (विशेष गरी गणित, विज्ञान र अंग्रेजी) को असन्तुलनलाई पूर्ण रूपमा हल गर्न सकिएको छैन।
२. गुणस्तर र सिकाइ उपलब्धि (Learning Outcomes): कक्षा ८ को नगर स्तरीय परीक्षा र एसईई (SEE) को नतिजा हेर्दा अझै पनि सामुदायिक विद्यालयहरूको सिकाइ उपलब्धि औसतभन्दा माथि उठ्न सकेको छैन। सैद्धान्तिक ज्ञान भन्दा व्यावहारिक र नतिजामुखी सिकाइमा जोडदिनुपर्ने देखिन्छ।
३. भौगोलिक विकटता र पूर्वाधारमा असमानता: सुगम (बजार क्षेत्र) का विद्यालय र ग्रामीण/पहाडी वडाका विद्यालयहरूबिच भौतिक पूर्वाधार, सूचना प्रविधि र प्रयोगशाला (Lab) को उपलब्धतामा ठुलो खाडल छ, जसलाई कम गर्न आवश्यक छ।
४. बसाइँसराइ र ड्रपआउट (Drop-out) रोक्ने चुनौती: उच्च शिक्षा र रोजगारीका लागि युवा र परिवारहरू अन्यत्र बसाइँ सर्ने क्रम बढेकाले केही विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दो क्रममा छ। विद्यालय छाड्ने (Drop-out) दर कम गर्न र विद्यार्थी टिकाउन ठोस कार्यक्रम आवश्यक छ।
५. निजी र सामुदायिक विद्यालय बीचको समन्वय: नगरपालिकाभित्र रहेका संस्थागत (निजी) विद्यालय र सामुदायिक विद्यालयबिचको शैक्षिक गुणस्तरको दुरी कम गर्दै सरकारी विद्यालयप्रति जनविश्वास बढाउने रणनीति अझै बलियो बनाउनुपर्ने देखिन्छ।
६. मुख्य निचोड: साँफेबगर नगरपालिकाले नीति, ऐन र प्रविधिको जग बसाल्ने काममा राम्रो सुरुवात गरेको छ। अबको ध्यान पूर्वाधार थप्नेभन्दा पनि विद्यालयभित्रको सिकाइको गुणस्तर सुधार्ने र अनुगमनलाई परिणाममुखी बनाउनेतर्फ केन्द्रित हुनुपर्ने देखिन्छ।

### १.४ अवसरहरू

नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकताका साथ अघि बढाउँदै विभिन्न सुधारात्मक तथा विकासमुखी कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। शिक्षा सङ्घ, प्रदेश तथा स्थानीय सरकारको साझा अधिकार क्षेत्रभित्र पर्ने भएकाले विभिन्न

तहका सरकारबीचको सहकार्य तथा लगानी अभिवृद्धिमार्फत शिक्षा क्षेत्रको थप विकास गर्ने पर्याप्त अवसर रहेको छ। नगरपालिकाको शिक्षा क्षेत्रका प्रमुख अवसरहरू निम्नानुसार रहेका छन् ।

१. अधिकांश विद्यालयहरूमा शिक्षण–सिकाइका लागि आवश्यक कक्षाकोठा तथा आधारभूत भौतिक पूर्वाधार उपलब्ध हुनु।
२. प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षालाई प्रभावकारी बनाउन आन्तरिक स्रोतबाट स्वयंसेवक शिक्षक व्यवस्थापन गरी शैक्षिक सुधारका प्रयासहरू सञ्चालन भइरहनु।
३. गरिब, असहाय तथा विपन्न वर्गका विद्यार्थीहरूलाई आर्थिक सहायता तथा शैक्षिक सामग्री उपलब्ध गराई विद्यालयमा टिकाइ राख्ने प्रयासहरू भइरहनु।
४. पर्यटन क्षेत्रको प्रचुर सम्भावना भएकाले शिक्षित युवाहरूलाई पर्यटन, सेवा तथा उद्यमशीलतामार्फत रोजगारीका अवसर सिर्जना गर्न सकिने अवस्था हुनु।
५. आधारभूत तहलाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहलाई निःशुल्क बनाउन विद्यालयहरूलाई शिक्षण–सिकाइ अनुदान उपलब्ध गराइनु।
६. सूचना तथा सञ्चार प्रविधिको तीव्र विकाससँगै यस क्षेत्रसँग सम्बन्धित जनशक्तिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवसरहरूसँग जोडिएर आर्थिक गतिविधि विस्तार गर्न सक्ने सम्भावना हुनु।
७. सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार, प्रविधिमैत्री शिक्षण तथा व्यावसायिक शिक्षाको विस्तारमार्फत शिक्षालाई रोजगारी र उत्पादनसँग जोड्न सकिने पर्याप्त सम्भावना हुनु।
८. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापित गर्न साझेदार संस्थाहरुको सम्भावना रहेको ।

# परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

कुनै योजना निर्माण गर्दा विभिन्न आधारहरु चाहिन्छन । यस साँफेबगर नगरपालिकाको नगर शिक्षा योजना निर्माण गर्ने क्रममा नेपालको संविधान (२०७२), स्रोहौ योजना (२०८१/०८२-२०८५/०८६), स्थानीय सरकार सञ्चालन ऐन(२०७४), सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७, साथै विद्यालय शिक्षासम्बन्धी प्रचलित ऐन, नियमावली तथा निर्देशिकाहरू, विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan), सिकाइ अपूरण तथा द्रुत सिकाइसम्बन्धी कार्यक्रम तथा कार्ययोजनाहरू, राष्ट्रिय शिक्षा नीति, २०७६ तथा शिक्षाको सोचपत्र, २०७९, विद्यालय शिक्षामा समता तथा समावेशीकरण रणनीति, दिगो विकास लक्ष्य (SDGs) सम्बन्धी राष्ट्रिय कार्यढाँचा, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा स्थानीय विकास योजनासम्बन्धी मार्गदर्शनहरू, स्थानीय तहको मध्यमकालीन खर्च संरचना (MTEF), राष्ट्रिय जनगणना, २०७८ का तथ्याङ्क तथा प्रतिवेदनहरू, बालमैत्री स्थानीय शासन कार्यान्वयन ढाँचा, हरित विद्यालय निर्माण तथा सञ्चालनसम्बन्धी कार्यविधि, पालिकाको आवधिक विकास योजना (२०८१/०८२–२०८६/०८७), विद्यालय सुधार योजना (SIP) तथा सरकारी, गैरसरकारी एवं विकास साझेदार संस्थाहरूबाट सञ्चालित शिक्षासम्बन्धी कार्यक्रम, अध्ययन तथा प्रतिवेदनहरू, शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS/IEMIS) का तथ्याङ्क तथा विद्यालयस्तरीय अभिलेखहरू, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षा (ICT in Education) सम्बन्धी नीति तथा कार्ययोजनाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, विशेषगरी 'सबैका लागि शिक्षा' र बालअधिकार सम्बन्धी महासन्धि आदि लाई आधार लिइएको छ।

## २.२ दूरदृष्टि

"समाबेशी, जीवनोपयोगी, प्रबिधि मैत्री, शिक्षको माध्यम वाट सबै वालवालीकाको वालमैत्री शिक्षामा पहुँच सुनिश्चित गरी, सुरक्षित तथा गुणास्तरीय शिक्षा प्रदान गर्ने"

## २.३ लक्ष्य

समाबेशी, जीवनोपयोगी, प्रबिधि मैत्री, शिक्षको माध्यम वाट सबै वलवालीकाको वालमैत्री शिक्षामा पहुच सुनिश्चित गरी, सुरक्षित तथा गुणास्तरीय शिक्षा प्रदान गर्ने।

## २.४ उद्देश्य

यस साँफेवगर नगरपालिकाले ५ वर्षे शिक्षा योजनाको  समग्र उद्देश्य विद्यालय शिक्षालाई अधिकारका रुपमा स्थापित गरी सबैका लागि सरल, सुलभ समतामूलक तथा उत्पादनशील शिक्षामा जोड दिने रहेको छ । समग्र शिक्षा क्षेत्रको विश्लेषण गरी यस योजनाका निम्न लिखित उद्देश्यहरु निर्धारण गरिएको छ। साँफेबगर नगरपालिकाको शिक्षा योजनाका उद्देश्यहरू तपसिल बमोजिम रहेका छन् ।

१. सबै बालबालिकाको विद्यालय शिक्षामा समतामूलक पहुँच र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु
२. आधारभूत तथा माध्यमिक तहको शिक्षाको समग्र गुणस्तर सुनिश्चित गर्नु
३. पाठ्यक्रमले तोके बमोजिमको कक्षागत सिकाइ उपलब्धि हासिल गराउनु
४. बालमैत्री तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा गुणात्मक सुधार ल्याउनु तथा विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधता अनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने शैक्षिक वातावरण निर्माण गर्नु
५. साँफेवगर नगरपालिकाको आवश्यकता र मौलिकता झल्कने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
६. विषयगत र कक्षागत रूपमा आवश्यकता अनुसार शिक्षक दरबन्दीको न्यायोचित व्यवस्थापन गर्नु
७. शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्रभावकारी रूपमा विस्तार र कार्यान्वयन गर्नु
८. विद्यालय बाहिर रहेका नागरिकका लागि अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसरहरू सुनिश्चित गर्नु
९. आपत्कालीन अवस्था (विपद् वा महामारी) मा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितताका लागि वैकल्पिक सिकाइ प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
१०. विद्यालयहरूको प्रशासनिक तथा आर्थिक सुशासन सुदृढ गर्दै नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु

## २. ५ रणनीति

१. नगरभित्र ४ वर्ष उमेर पुगेका बालबालिकालाई संघीय सरकारले तोकेको मापदण्ड र निश्चित अनुदान तथा प्रदेश सरकारले गर्ने क्षमता विकास तथा सहजीकरण अनुसार प्रारम्भिक बालविकास शिक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने
२. राष्ट्रिय न्युनतम मापदण्ड अनुसार विद्यार्थी संख्याका आधारमा आवश्यता प्रारम्भिक बालविकास केन्द्रहरुलाई पुनः वितरण गर्ने
३. आधारभुत तथा माध्यमिक तहका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न छात्रवृत्ति प्रदान गर्ने
४. दलित, अल्पसंख्यक, न्यून आय भएका, जेहेन्दार र सुविधा विहिन वर्गका बालबालिकालाई उचित छात्रवृत्ति सहित शिक्षामा समान अवसर प्रदान गर्ने

५. विभिन्न संक्रामक रोग तथा प्राकृतिक प्रकोपका कारण विद्यार्थीहरुले औपचारिक  शिक्षा आर्जन गर्न पाउने अधिकारबाट बञ्चित नगरी विभिन्न वैकल्पिक माध्यमबाट पठन पाठन गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने

६. विद्यालयमा अपाङगतामैत्री, बालमैत्री, छात्रामैत्री तथा सबै मौसममा उपयुक्त हुने खालका भौतिक संरचना निर्माण गर्ने

७. शिक्षकहरुलाई समय सुहाउदो नयाँ  ज्ञान, सीप, कौशलता तथा प्रविधि युक्त तालिम प्रदान गर्ने

८. प्रत्येक विद्यालयलाई प्राथमिकताको आधारमा पुस्तकालय,विज्ञान प्रयोगशाला र सूचना तथा सञ्चार प्रविधिका लागि प्रबन्ध मिलाउने

९. विद्यालयलाई भय, विभेद र दुर्व्यवहार मुक्त, समय र विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री सहित सिकाइ क्रियाकलापमा सहभागिताको लागि सरोकारवाला सबैलाई उचित परामर्श तथा सहजिकरण गर्ने ।

१०. किशोरावस्थामा पुगेका बालबालिकाहरुलाई उनीहरुको शारीरिक र मानसिक समस्या प्रति सजग रही विभिन्न किसिमका अभिमुखीकरण तथा सहजीकरण गरि मनोसामाजिक परामर्श गर्ने

११. विद्यालयमा सुशासन, पारदर्शिता र जवाफदेहिताको संयन्त्रको विकास गर्ने

१२. विद्यालयलाई हरित विद्यालय सम्बन्धि कार्यक्रम प्रबन्ध गर्ने

१३. शिक्षकको कार्यसम्पादनमा अनुसन्धानलाई अभिन्न अंगका रुपमा जोडी त्रैमासिक रुपमा नगरपालिकामा पठाउने व्यवस्था गर्ने

१४. मूल्यांङ्कनलाई सिकाईको अभिन्न अंगका रुपमा लिई आधारभूत तह कक्षा ३, ५, ८ र माध्यमिक तह कक्षा १० र १२ मा विद्यालय स्तरको उपलब्धी परीक्षामा एकरुपता कायम गर्ने

१५. परीक्षालाई मर्यादित र व्यवस्थित बनाउँन आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने

१६. वालवालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको व्यवस्था गर्ने ।

१७. विद्यालय शिक्षामा सुशासन कायम गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना र प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालिको विकास र अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गर्ने

## २.६ कार्यनीति

१. प्रारम्भिक बालविकास केन्द्र तथा कक्षाहरूलाई राष्ट्रिय मापदण्डअनुसार बालमैत्री, सुरक्षित, आकर्षक र सिकाइमैत्री वातावरणयुक्त बनाइनेछ तथा आवश्यक खेल, सिकाइ र अडियो-भिडियो सामग्रीको व्यवस्था गरिनेछ

२. “एक विद्यालय-एक बालविकास केन्द्र” अवधारणालाई कार्यान्वयन गर्न ECD Mapping गरी बालविकास केन्द्रहरूको पुनर्संरचना, सुदृढीकरण तथा गुणस्तर अभिवृद्धि गरिनेछ

३. विद्यालय बाहिर रहेका तथा बिचमै अध्ययन छाडेका सबै बालबालिकालाई विद्यालय शिक्षासँग पुनः जोड्न विशेष अभियान सञ्चालन गरिनेछ

४. मातृभाषामा आधारित बहुभाषिक शिक्षण नीतिलाई अवलम्बन गर्दै प्रारम्भिक तथा आधारभूत तहमा सिकाइ उपलब्धि सुधार गरिनेछ

५. ‘एक सिकाइ सामग्री- अनेक विधि’ अवधारणा अनुसार बालकेन्द्रित, सहभागितामूलक तथा प्रयोगात्मक शिक्षण सिकाइ प्रणाली लागु गरिनेछ

६. कठिन अवस्था, जोखिम तथा वञ्चितीकरणमा रहेका बालबालिकाका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको पहुँच सुनिश्चित गरिनेछ

७. दलित, जनजाति, छात्रा, अपाङ्ग, जेहेन्दार, विपन्न तथा सीमान्तकृत समुदायका विद्यार्थीका लागि आवश्यकतामा आधारित छात्रवृत्ति तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ

८. विद्यार्थी टिकाइदर वृद्धि, पोषण सुधार तथा सिकाइ उपलब्धि अभिवृद्धिका लागि दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार र सुदृढ गरिनेछ

९. प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारका लागि एकीकृत योजना तर्जुमा गरी रोजगारमुखी तथा सिपमूलक शिक्षामा लगानी बढाइनेछ

१०. सामुदायिक सिकाइ केन्द्र, सार्वजनिक पुस्तकालय तथा डिजिटल साक्षरता कार्यक्रममार्फत जीवनपर्यन्त सिकाइको अवसर विस्तार गरिनेछ

११.स्थानीय आवश्यकता, जीवनोपयोगी सीप, मानव मूल्य, उद्यमशीलता तथा स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेट्दै स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ

१२.बालमैत्री, समावेशी तथा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रक्रियालाई प्रवर्धन गर्दै कक्षा १–३ मा आधारभूत पढाइ तथा गणितीय सिप विकासमा विशेष जोड दिइनेछ

१३.निर्णयात्मक, निरन्तर तथा प्रयोगात्मक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउँदै आधारभूत शिक्षा परीक्षालगायतका परीक्षा प्रणालीलाई व्यवस्थित गरिनेछ

१४.विद्यार्थीहरूको प्रतिभा, सिर्जनशीलता र नेतृत्व क्षमताको विकासका लागि खेलकुद, विज्ञान, साहित्य, कला तथा अन्य अतिरिक्त क्रियाकलापहरू नियमित सञ्चालन गरिनेछ

१५.सिकाइ क्षति भएका, फरक सिकाइ आवश्यकता भएका तथा जोखिममा परेका विद्यार्थीहरूका लागि पूर्ण सिकाइ , द्रुत सिकाइ तथा विशेष शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१६.विद्यालयहरूमा अपाङ्गतामैत्री, प्रविधिमैत्री तथा सुरक्षित भौतिक पूर्वाधार विकास गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ

१७.प्रत्येक विद्यालयमा विद्यालय वेबसाइट, डिजिटल अभिलेख तथा सूचना व्यवस्थापन प्रणाली विकास गरी विद्यालयको पहिचान र पारदर्शिता अभिवृद्धि गरिनेछ

१८.सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ विस्तार गर्न प्रत्येक वडामा नमुना ICT विद्यालय विकास गरी प्राविधिक सहयोग उपलब्ध गराइनेछ

१९.विद्यालय परिसरलाई स्वच्छ, हरित, सुरक्षित तथा आकर्षक बनाउन वृक्षारोपण, सरसफाइ र "एक कक्षा–एक हरियाली कुना" अभियान सञ्चालन गरिनेछ

२०.विद्यालयहरूको कार्यसम्पादन मूल्याङ्कन, कार्यसम्पादन करार तथा नतिजामा आधारित अनुदान प्रणाली लागु गरी शैक्षिक गुणस्तर र जवाफदेहिता अभिवृद्धि गरिनेछ

२१.शिक्षक दरबन्दी पुनरावलोकन, पुनर्वितरण तथा 'जहाँ विद्यार्थी, त्यहाँ शिक्षक' सिद्धान्तअनुसार शिक्षक व्यवस्थापन गरिनेछ तथा शिक्षक बैङ्कको  स्थापना गरिनेछ

२२.शिक्षक तथा कर्मचारीहरूको पेसागत विकास, अनुशासन, उत्प्रेरणा र उच्च शैक्षिक योग्यता अभिवृद्धिका लागि प्रोत्साहन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ

२३.विद्यालय अनुगमन, सुपरिवेक्षण, कक्षा अवलोकन, पृष्ठपोषण तथा अनुसन्धानमूलक अभ्यासलाई संस्थागत गरी गुणस्तर सुधारमा जोड दिइनेछ

२४.विद्यालय सुधार योजना (SIP), वडा शिक्षा योजना तथा नगर शिक्षा योजनाको नियमित निर्माण, अद्यावधिक, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गरिनेछ

२५.शैक्षिक सुशासन, पारदर्शिता, सामाजिक परीक्षण, अभिभावक सहभागिता, अन्तरनिकाय समन्वय तथा स्रोतसाधनको न्यायोचित वितरण सुनिश्चित गर्दै 'हाम्रो विद्यालय, राम्रो विद्यालय' अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ

२६.साँफेवगर नगरपालिकामा प्रश्न बैंक प्रश्नपत्र निर्माण कार्यशाला सञ्चालन गरी परिक्षा तथा मापनमा गुणस्तर तथा वैद्यता कायम गर्ने

२७.विद्यालयको सामाजिक  लेखा परिक्षणलाई अभिभावक भेला बोलाइ सार्वजनिक गरि अनुमोदन गर्ने

२८.विद्यालयको आर्थिक तथा प्रशासनिक क्रियाकलापलाई विद्यालय व्यवस्थापन तथा नगर मार्फत निरन्तर नियमन गर्ने

## २.७ अपेक्षित उपलब्धि

साँफेवगर नगरपालिकाको पञ्चवर्षीय नगर शिक्षा  योजनाको कार्यान्वयन पश्चात् निम्न प्रमुख उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छः

१. नगरपालिकाभित्रका सबै बालबालिकाले गुणस्तरीय, समावेशी तथा बालमैत्री प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच प्राप्त गरेका हुनेछन्

२. आधारभूत तहसम्मको शिक्षा पूर्ण रूपमा अनिवार्य, निःशुल्क तथा समतामूलक पहुँच सुनिश्चित भएको हुनेछ

३. आधारभूत तहसम्मको शिक्षा पूर्ण रूपमा गुणस्तरीय बनेको हुनेछ र सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार आएको हुनेछ
४. नगरपालिकाका सबै नागरिक साक्षर भई जीवनपर्यन्त सिकाइका अवसरमा पहुँच प्राप्त गरेका हुनेछन्
५. माध्यमिक तहसम्मको शिक्षा निःशुल्क, सर्वसुलभ तथा गुणस्तरीय भई सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ
६. विद्यालय शिक्षाभन्दा बाहिर रहेका सबै विद्यालय उमेरका बालबालिका विद्यालय शिक्षासँग आबद्ध भई भर्ना, नियमितता तथा निरन्तरतामा सुधार आएको हुनेछ
७. विपत् , महामारी, सङ्क्रामक रोग तथा अन्य प्रतिकूल परिस्थितिमा समेत वैकल्पिक सिकाइ प्रणालीमार्फत शिक्षण सिकाइ कार्य निरन्तर सञ्चालन हुने व्यवस्था संस्थागत भएको हुनेछ
८. शिक्षकहरूले समयसापेक्ष प्रविधिमैत्री तथा पेशागत तालिम प्राप्त गरी आधुनिक शिक्षण विधि र प्रविधिको प्रभावकारी प्रयोग सबै विद्यालयमा विस्तार भएको हुनेछ
९. दक्ष, सक्षम, उत्प्रेरित तथा पेशागत रूपमा सबल शिक्षकको उपलब्धतासँगै विद्यार्थीहरूको सिकाइ उपलब्धि, शैक्षिक गुणस्तर र नतिजामा उल्लेखनीय सुधार आएको हुनेछ
१०.प्रत्येक विद्यालयमा विद्यार्थी सङ्ख्या, विषयगत आवश्यकता तथा निर्धारित मापदण्डका आधारमा पर्याप्त शिक्षक व्यवस्थापन तथा दरबन्दी मिलान भएको हुनेछ
११.परीक्षा, परीक्षण तथा मूल्याङ्कन प्रणालीलाई समयसापेक्ष, वैज्ञानिक, विश्वसनीय तथा सिकाइमुखी बनाइएको हुनेछ
१२.विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि तथा अन्य शैक्षिक स्रोतसाधनको पर्याप्त व्यवस्था भई सिकाइ वातावरण सुदृढ भएको हुनेछ
१३.विद्यालयहरू सुरक्षित, समावेशी, बालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिक रूपमा उत्तरदायी शैक्षिक संस्थाका रूपमा विकसित भएका हुनेछन्
१४.विद्यालय व्यवस्थापन, शैक्षिक प्रशासन, वित्तीय व्यवस्थापन तथा सेवा प्रवाहमा सुशासन, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिताको प्रभावकारी अभ्यास स्थापित भएको हुनेछ
१५.स्थानीय पाठ्यक्रम, सिपमूलक तथा रोजगारमुखी शिक्षाको विस्तार भई उत्पादनशील, उद्यमशील तथा आत्मनिर्भर जनशक्ति विकासमा योगदान पुगेको हुनेछ
१६.शिक्षा क्षेत्रको योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा अभिभावक, समुदाय, विद्यालय तथा अन्य सरोकारवालाहरूको सक्रिय सहभागिता र स्वामित्व स्थापित भएको हुनेछ

समग्रमा साँफेबगर नगरपालिका गुणस्तरीय, समावेशी, प्रविधिमैत्री, सिपमूलक तथा परिणाममुखी शिक्षा प्रणाली भएको स्थानीय तहका रूपमा स्थापित भएको हुनेछ ।

## २.८ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण (२०८३/०८४ देखि २०८७/०८८ सम्म )

| क्र.स. | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| **१.प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | | |
| १.१ | **प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%)** | **स्थानीय** | ९४.१३ | ९५.१ | ९६.८ | ९८ | १०० | LESPG | EMIS |
| | | **प्रदेश** | १०३.८ | - | - | - | - | LESPG | CEHRD |
| | | **राष्ट्रिय** | १०१ | - | - | - | - | LESPG | CEHRD |
| १.२ | **कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत** | **स्थानीय** | ७१.९२ | ८२ | ८९ | ९६ | १०० | LESPG | EMIS |
| | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | **राष्ट्रिय** | ६९ | - | - | - | - | LESPG | CEHRD |
| **२. आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | | |
| २.१ | **कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%)** | **स्थानीय** | ९४.८ | ९५ | ९५.६ | ९७ | ९९.५ | LESPG | EMIS |
| | | **प्रदेश** | ९३.९ | - | - | - | - | LESPG | CEHRD |
| | | **राष्ट्रिय** | ९३.७ | ९७.५ | ९९ | १०० | | LESPG | CEHRD |
| २.२ | **कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%)** | **स्थानीय** | १०१.८ | १०१.५ | १०१.३ | १००.१ | १०० | LESPG | EMIS |
| | | **प्रदेश** | १४२.३ | - | - | - | - | LESPG | CEHRD |
| | | **राष्ट्रिय** | १४१.१ | ११५ | १०७ | १०५ | - | LESPG | CEHRD |
| २.३ | **आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%)** | **स्थानीय** | ९४.९ | ९५.४ | ९६.८ | ९८.२ | ९९.८ | LESPG | EMIS |
| | | **प्रदेश** | ९४.३ | - | - | - | - | LESPG | CEHRD |
| | | **राष्ट्रिय** | ९४.४ | - | - | - | - | LESPG | CEHRD |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.४ | **आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%)** | **स्थानीय** | १२१.९ | ११९ | ११८ | ११०.५ | १०२.५ | LESPG | EMIS |
| | | **प्रदेश** | १३१.८ | - | - | - | - | LESPG | CEHRD |
| | | **राष्ट्रिय** | १३०.५ | - | - | - | - | LESPG | CEHRD |
| २.५ | **आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%)** | **स्थानीय** | ९७.४९ | ९८.२ | ९८.८ | ९९.५ | १०० | LESPG | EMIS |
| | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | **राष्ट्रिय** | ९८.३ | - | - | - | - | LESPG | CEHRD |
| २.६ | **आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%)** | **स्थानीय** | १११ | १०९ | १०७ | १०५ | १०० | LESPG | EMIS |
| | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | **राष्ट्रिय** | ११३ | - | - | - | - | LESPG | CEHRD |
| २.७ | **आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%)** | **स्थानीय** | ८७.३ | ८८ | ८९.८ | ९२.९ | ९८ | LESPG | EMIS |
| | | **प्रदेश** | ८७.८ | - | - | - | - | LESPG | CEHRD |
| | | **राष्ट्रिय** | ८७.६ | - | - | - | - | LESPG | CEHRD |
| २.८ | **आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%)** | **स्थानीय** | ९१.९६ | ९३ | ९५.६ | ९७ | ९८ | LESPG | EMIS |
| | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | **राष्ट्रिय** | - | - | - | - | - | LESPG | CEHRD |
| २.९ | **आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%)** | **स्थानीय** | ०.९ | ०.८ | ०.७ | ०.६ | ०.५ | LESPG | EMIS |
| | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | **राष्ट्रिय** | - | - | - | - | - | LESPG | CEHRD |
| २.१ | **आधारभूततह (कक्षा १-५) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER)** | **स्थानीय** | ०.९१ | ०.९२ | ०.९३ | ०.९४ | ०.९५ | LESPG | EMIS |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | - | - | - | - | - | LESPG | CEHRD |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | स्थानीय | ९४.५ | ९५ | ९५.५ | ९६ | ९६.५ | LESPG | EMIS |
| | | प्रदेश | ९४ | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | ९४.१ | - | - | - | - | LESPG | CEHRD |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | स्थानीय | ११९.१ | ११८ | ११७ | ११६ | ११५ | LESPG | EMIS |
| | | प्रदेश | १२४.६ | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | १२४.८ | - | - | - | - | LESPG | CEHRD |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८०.९ | ८२ | ८४ | ८६ | ८८ | LESPG | EMIS |
| | | प्रदेश | ८५.२ | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | ८६.५ | - | - | - | - | LESPG | CEHRD |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ६९.१३ | ७१.१० | ७३ | ७५ | ७७ | LESPG | EMIS |
| | | प्रदेश | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | - | - | - | - | - | LESPG | CEHRD |
| २.१५ | आधारभूततह (कक्षा १-८) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | स्थानीय | ०.९८ | ०.९९ | १.० | १.० | १.० | LESPG | EMIS |
| | | प्रदेश | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | - | - | - | - | - | LESPG | CEHRD |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका(कक्षा ३ को आधारभूत तह वा तह २ हासिल भएका) बालबालिका संख्या% — नेपाली भाषा | स्थानीय | ७६ | ७८ | ८० | ८५ | ९५ | LESPG | EMIS |
| | | प्रदेश | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | - | - | - | - | - | LESPG | CEHRD |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **गणित** | **स्थानीय** | ७२ | ७५ | ८० | ८५ | ९० | LESPG | EMIS |
| | | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | | **राष्ट्रिय** | - | - | - | - | - | LESPG | CEHRD |
| २.१७ | **कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका(कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिका संख्या%** | **नेपाली भाषा** | **स्थानीय** | ६४.९१ | ६६ | ६८ | ७० | ७२ | LESPG | EMIS |
| | | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | | **राष्ट्रिय** | - | - | - | - | - | LESPG | CEHRD |
| | | **गणित** | **स्थानीय** | ६३.०७ | ६५ | ६७ | ६९ | ७२ | LESPG | EMIS |
| | | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | | **राष्ट्रिय** | - | - | - | - | - | LESPG | CEHRD |
| | | **अङ्ग्रेजी** | **स्थानीय** | ६२.११ | ६४ | ६६ | ६८ | ७० | LESPG | EMIS |
| | | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | | **राष्ट्रिय** | - | - | - | - | - | LESPG | CEHRD |
| २.१८ | **कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका(कक्षा ८ को आधारभूत तह वा तह ३ हासिल भएका) बालबालिका संख्या%** | **नेपाली भाषा** | **स्थानीय** | ६७.३५ | ६९ | ७१ | ७३ | ७५ | LESPG | EMIS |
| | | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | | **राष्ट्रिय** | - | - | - | - | - | LESPG | CEHRD |
| | | **गणित** | **स्थानीय** | ६५.२३ | ६७ | ६९ | ७१ | ७३ | LESPG | EMIS |
| | | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | | **राष्ट्रिय** | - | - | - | - | - | LESPG | CEHRD |
| | | **विज्ञान** | **स्थानीय** | ७०.६३ | ७२ | ७४ | ७६ | ७८ | LESPG | EMIS |
| | | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | | **राष्ट्रिय** | - | - | - | - | - | LESPG | CEHRD |
| २.१९ | **बिद्यालय बाहिर रहेका बालबालिकाको दर (%)** | **आधारभूत तह(कक्षा १-५)** | **स्थानीय** | ९ | ७ | ५ | ३ | ० | LESPG | EMIS |
| | | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | | **राष्ट्रिय** | - | - | - | - | - | LESPG | CEHRD |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह(कक्षा १-८) | स्थानीय | ७.७ | ५.८ | ४.१ | २.६ | ० | LESPG | EMIS |
| | | प्रदेश | २६९८५ | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | २७१७१९ | - | - | - | - | LESPG | CEHRD |
| २.२० | आधारभूततह (कक्षा १-८) मा अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या प्रतिशत | स्थानीय | २९.५७ | ३२ | ३४ | ३६ | ४० | LESPG | EMIS |
| | | प्रदेश | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | - | - | - | - | - | LESPG | CEHRD |
| **३.माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | |
| ३.१ | माध्यमिकतह (कक्षा ९-१२) मा सहजै खुद भर्ना दर (%) | स्थानीय | ५७.२ | ५९ | ६१ | ६३ | ६५ | LESPG | EMIS |
| | | प्रदेश | ५६.४ | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | ५५.८ | - | - | - | - | LESPG | CEHRD |
| ३.२ | माध्यमिकतह (कक्षा ९-१२) मा कुल भर्ना दर (%) | स्थानीय | ७४.६ | ७६ | ७८ | ८० | ८२ | LESPG | EMIS |
| | | प्रदेश | ७४.७ | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | ८०.६ | - | - | - | - | LESPG | CEHRD |
| ३.३ | माध्यमिकतह (कक्षा ९-१२) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | स्थानीय | १.१७ | १.१५ | १.१० | १.०५ | १.०० | LESPG | EMIS |
| | | प्रदेश | | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | - | - | - | - | - | LESPG | CEHRD |
| ३.४ | आधारभूततह बाट माध्यमिकतहमा ट्रान्जिसन दर (%) | स्थानीय | ९७.०२१ | ९८ | ९९ | १०० | १०० | LESPG | EMIS |
| | | प्रदेश | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | - | - | - | - | - | LESPG | CEHRD |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.५ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर % | | स्थानीय | ३५.७१ | ३७ | ३९ | ४१ | ४३ | LESPG | EMIS |
| | | | प्रदेश | - | - | - | - | - | LESPG | CEHRD |
| | | | राष्ट्रिय | - | - | - | - | - | LESPG | CEHRD |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | २० | २२ | २४ | २६ | २८ | LESPG | EMIS |
| | | | प्रदेश | - | - | - | - | - | LESPG | CEHRD |
| | | | राष्ट्रिय | - | - | - | - | - | LESPG | CEHRD |
| ३.७ | माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | | स्थानीय | ११ | १५ | १९ | २४ | २७ | LESPG | EMIS |
| | | | प्रदेश | - | - | - | - | - | LESPG | CEHRD |
| | | | राष्ट्रिय | - | - | - | - | - | LESPG | CEHRD |
| ३.८ | माध्यमिक तह (कक्षा९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यवसायिक विषयमा भर्ना भएका विद्यार्थी संख्या प्रतिशत | स्थानीय | विज्ञान | ३ | ५ | ८ | ९ | १० | LESPG | EMIS |
| | | | प्रा.व्या. | १० | १४ | १६ | १८ | २१ | LESPG | EMIS |
| | | प्रदेश | विज्ञान | - | - | - | - | - | LESPG | CEHRD |
| | | | प्रा.व्या. | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | विज्ञान | - | - | - | - | - | LESPG | CEHRD |
| | | | प्रा.व्या. | - | - | - | - | - | LESPG | CEHRD |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ६२ | ६५ | ६९ | ७८ | ८० | LESPG | EMIS |
| | | | प्रदेश | - | - | - | - | - | LESPG | CEHRD |
| | | | राष्ट्रिय | - | - | - | - | - | LESPG | CEHRD |
| | | गणित | स्थानीय | ४८ | ५२ | ५५ | ६० | ६५ | LESPG | EMIS |
| | | | प्रदेश | - | - | - | - | - | LESPG | CEHRD |
| | | | राष्ट्रिय | - | - | - | - | - | LESPG | CEHRD |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विज्ञान | स्थानीय | ५७ | ६० | ६५ | ६७ | ७० | LESPG | EMIS |
| | | | प्रदेश | - | - | - | - | - | LESPG | CEHRD |
| | | | राष्ट्रिय | - | - | - | - | - | LESPG | CEHRD |
| | | अङ्ग्रेजी | स्थानीय | ५६ | ५८ | ६० | ६५ | ६७ | LESPG | EMIS |
| | | | प्रदेश | - | - | - | - | - | LESPG | CEHRD |
| | | | राष्ट्रिय | - | - | - | - | - | LESPG | CEHRD |
| **४.जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | | |
| ४.१ | साक्षरता दर(पाँच वर्ष भन्दा माथि)% | स्थानीय | | ७४.४ | ७६ | ७८ | ८० | ८२ | LESPG | EMIS |
| | | प्रदेश | | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | | - | - | - | - | - | LESPG | CEHRD |
| ४.२ | साक्षरता दर(६ वर्ष भन्दा माथि)% | स्थानीय | | ८० | ८२ | ८५ | ८८ | ९० | LESPG | EMIS |
| | | प्रदेश | | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | | - | - | - | - | - | LESPG | CEHRD |
| ४.३ | साक्षरता दर(१५-२४ वर्ष भन्दा माथि उमेर समूह)% | स्थानीय | | ८२ | ८६ | ९० | ९५ | ९९.८ | LESPG | EMIS |
| | | प्रदेश | | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | | - | - | - | - | - | LESPG | CEHRD |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता(पाँच वर्ष भन्दा माथि)% | स्थानीय | | ०.६५ | ०.८१ | ०.९४ | ०.९९ | १.० | LESPG | EMIS |
| | | प्रदेश | - | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | - | - | - | - | - | - | LESPG | CEHRD |
| **५.प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | ४ | ६ | ७ | ९ | १० | LESPG | EMIS |
| | | प्रदेश | | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | | - | - | - | - | - | LESPG | CEHRD |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि- | स्थानीय | छात्रा | १९ | २० | २५ | २९ | ३० | LESPG | EMIS |
| | | | छात्र | १७ | १९ | २१ | २५ | २८ | LESPG | EMIS |
| | | प्रदेश | छात्रा | - | - | - | - | - | LESPG | CEHRD |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | | छात्र | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | छात्रा | - | - | - | - | - | LESPG | CEHRD |
| | | | छात्र | - | - | - | - | - | LESPG | CEHRD |
| ६.सुशासन तथा व्यवस्थापन | | | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी शिक्षक अनुपात (सामूदायिक विद्यालय) | स्थानीय | | १०:१ | १२:१ | १६:१ | १८:१ | २०:१ | LESPG | EMIS |
| | | प्रदेश | | २१.४ | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | | २०.९ | - | - | - | - | LESPG | CEHRD |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी शिक्षक अनुपात (सामूदायिक विद्यालय) | स्थानीय | | १९:१ | २१:१ | २४:१ | २७:१ | ३०:१ | LESPG | EMIS |
| | | प्रदेश | | | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | | | - | - | - | - | LESPG | CEHRD |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी शिक्षक अनुपात (सामूदायिक विद्यालय) | स्थानीय | | १४:१ | १६:१ | १८:१ | २०:१ | २२:१ | LESPG | EMIS |
| | | प्रदेश | | २८.४ | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | | २७.३ | - | - | - | - | LESPG | CEHRD |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी शिक्षक अनुपात (सामूदायिक विद्यालय) | स्थानीय | | ११:१ | १४:१ | १६:१ | १८:१ | २०:१ | LESPG | EMIS |
| | | प्रदेश | | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | | - | - | - | - | - | LESPG | CEHRD |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी शिक्षक अनुपात (सामूदायिक विद्यालय) | स्थानीय | | २२:१ | २५:१ | २८:१ | ३०:१ | ३२:१ | LESPG | EMIS |
| | | प्रदेश | | - | - | - | - | - | LESPG | CEHRD |
| | | राष्ट्रिय | | - | - | - | - | - | LESPG | CEHRD |
| ७. शिक्षामा लगानी | | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७.१ | **कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट प्रतिशत** | **स्थानीय** | २.६७ | ३ | ४ | ७ | १० | LESPG | EMIS |
| | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | **राष्ट्रिय** | - | - | - | - | - | LESPG | CEHRD |
| ७.२ | **आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा)** | **स्थानीय** | ४१ | ४३ | ४५ | ४८ | ५० | LESPG | EMIS |
| | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | **राष्ट्रिय** | - | - | - | - | - | LESPG | CEHRD |
| ७.३ | **माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा)** | **स्थानीय** | ४८ | ५० | ५२ | ५४ | ६० | LESPG | EMIS |
| | | **प्रदेश** | - | - | - | - | - | LESPG | CEHRD |
| | | **राष्ट्रिय** | - | - | - | - | - | LESPG | CEHRD |

# परिच्छेद ३ शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

शिक्षा ऐन, २०२८ को आठौँ संशोधनले प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगका रूपमा मान्यता दिएको छ। साथै, नेपालको संविधानको धारा ३९ (३) ले प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा सहभागिताको हक सुनिश्चित गरेको छ। यी कानुनी तथा नीतिगत व्यवस्थाहरूले प्रारम्भिक बालविकास शिक्षाको आवश्यकता, महत्व र राज्यको दायित्वलाई स्पष्ट रूपमा स्थापित गरेका छन्। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा सृजनात्मक पक्षहरूको समुचित विकासमा सहयोग पु-याउँदै उनीहरूलाई आधारभूत शिक्षाका लागि तयार गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। विद्यालय शिक्षाको पहिलो आधारका रूपमा रहेको यस कार्यक्रमको पहुँच विस्तार, गुणस्तर सुधार तथा बालमैत्री वातावरण निर्माण आजको प्रमुख आवश्यकता हो।

यसै सन्दर्भमा साँफेबगर नगरपालिकाद्वारा तयार गरिएको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास तथा शिक्षालाई व्यवस्थित, समावेशी, पहुँचयोग्य र गुणस्तरीय बनाउने उद्देश्यले विभिन्न कार्यक्रम तथा क्रियाकलापहरू समावेश गरिएको छ।

### ३.१.१ वर्तमान अवस्था

साँफेबगर नगरपालिकाका १४ वटै वडामा हाल जम्मा ७८ वटा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र सञ्चालनमा रहेका छन्। तीमध्ये एउटा समुदायमा आधारित र ७७ वटा विद्यालयमा आधारित केन्द्र रहेका छन्। नगरपालिकामा हाल चार वर्ष उमेरका जम्मा ४३६ जना बालबालिका रहेका छन्। तर २०८२ मा इमिसमा भर्ना भएका ९०३ ( ३-७ वर्षका बालबालिका सहित) जना बालबालिका प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहभागी भएका छन्। भर्ना भएका बालबालिकामध्ये ३८० जना छात्रा र ५२३ जना छात्र रहेका छन्। प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचकाङ्क ७२.६५% रहेको छ। यस नगरपालिकामा जम्मा ७८ जना बालविकास सहजकर्ता कार्यरत छन्। सबै सहजकर्ताहरुले न्युनतम शैक्षिक योग्यता प्राप्त गरेका छन् । बालविकास सहजकर्ताहरुलाइ समयानुकुल तालिम तथा प्रशिक्षणको अवश्यकता रहेको छ ।

अधिकांश प्रारम्भिक बालविकास केन्द्रहरूमा निर्धारित मापदण्ड अनुसार न्यूनतम भौतिक, शैक्षिक तथा सिकाइ सामग्रीहरूको पर्याप्त व्यवस्था हुन सकेको छैन। समुदायमा रहेका सबै बालबालिकाको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा पहुँच सुनिश्चित हुन सकेको छैन। विशेष गरी वसाइसराइका कारण बालबालिकाहरुको नियमित उपस्थिती तथा तह पार गर्न सकेका छैनन् । विपन्न समुदायका बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षाको अवसरमा समावेश गर्न थप प्रयास आवश्यक देखिन्छ। साथै, सबै बालबालिकाको समान पहुँच, सहभागिता र गुणस्तरीय प्रारम्भिक सिकाइ सुनिश्चित गर्नु र बालविकास सहजकर्ताहरूको पारिश्रमिक न्यून भएकाले उनीहरूको मनोबल कायम गर्न चुनौती रहेको छ।

### ३.१.२ उद्देश्यहरु

1. नगरपालिकाभित्रका सबै बालबालिकाको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।
2. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको गुणस्तर अभिवृद्धि गरी बालमैत्री, सुरक्षित तथा प्रभावकारी सिकाइ वातावरण निर्माण गर्नु।
3. प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित सबै बालबालिकालाई कक्षा १ मा शतप्रतिशत भर्ना तथा नियमित उपस्थित सुनिश्चित गर्नु।
4. प्रारम्भिक बालविकास केन्द्रहरूलाई न्यूनतम मापदण्डअनुसार सञ्चालन गर्न आवश्यक भौतिक, शैक्षिक तथा व्यवस्थापकीय क्षमता विकास र सुदृढीकरण गर्नु।
5. बालविकास सहजकर्ताहरूको पेशागत दक्षता अभिवृद्धि गरी विशेषतः पिछडिएका तथा वञ्चित समुदायका बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षामा समावेशी पहुँच सुनिश्चित गर्नु।

### ३.१.३ रणनीतिहरु

१. प्रारम्भिक बालविकास तथा शिक्षाको महत्त्वबारे अभिभावक र समुदायमा जनचेतना अभिवृद्धि गर्ने।
२. बालपोषण, स्वास्थ्य र सरसफाइसम्बन्धी सचेतना कार्यक्रम अभिभावकसँग सहकार्यमा सञ्चालन गर्ने।
३. चार वर्ष उमेर समूहका सबै बालबालिकाको अनिवार्य भर्ना सुनिश्चित गर्न वार्षिक भर्ना अभियान सञ्चालन गर्ने।
४. विद्यालय बाहिर रहेका तथा पछाडि परेका समुदायका बालबालिकाको पहिचान गरी भर्ना गराउने।
५. प्रारम्भिक बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गर्ने।
६. सबै केन्द्रहरूमा बालमैत्री, सुरक्षित र समावेशी सिकाइ वातावरण निर्माण गर्ने।
७. मनोरञ्जनात्मक सिकाइका लागि श्रव्य दृश्य सामग्रीको प्रयोग विस्तार गर्ने।
८. खेल, गीत, कथा र क्रियाकलापमा आधारित सिकाइ विधि प्रवर्द्धन गर्ने।
९. बालविकास केन्द्रमा स्वस्थ, सुरक्षित र पोषणयुक्त खाजाको व्यवस्था गर्ने।
१०. केन्द्रहरूमा आवश्यक सिकाइ सामग्री, खेल सामग्री र सन्दर्भ सामग्री उपलब्ध गराउने।
११. बाल उद्यान तथा खेलमैदान विकास गरी सिकाइ वातावरण सुदृढ गर्ने।
१२. न्यूनतम मापदण्डअनुसार सबै बालविकास केन्द्रहरूको स्तरोन्नति गर्ने।
१३. बालविकास केन्द्रहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।
१४. बालविकास सहजकर्ताहरूको क्षमता विकासका लागि तालिम र अभिमुखीकरण सञ्चालन गर्ने।
१५. सबै बालबालिकालाइ बालविकासको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने व्यवस्था मिलाउने।
१६. समावेशी शिक्षा प्रवर्द्धन गर्दै विपन्न तथा पछाडि परेका बालबालिकाको पहुँच सुनिश्चित गर्ने।
१७. स्थानीय सरकार र सरोकारवालाबीच समन्वय र साझेदारी सुदृढ गर्ने।

### ३.१.४ प्रमुख उपलब्धी तथा नतिजा

**प्रमुख उपलब्धी**

१. नगरपालिकाभित्रका सबै बालबालिकाको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।
२. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको गुणस्तर अभिवृद्धि भई बालमैत्री, सुरक्षित र प्रभावकारी सिकाइ वातावरण स्थापित भएको हुनेछ।
३. प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित शत प्रतिशत बालबालिका कक्षा १ मा प्रवेश भएका हुनेछन्.
४. प्रारम्भिक बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुसार सुदृढ भई आवश्यक भौतिक, शैक्षिक तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि भएको हुनेछ।
५. बालविकास सहजकर्ताहरूको पेशागत दक्षता अभिवृद्धि भई विशेष गरी पछाडि परेका तथा वञ्चित समुदायका बालबालिकाको समावेशी पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार बर्ष २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षामा कुल भर्ना दर प्रतिशत | ९४.१३ | ९५.१ | ९६.८ | ९८ | १०० |
| २ | प्रारम्भिक बालविकास शिक्षामा खुद भर्ना दर | ५४.५८ | ६० | ७० | ८० | ९० |
| ३ | लैङ्गिक समानता सूचकाङ्क | ७२.६५ % | ७९% | ८४% | ८७% | ८९% |
| ४ | प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने दर | ७१.९२ % | ८२ % | ८९ % | ९६ % | १०० % |
| ५ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्र | ८० % | ८५% | ९०% | ९५% | ९७ % |
| ६ | तालिम प्राप्त बालविकास सहजकर्ताहको प्रतिशत | ६०% | ७०% | ८०% | ९०% | ९५% |
| ७ | नियमित अनुगमन भएका बालविकास केन्द्रहरूको प्रतिशत | ५०% | ६०% | ७०% | ८०% | ९०% |
| ८ | सिकाइ सामग्री उपलब्ध भएका केन्द्रहरूको प्रतिशत | ५५% | ६५% | ७५% | ८५% | ९५% |
| ९ | पोषणयुक्त खाजा कार्यक्रम लागू भएका केन्द्रहरूको % | १००% | १००% | १००% | १००% | १००% |
| ११ | समावेशी शिक्षा (अपाङ्गता मैत्री) सेवा तथा संरचना उपलब्ध केन्द्रहरूको प्रतिशत | ९० % | ९२% | ९६% | ९७% | ९८% |

## ३.१ ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य पाँच वर्ष | |
|---|---|---|---|---|

| क्र.स | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालविकास केन्द्रको नक्सांकन तथा पुनर्वितरण गर्ने। | केन्द्र/वडा | १० | १३ | १५ | १८ | २० | ७६ | १००% |
| २ | बालविकास केन्द्रको सवलीकरण | केन्द्र | १० | १५ | १५ | १८ | २० | ७८ | १००% |
| ३ | शिक्षक/सहयोगी कार्यकर्ताको क्षमता विकास संख्या | जना | १० | १२ | १४ | १६ | १८ | ७० | १००% |
| ४ | बालविकास सहजकर्ताको तालिम तथा पेसागत विकास | जना | १५ | १५ | १५ | १५ | १८ | ७८ | १००% |
| ५ | सिकाइ सामग्री तथा खेल सामग्री वितरण | केन्द्र | १० | १७ | १८ | १८ | १५ | ७८ | १००% |
| ८ | पोषणयुक्त खाजा कार्यक्रम व्यवस्थापन | केन्द्र | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% |
| ९ | समावेशी शिक्षा (अपाङ्गता मैत्री सेवा) विस्तार | केन्द्र | २ | २ | २ | २ | १ | ९ | १००% |
| १० | बाल उद्यान विकास गर्ने। | केन्द्र | १ | १ | १ | १ | १ | ५ | १००% |
| ११ | भर्ना अभियान सञ्चालन गर्ने। | केन्द्र | ७८ | ७८ | ७८ | ७८ | ७८ | ७८ | १००% |
| १२ | स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गर्ने | केन्द्र | सबै | सबै | सबै | सबै | सबै | ७८ | सबै |
| १३ | नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने। | पटक | त्रैमासिक | त्रैमासिक | त्रैमासिक | त्रैमासिक | त्रैमासिक | ७८ | १००% |

## ३.२ आधारभूत शिक्षा

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र  माध्यमिक तहको रूपमा परिभाषित गरेको छ ।  नेपालको संविधानको धारा ३१ (१) मा आधारभूत  र  माध्यमिक शिक्षालाई  मौलिक हक अन्तर्गत राखिएको छ ।अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन-२०७५ ले विद्यालय तह सम्मको  शिक्षा निःशुल्क प्रदान गर्ने दायित्व र सो सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनै तहको हुने र आधारभूत तह उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरीकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ । साँफेबगर नगरपालिका भित्र रहेका

आधारभूत तह शिक्षा प्राप्त गर्ने उमेर समूहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षामा पहुँचसहित गुणस्तरीय र निःशुल्क शिक्षा प्रदान गर्न यस शिक्षा योजनाको प्रमुख उद्देश्य रहेको छ ।

### ३.२.१ वर्तमान अवस्था

साँफेबगर नगरपालिकामा ५० वटा सामुदायिक र ६ वटा संस्थागत विद्यालय गरी हाल ५६ वटा आधारभूत तह (१-८) का विद्यालयहरु सञ्चालनमा रहेका छन । शैक्षिक सत्र २०८२ सालमा बालविकास तथा शिक्षामा भर्ना भएका ९०३ जना विद्यार्थीहरु मध्ये ३१० जना विद्यार्थी बालविकासको अनुभव सहित  कक्षा १ मा भर्ना भएका छन् । कक्षा १ मा बालविकास तथा शिक्षाको अनुभव सहित भर्ना हुने बालबालिकाको प्रतिशत ७१.९२ % रहेको छ । (स्रोतःEMIS Report 2083 & Census Report-2026) साँफेबगर नगरपालिका अन्तर्गत आधारभूत तह उमेर समूहमा रहेका कुल ३७४३ जना बालवालिका मध्ये ३५७१ जना विद्यालयको पहुँचमा रहेका छन भने १७२ जना विद्यालय बाहिर रहेका छन् ।  आधारभूत तहको विद्यार्थी विवरण तपसिल बमोजिम रहेको छ :

| **सूचक** | **आधारभूत तह ( १-५)** | **आधारभूत तह( ६-८)** | कुल जम्मा |
|---|---|---|---|
| लैंगिकताको आधारमा | | | |
| छात्रा | १०२१ | ८२० | १८४१ |
| छात्र | १३२३ | ७३२ | २०५५ |
| **जातजातिका आधारमा** | | | |
| ब्राह्मण/क्षेत्री | | | |
| छात्रा | ७९९ | ५५९ | १३५८ |
| छात्र | ८८३ | ४८१ | १३६४ |
| जनजाति | | | |
| छात्रा | ५ | ४ | ९ |
| छात्र | १३ | ९ | २२ |
| दलित | | | |
| छात्रा | ३८२ | २४८ | ६३० |
| छात्र | ४११ | २३३ | ६४४ |
| अन्य | | | |
| छात्रा | १५ | ९ | २४ |
| छात्र | १६ | ९ | २५ |
| अपान्गता | | | |
| छात्रा | ७ | ३ | १० |
| छात्र | १४ | १८ | ३२ |

स्रोतः  EMIS Report-2082

साँफेबगर नगरपालिकामा आधारभूत तहमा रहेका विद्यार्थीहरुको कक्षा छोड्ने र दोहोर्याउँने दर तपसिल बमोजिम रहेको छ।

| कक्षा | दोहोर्याउँने | छोड्नेदर |
|---|---|---|
| १-३ | २६.३०% | १०% |
| ४-५ | १३.९६% | ५.९५% |
| ६-८ | १७.७४% | १.५२% |

स्रोतःEMIS-2082

शैक्षिक सत्र २०८२ अनुसार यस नगरपालिका अन्तर्गत आधारभूत तह कक्षा १-३ को ९२.०७%, कक्षा ४-५ को ९४.०५% र कक्षा ६-८ को ९५.४१% विद्यार्थी सिकाइ उपलब्धि स्तर रहेको छ। भने कक्षा १-५ मा शिक्षक सङ्ख्या २१७ जना र विद्यार्थी सङ्ख्या १९६३ जना रहेका छन् र कक्षा ६-८ मा शिक्षक सङ्ख्या ६४ जना र विद्यार्थी सङ्ख्या १२६५ रहेको छ। (स्रोतः EMIS-2083)

साँफेबगर नगरपालिकाले नगर क्षेत्र भित्र गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि तथा विश्ववजार परिवेश सुहाउँदो जनशक्ति उत्पादन गर्न पहुँच, सहभागिता, संस्थागत सुदृढीकरण गर्दै स्थानीय पाठ्यक्रम निर्माण सँगै पाठ्यपुस्तक प्रकाशन गरी पठनपाठन कार्य गर्नुका साथै समय सापेक्ष पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन तथा संसोधन गर्ने कार्य समेत गरीरहेको छ साथै शिक्षक व्यवस्थापन पक्षलाई समेत मध्यनजर गरी समयमा नै विद्यालय स्थलगत अनुगमन र प्रतिवेदनका आधारमा विद्यालयहरुको समायोजन तथा दरबन्दी मिलान कार्य सँगै अझै शिक्षक अभाव भएका विद्यालयहरुमा नगर शिक्षक समेतको व्यवस्था गरेको छ । त्यसै गरी बालबालिकाको पोषणका लागि स्थानीय उत्पादनम आधारित दिवाखाजा व्यवस्थापन गरीएको छ। नगरभरि परीक्षा प्रणालीलाई मर्यादित र एकरुपता कायम गर्न नगर स्तरीय परीक्षा समिति निर्माण गरी संगै शिक्षक नियुक्ति तथा विषयगत अनुगमन र पृष्ठपोषणका लागि विज्ञ समूह निर्माण गरीएको छ। बेला बेलामा विद्यालयलाई आवश्यकताका आधारमा शिक्षण सामग्रीहरु,कष्टमाइज तालिम आदिको प्रबन्ध गरीएको छ।

### ३.२.२ उद्देश्यहरु

१. आधारभूत तहको शिक्षालाई अनिवार्य, निःशुल्क, सर्वसुलभ, समावेशी र गुणस्तरीय बनाउँदै सबै विद्यालय उमेरका बालबालिकाको पहुँच, सहभागिता र शिक्षाको पूर्णता सुनिश्चित गर्ने।

२. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि, जीवनोपयोगी ज्ञान, सीप, मूल्य तथा सूचना–प्रविधिमा आधारित दक्षताको विकास गर्दै सिकाइलाई दैनिक जीवनसँग जोड्ने।

३. विद्यालयको शैक्षिक, व्यवस्थापकीय तथा प्रशासनिक प्रणालीलाई प्रभावकारी, उत्तरदायी र जवाफदेही बनाउँदै शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने।

४. बालमैत्री, सिकाइमैत्री, अपाङ्गमैत्री, समावेशी, सुरक्षित तथा प्रविधियुक्त शैक्षिक वातावरण र आवश्यक भौतिक पूर्वाधारको विकास तथा सुदृढीकरण गर्ने।

५. परम्परागत तथा धार्मिक विद्यालयसहित सबै आधारभूत विद्यालयको प्रभावकारी व्यवस्थापन, संरक्षण र समग्र शैक्षिक विकासलाई प्रवर्द्धन गर्ने।

### ३.२.३ रणनीति

१. नगरपालिकाभित्रका ५–१२ वर्ष उमेर समूहका सबै बालबालिकाको उमेरगत तथ्याङ्क अद्यावधिक गरी विशेषतः गरीब, जेहेन्दार, असहाय, अपाङ्गता भएका तथा अन्य जोखिममा रहेका बालबालिकालाई लक्षित कार्यक्रममार्फत अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्ने।
२. विद्यार्थीको नियमित उपस्थिति, टिकाउ दर तथा आधारभूत तह पूरा गरी माध्यमिक तहमा प्रवेश बढाउन छात्रवृत्ति, पुरस्कार, सम्मान तथा अन्य प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने।
३. बालमैत्री, समावेशी, सुरक्षित, स्वच्छ, हरित तथा सिकाइमैत्री विद्यालय वातावरण विकास गर्दै खानेपानी, शौचालय, सरसफाइ, सूचना–प्रविधि लगायतका न्यूनतम भौतिक पूर्वाधार सुनिश्चित गर्ने।
४. शिक्षकको पेसागत क्षमता अभिवृद्धि, तालिम, तयारी, प्रोत्साहन तथा प्रविधिमैत्री शिक्षण पद्धतिलाई प्रवर्द्धन गर्दै व्यवहारिक, जीवनोपयोगी र प्रविधियुक्त सिकाइ प्रणाली विकास गर्ने।
५. सिकाइ उपलब्धि सुधारका लागि नियमित मूल्याङ्कन, उपचारात्मक कक्षा, व्यवहारकुशल तथा जीवनोपयोगी सीपको एकीकरण र ज्ञान–सीपलाई व्यवहारमा प्रयोग गर्ने अवसर सिर्जना गर्ने।
६. विद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमित अनुगमन, सुपरिवेक्षण, शैक्षिक सहयोग तथा शिक्षक र प्रधानाध्यापकको कार्यसम्पादनलाई जवाफदेही बनाउने।
७. अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, स्थानीय समुदाय तथा अन्य सरोकारवालाको सक्रिय सहभागिता, स्वामित्व र साझेदारीलाई सुदृढ गर्दै विद्यालय विकासमा साझा जिम्मेवारीको अभ्यास प्रवर्द्धन गर्ने।
८. स्थानीय ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय तथा रैथाने ज्ञान, सीप र स्रोतलाई स्थानीय पाठ्यक्रम तथा परियोजनामूलक सिकाइसँग एकीकृत गर्दै अध्ययन, अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने।
९. आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विद्यार्थी सङ्ख्या र आवश्यकताका आधारमा दक्ष जनशक्ति, शैक्षिक सामग्री, भौतिक पूर्वाधार तथा अन्य स्रोत–साधनको प्रभावकारी व्यवस्थापन गर्ने।
१०. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय सरकार तथा विकास साझेदारसँग आवश्यक स्रोत, साधन र वित्तीय व्यवस्थापन तथा समन्वय गर्ने।
११. विद्यार्थीको स्वास्थ्य, पोषण, मानसिक तथा शारीरिक विकासलाई प्रवर्द्धन गर्न दिवाखाजा, स्वास्थ्य, सरसफाइ तथा विद्यालय स्वास्थ्य प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने।
१२. विद्यालय शिक्षालाई प्रकोप, संकट, महामारी तथा जलवायु परिवर्तनमा उत्थानशील बनाउँदै विपद् जोखिम न्यूनीकरण, हरित विद्यालय अवधारणा तथा सुरक्षित विद्यालय व्यवस्थापनलाई संस्थागत गर्ने।

### ३.३.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि बुँदागतरुपमा निम्नानुसार रहेका छन् ।

१. कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित आएका बालबालिकाको भर्नादर १००% हुने छ ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।
३. आधारभूत तहमा कक्षा दोहोर्याउने र छोड्ने दर क्रमश न्यून भएको हुनेछ ।
४. न्यूनतम पूर्वाधार तथा सिकाइ सक्षमता भएका आधारभूत विद्यालयको सङ्ख्या करिब ७५% हुनेछ ।
५. न्यूनतम मापदण्ड पूरा गरी विषयगत शिक्षक विद्यार्थी अनुपात कायम हुनेछ ।

६. सबै आधारभूत विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्थापन भएको हुनेछ।
७. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन भएको हुनेछ।
८. बालबालिकाको पोषण तथा स्वास्थ्यलाई मध्यनजर गरी आधारभूत विद्यालयमा संघिय सरकारले उपलब्ध गराउँदै आएको दिवाखाजालाई थप व्यवस्थापन गरिएको हुनेछ।
९. शैक्षिक गुणस्तरलाई मध्यनजर गर्दै आधारभूत तहका सबै शिक्षकहरु तालिम प्राप्त भएका हुनेछन्।
१०. हरेक विद्यालयलाई क्रमश हरित विद्यालयमा रुपान्तरण गरीएका हुनेछन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र स | सूचक | आधार वर्ष २०८२/०८३ | २०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा नयाँ भर्नाहुने बाल विकास र शिक्षाको अनुभव सहितको भर्ना दर | ७१.९२% | ८२% | ८९% | ९६% | १००% |
| २ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालवालिकाको सख्या | १७२ | १०० | ८० | ३० | ० |
| ३ | आधारभूत तहमा कक्षा दोहोर्याउने बालवालिकाको सख्या | ४०९ जना | ३२० जना | २८० जना | १५० जना | ३० जना |
| ४ | आधारभूत तहमा कक्षा छोड्ने बालवालिकाको सख्या | १७२ जना | ११० जना | ८० जना | ३५ जना | ० जना |
| ५ | आधारभूत तह कक्षा १-३ को सिकाइ उपलब्धि | ९२.०७% | ९३% | ९६% | ९८% | ९९.९% |
| ६ | आधारभूत तह कक्षा ४-५ को सिकाइ उपलब्धि | ९४.०४% | ९६% | ९७% | ९७.८% | ९८.९% |
| ७ | आधारभूत तह कक्षा ६-८ को सिकाइ उपलब्धि | ९५.४१% | ९६% | ९७% | ९८% | ९९.८% |
| ८ | आधारभूत तहमा न्यूनतम पुर्वाधार तथा सिकाइ सक्षमता भएका सुरक्षित विद्यालयको सख्या | २ वटा | ५ वटा | ८ वटा | १२ वटा | १४ वटा |
| ९ | आधारभूत तहमा प्रविधिमैत्री एव सूचना र प्रविधिको प्रयोग गर्ने सख्या | ८ वटा | ९ वटा | २५ वटा | ३० वटा | ३५ वटा |
| १० | हरित विद्यालय भएका आधारभूत तहका विद्यालय सख्या | १ वटा | ५ वटा | ८ वटा | १२ वटा | २२ वटा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | आधारभूत तहमा १-३ मा तालिम प्राप्त शिक्षक प्रतिशत | ७८% | ८०% | ८८% | ९६% | १००% |
| १२ | आधारभूत तहमा ४-५ मा तालिम प्राप्त शिक्षक प्रतिशत | ७९% | ८५% | ९०% | ९७% | १००% |
| १३ | आधारभूत तहमा ६-८ मा तालिम प्राप्त शिक्षक प्रतिशत | ७९.८% | ८३% | ८८% | ९८% | १००% |
| १४ | नियमित स्वास्थ्य परीक्षा तथा दिवा खाजा ब्यवस्थापन गरीरहेका विद्यालय सख्या | २० वटा | २८ वटा | ३१ वटा | ३२ वटा | ३९ वटा |
| १५ | आधारभूत तह ( कक्षा १-५) मा कुल  भर्नादर (%) | १२१.९ % | ११९ | ११८ | ११०.५ | १०२.५ |
| १६ | आधारभूत तह ( कक्षा १-५) मा खुद भर्नादर (%) | ९४.९ % | ९५.४ | ९६.८ | ९८.२ | ९९.८ |
| १७ | आधारभूत तह ( कक्षा १-५) मा कुल भर्नादरमा लैङ्गिक समता सूचाङ्क | ०.९१ | 0.९२ | 0.९३ | 0.९४ | 0.९५ |
| १८ | आधारभूत तहको कक्षा ५ पूरा गर्ने दर | ८५.१४% | | | | |
| १९ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर | ९१.९६ % | ९३ | ९५.६ | ९७ | ९८ |
| २० | आधारभूत तह ( कक्षा १-८) मा खुद भर्नादर (%) | ९४.५ | ९५ | ९५.५ | ९६ | ९६.५ |
| २१ | आधारभूत तह ( कक्षा १-८) मा कुल भर्नादरमा लैङ्गिक समता सूचाङ्क | ११९.१ | ११८ | ११७ | ११६ | ११५ |
| २२ | आधारभूत तह (१-५) मा विद्यालय बाहिर रहेका बालबालिका संख्या | ९ | ७ | ५ | ३ | 0 |
| २३ | आधारभूत तह (१-८) मा विद्यालय बाहिर रहेका बालबालिका संख्या | ८ | ५ | ४ | २ | 0 |
| २४ | आधारभूत तहामा आध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षक (%) | २९.५७ | ३२ | ३४ | ३६ | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ५) | ६३.०७ | ६५ | ६७ | ६९ | ७२ |
| २६ | नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ५) | ६४.९१ | ६६ | ६८ | ७० | ७२ |
| २७ | अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ५) | ६२.११ | ६४ | ६६ | ६८ | ७० |
| २८ | गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ६५.२३ | ६७ | ६९ | ७१ | ७३ |
| २९ | नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ६७.३५ | ६९ | ७१ | ७३ | ७५ |
| ३० | विज्ञान विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ७०.६३ | ७२ | ७४ | ७६ | ७८ |
| ३१ | कक्षा ८ सम्मको टिकाउ दर Survival Rate | ८०.९ | ८२ | ८४ | ८६ | ८८ |
| ३२ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर (%) | ६९.१३ | ७१.१० | ७३ | ७५ | ७७ |

## ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य। पाँच वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३ | ०८४ | ०८५ | ०८६ | ०८७ | जम्मा | | |
| १ | विद्यालयको सेवा क्षेत्र भित्रको बार्षिक आवश्यक तथ्याङ्क संकलन गर्ने | सङ्ख्या | निरन्तर प्रत्येक वर्षको शुरूवात | | | | | | | |
| २ | बार्षिक रुपमा भर्ना अभियान सचालन गर्ने | | नियमित | | | | | | | |
| ३ | बालबालिकाहरुलाई आधारभूत शिक्षामा पहुच सुनिश्चित गर्ने | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | आधारभूत तहमा परोपकारी अक्षय कोष तथा कल्याणकारी कोष स्थापना गर्ने | सङ्ख्या | २ | ३ | ४ | ६ | ७ | २२ | | |
| ५ | शिक्षाको गुणस्तर कायम गर्न गुणस्तरीय मापन मानक तयार गरी लागु गर्ने | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ६ | विद्यालयको स्वःमूल्याङ्कन गरी सुधारको योजना निर्माण गर्ने | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ७ | शैक्षिक व्यवस्थापन र प्रयोग सम्वन्धि अभिमुखिकरण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ८ | सुझाव पेटिकाको प्रवन्ध तथा प्रभावकारी कार्यान्वयन | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ९ | स्थनिय पाठ्यक्रम पाठ्यपुस्तक अध्यावधिक गरि कार्यान्वयनमा ल्याउने | पटक | १ | | | | १ | | | |
| १० | सिकाइ उपलब्धि कम्जोर भएका बिद्यार्थीहरुका लागी उपचारात्मक कक्षा सचालन गर्ने | कक्षा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | अभिभावकका लागी अभिभावक शिक्षा सचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| १२ | बालकल्व गठन तथा पुनर्गठन गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| १३ | बिद्यालयमा इन्टरनेट सेवा ब्यवस्थापन तथा मर्मत गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | कक्षाकोठामा बुक कर्नको ब्यवुथापन गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

माध्यमिक शिक्षा मानव विकास, रोजगारी, उद्यमशीलता तथा उच्च शिक्षाका लागि आवश्यक ज्ञान, सीप, मूल्य, दृष्टिकोण र क्षमताको विकास गर्ने महत्वपूर्ण तह हो। नेपालको संविधानको धारा ३१(२) ले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ भने राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबैका लागि गुणस्तरीय, समावेशी र निःशुल्क माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्दै सिर्जनशील, प्रविधिमैत्री, उत्पादनशील, प्रतिस्पर्धी तथा नैतिकवान नागरिक तयार गर्ने लक्ष्य लिएको छ। माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा परम्परागत धारमा सञ्चालन हुँदै आएको छ। यद्यपि सिकाइ उपलब्धि, विषयगत दक्षता, जीवनोपयोगी तथा सिपमूलक शिक्षा, सूचना प्रविधिको उपयोग र उच्च शिक्षाका लागि आवश्यक तयारीमा अपेक्षित सुधार हुन नसकेको अवस्था रहेकाले माध्यमिक शिक्षाको गुणस्तर, सान्दर्भिकता र प्रभावकारिता अभिवृद्धि गर्न यस योजनामा आवश्यक रणनीति तथा कार्ययोजना समावेश गरिएको छ।
नेपालको तथ्याङ्क विभागको जनसङ्ख्या प्रतिवेदन २०२६ तथा EMIS २०८३ अनुसार साँफेबगर नगरपालिकामा माध्यमिक तह (कक्षा ९–१०) को विद्यालय उमेर समूहका १,०६३ र कक्षा ११–१२ का १,१२६ गरी कुल २,१९९ जना विद्यालय उमेर समूहका बालबालिका रहेका छन्। शैक्षिक सत्र २०८३ मा कक्षा ९–१० मा ७९१ र कक्षा ११–१२ मा ६१५ गरी कुल १,४०६ विद्यार्थी भर्ना भएका छन्, जसअनुसार कक्षा ९–१० को भर्नादर ७४.४१ प्रतिशत र कक्षा ११–१२ को ५४.१३ प्रतिशत रहेको छ। नगरपालिकाभित्र १५ वटा सामुदायिक र २ वटा संस्थागत माध्यमिक विद्यालय सञ्चालनमा रहेका छन्। कक्षा ९–१० मा स्थायी, राहत, अनुदान, प्राविधिक तथा अन्य गरी ७० र कक्षा ११–१२ मा अस्थायी, राहत तथा प्राविधिक गरी ३६, जम्मा १०६ जना शिक्षक कार्यरत छन्। औसत विद्यार्थी–शिक्षक अनुपात करिब १:१३ रहे पनि विद्यालय तथा विषयगत दरबन्दी वितरणमा असन्तुलन विद्यमान छ। स्थानीय तहले शिक्षक दरबन्दी व्यवस्थापन, विद्यालय समायोजन, शिक्षक क्षमता विकास, सूचना प्रविधि प्रवर्द्धन, छात्रवृत्ति, शैक्षिक क्यालेन्डर, खेलकुद तथा विद्यालय व्यवस्थापन सुधारका कार्यक्रम सञ्चालन गर्दै आएको भए पनि बसाइँसराइ, कक्षा ९ र ११ मा न्यून भर्नादर, उच्च ड्रपआउट, विषयगत शिक्षकको अभाव, सीमित सङ्काय, व्यवहारिक तथा सिपमूलक शिक्षाको कमी, प्रविधिमैत्री र अपाङ्गमैत्री पूर्वाधारको अभाव, समुदायको घट्दो सहभागिता तथा सिकाइ गुणस्तरमा अपेक्षित सुधार हुन नसक्नु अव्यवस्थित परीक्षा प्रणाली जस्ता चुनौतीहरू अझै विद्यमान छन्। यसैले माध्यमिक शिक्षाको पहुँच, निरन्तरता, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्नु नगरपालिकाको प्रमुख प्राथमिकताका रूपमा रहेको छ।

### ३.३.२ उद्देश्य

१. माध्यमिक शिक्षालाई निःशुल्क, समावेशी, समतामूलक, पहुँचयोग्य तथा सिपमूलक बनाउँदै सबै विद्यालय उमेरका बालबालिकाको पहुँच, सहभागिता, भर्नादर र टिकाउदर सुनिश्चित गर्ने।
२. माध्यमिक शिक्षाको सान्दर्भिकता, गुणस्तर तथा सिकाइ उपलब्धिमा सुधार गर्दै विद्यार्थीमा जीवनोपयोगी, प्रविधिमैत्री, रोजगारमुखी तथा उच्च शिक्षाका लागि आवश्यक ज्ञान, सीप, क्षमता र सकारात्मक मूल्यको विकास गर्ने।

३. माध्यमिक विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, सिकाइमैत्री, समावेशी, सुरक्षित, प्रविधियुक्त तथा अपाङ्गमैत्री बनाउँदै आवश्यक पूर्वाधार र शैक्षिक स्रोतको विकास गर्ने।
४. माध्यमिक शिक्षाको व्यवस्थापकीय, प्रशासनिक तथा शैक्षिक सुशासनलाई प्रभावकारी, पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउँदै विद्यालयको समग्र कार्यसम्पादनमा सुधार गर्ने।
५. स्थानीय आवश्यकता, प्रविधि, नवप्रवर्तन तथा श्रमबजारको मागअनुकूल समयसापेक्ष, व्यवहारिक र गुणस्तरीय माध्यमिक शिक्षा प्रणालीको विकास तथा सुदृढीकरण गर्ने।

### ३.३.3 रणनीति

१. माध्यमिक शिक्षामा सबै विद्यालय उमेरका बालबालिकाको समतामूलक पहुँच, भर्ना, सहभागिता र टिकाउदर सुनिश्चित गर्न विद्यालय पुनर्संरचना, आवश्यकतानुसार विद्यालय स्थापना तथा समायोजन, विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान, वैकल्पिक सिकाइ कार्यक्रम, छात्रवृत्ति, दिवाखाजा, यातायात तथा अन्य प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने।
२. माध्यमिक शिक्षाको गुणस्तर र सिकाइ उपलब्धि अभिवृद्धिका लागि न्यूनतम सिकाइ अवस्था (MEC) सुनिश्चित गर्दै नियमित सिकाइ मूल्याङ्कन, उपचारात्मक कक्षा, अभिभावक शिक्षा, जीवनोपयोगी तथा सिपमूलक शिक्षण, योग, ध्यान, नैतिक शिक्षा तथा स्थानीय आवश्यकता अनुरूपका सिकाइ कार्यक्रम सञ्चालन गर्ने।
३. शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक–अभिभावक सङ्घको क्षमता अभिवृद्धि गर्दै विषयगत शिक्षकको समुचित व्यवस्थापन, शिक्षकको पेसागत विकास (TPD), प्रविधिमैत्री शिक्षण, कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा नेतृत्व विकासमार्फत विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने।
४. माध्यमिक विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, सिकाइमैत्री, समावेशी, अपाङ्गमैत्री, सुरक्षित तथा हरित बनाउँदै खानेपानी, सरसफाइ, स्वास्थ्य, पोषण, प्रयोगशाला, पुस्तकालय, सूचना तथा सञ्चार प्रविधि (ICT), डिजिटल सिकाइ तथा अन्य आवश्यक पूर्वाधारको विकास र विस्तार गर्ने।
५. विद्यालयको व्यवस्थापकीय, प्रशासनिक तथा शैक्षिक सुशासन सुदृढ गर्न नियमित अनुगमन, निरीक्षण, सुपरिवेक्षण, कार्यसम्पादन मूल्याङ्कन, गुनासो सुनुवाइ प्रणाली, वित्तीय पारदर्शिता तथा विद्यालय, अभिभावक र समुदायबीचको साझेदारी र उत्तरदायित्वलाई संस्थागत गर्ने।
६. कक्षा ११–१२ मा विज्ञान, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्दै आवश्यक प्रयोगशाला, उपकरण, छात्रवृत्ति, दक्ष जनशक्ति तथा भौतिक स्रोत–साधनको व्यवस्थापन गरी श्रमबजार र उद्यमशीलतामुखी शिक्षा प्रवर्द्धन गर्ने।
७. माध्यमिक शिक्षालाई सूचना प्रविधि, नवप्रवर्तन तथा डिजिटल शिक्षणसँग एकीकृत गर्दै सबै विद्यालयलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउने र प्रविधिमा आधारित शिक्षण–सिकाइ प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने।
८. विद्यालय शिक्षालाई प्रकोप, विपद्, महामारी तथा जलवायु परिवर्तनका प्रभावप्रति उत्थानशील बनाउँदै सुरक्षित विद्यालय, विपद् जोखिम न्यूनीकरण तथा वातावरण संरक्षणका कार्यक्रम संस्थागत गर्ने।
९. स्थानीय इतिहास, कला, संस्कृति, भाषा, धार्मिक तथा पर्यटकीय सम्पदालाई विद्यालय शिक्षणसँग एकीकृत गर्दै अध्ययन, अनुसन्धान, संरक्षण तथा स्थानीय पहिचानमा आधारित परियोजनामूलक सिकाइलाई प्रवर्द्धन गर्ने।

१०.गरिब, जेहेन्दार, असहाय, अपाङ्गता भएका तथा विशेष आवश्यकता भएका विद्यार्थीका लागि छात्रवृत्ति, आवासीय सुविधा, सहायक सिकाइ सामग्री तथा समावेशी सहयोग प्रणालीको विकास गरी सबैका लागि गुणस्तरीय माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. निःशुल्क, समावेशी, समतामूलक तथा सिपमूलक माध्यमिक शिक्षामा सबै विद्यालय उमेरका बालबालिकाको पहुँच, सहभागिता, खुद भर्नादर तथा टिकाउदरमा उल्लेखनीय वृद्धि भएको हुनेछ।

२. माध्यमिक शिक्षाको सान्दर्भिकता, गुणस्तर तथा सिकाइ उपलब्धिमा सुधार भई विद्यार्थीमा जीवनोपयोगी, प्रविधिमैत्री, रोजगारमुखी तथा उच्च शिक्षाका लागि आवश्यक ज्ञान, सीप, क्षमता र सकारात्मक मूल्यको विकास भएको हुनेछ।

३. माध्यमिक विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, सुरक्षित, अपाङ्गमैत्री तथा प्रविधियुक्त भई आवश्यक पूर्वाधार र शैक्षिक स्रोत–साधनको विकास भएको हुनेछ।

४. माध्यमिक शिक्षाको व्यवस्थापकीय, प्रशासनिक तथा शैक्षिक सुशासन प्रभावकारी, पारदर्शी, उत्तरदायी र जवाफदेही भई विद्यालयको समग्र कार्यसम्पादनमा सुधार भएको हुनेछ।

५. स्थानीय आवश्यकता, प्रविधि, नवप्रवर्तन तथा श्रमबजारको मागअनुकूल समयसापेक्ष, व्यवहारिक र गुणस्तरीय माध्यमिक शिक्षा प्रणाली संस्थागत भई दक्ष, प्रतिस्पर्धी तथा उत्पादनशील जनशक्ति विकासमा योगदान पुगेको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य (तालिका)**

| क्र.स | सूचक | आधार वर्ष २०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | १०१९ | ११०० | ११५० | १२०० | १२२० | १२५० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ६३६ | ६४० | ६४५ | ६५२ | ६६३ | ६७० |
| ३ | विज्ञान विषय अध्ययनरत विद्यार्थी सङ्ख्या | २१ | २४ | २८ | ३० | ३२ | ३५ |
| ५ | कक्षा ९- १२ मा खुद भर्ना दर | ५७.२ | ५९ | ६१ | ६३ | ६५ | ६८ |
| ९ | उत्तीर्ण दर | ७१% | ७२% | ७३% | ७४% | ७५% | ७६% |
| १० | कक्षा ९- १२ मा विद्यार्थी, शिक्षक अनुपात | २२:१ | २५:१ | २८:१ | ३०:१ | ३२:१ | ३४:१ |
| १३ | कक्षा ९-१२ मा महिला शिक्षक % | ११ | १५ | १९ | 24 | २७ | २९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | माध्यमिक तहमा खर्चको % | ४८ | ५० | ५२ | ५४ | ६० | ६२ |
| १५ | माध्यमिक तह पार गर्ने दर | ६३% | ६५% | ६८% | ७०% | ७५% | ८०% |
| १६ | कक्षा छाड्ने दर | ५% | ४% | ३% | २% | १% | ०% |
| १७ | माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक धार तर्फको शिक्षा | २ | १ | १ | १ | १ | १ |

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र.स** | **प्रमुख क्रियाकलाप** | **एकाइ** | **भौतिक लक्ष्य (पाँच वर्ष)** | | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **२०८३** | **२०८४** | **२०८५** | **२०८६** | **२०८७** | **जम्मा** | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | जना | ३ | ४ | ५ | ६ | ७ | ८ | | |
| ३ | विद्यालको न्यूनतम भौतिक पूर्वाधार विकास | विद्यालय | १ | २ | २ | २ | २ | २ | | |
| ४ | शिक्षण आपूरण क्रियाकलाप | | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| ५ | डिजिटल कक्षाकोठा, ई-पुस्तकालय, विज्ञान प्रयोगशाला र सिकाइ सामग्री | | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| ६ | अनुगमन, सुपरिवेक्षण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | शिक्षक पेसागत विकास तथा सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ८ | सरोकारवाला व्यक्ति तथा समुदायसँग समन्वय र सहकार्य | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | अतिरिक्त क्रियाकलाप, परियोजना र अन्वेषण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १० | हरित विद्यालय कार्यक्रम | | १ | २ | ३ | ४ | ५ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालय, शिक्षक र विद्यार्थी सम्मान तथा पुरस्कार | व्यक्ती | ५ | ५ | ५ | ५ | ५ | | | |
| १२ | नमुना विद्यालय छनोट मूल्याङ्कन तथा वर्गीकरण | विद्यालय | १ | १ | १ | १ | १ | | | |
| १३ | योग, ध्यान, नैतिक ज्ञान र खेलकुद अभ्यास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १४ | आयुर्वेदिक तथा बहुप्राविधिक शिक्षालय स्थापना | विद्यालय | १ | | | १ | | | | |

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.४.१ वर्तमान अवस्था

प्राविधिक तथा व्यावसायिक शिक्षा व्यक्तिलाई रोजगार, स्वरोजगार, उद्यमशीलता तथा उत्पादनमूलक जीवनसँग जोड्ने महत्वपूर्ण माध्यम हो। परम्परागत शिक्षाले मात्र रोजगारीका लागि आवश्यक सीप विकास गर्न नसकेको सन्दर्भमा माध्यमिक तहमा प्राविधिक धार तथा सीपमूलक शिक्षा विस्तार गर्ने नीति अवलम्बन गरिएको छ। यसले विद्यार्थीलाई श्रमबजारको मागअनुसारको ज्ञान, सीप र दक्षता प्रदान गरी स्वदेशमै रोजगारी तथा उद्यमशीलताका अवसर सिर्जना गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। उच्च शिक्षामा जान नसक्ने वा सीधै श्रमबजारमा प्रवेश गर्न चाहने युवाका लागि पनि प्राविधिक तथा व्यावसायिक शिक्षा महत्वपूर्ण विकल्पका रूपमा रहेको छ। यसै उद्देश्यलाई दृष्टिगत गर्दै साँफेबगर नगरपालिकाले स्थानीय आवश्यकता, उपलब्ध स्रोत–साधन तथा श्रमबजारको मागलाई आधार मानी प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकास कार्यक्रमलाई शिक्षा योजनाको महत्वपूर्ण प्राथमिकताका रूपमा समावेश गरेको छ।

हाल साँफेबगर नगरपालिकामा विगतमा सञ्चालन भएका पाँच प्राविधिक धारका विद्यालयमध्ये **दुई सामुदायिक विद्यालयमा कृषि प्राविधिक धार** सञ्चालनमा रहेको छ। साथै सरकारी तथा गैरसरकारी संस्थाको सहकार्यमा कृषि, पशुपालन, कम्प्युटर, सिलाइ–कटाइ, उद्यमशीलता तथा निर्माणसम्बन्धी छोटो अवधिका सीपमूलक तालिमहरू सञ्चालन हुँदै आएका छन्। माध्यमिक तह (कक्षा ९–१२) मा अध्ययनरत विद्यार्थीमध्ये प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीको अनुपात **१० प्रतिशतभन्दा कम** रहेको छ भने प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरू कृषि तथा "पढ्दै कमाउँदै" कार्यक्रममार्फत उत्पादनमूलक गतिविधिमा संलग्न भई स्वरोजगारको सम्भावना विकास गरिरहेका छन्। नगरपालिकाभित्रका दुई प्राविधिक विद्यालयमा **१८ जना प्राविधिक शिक्षक तथा प्रशिक्षक** कार्यरत भए पनि दक्ष जनशक्ति, आधुनिक प्रयोगशाला, उपकरण तथा सिकाइ सामग्रीको अभाव कायमै छ। स्थानीय स्तरमा कृषि, पशुपालन, निर्माण, पर्यटन, होटल व्यवसाय तथा साना उद्यम क्षेत्रमा सीपयुक्त जनशक्तिको माग रहे पनि तालिम र श्रमबजारबीचको कमजोर सम्बन्ध, निजी क्षेत्रसँग न्यून साझेदारी तथा तालिमपश्चात् रोजगारी र उद्यमशीलताको सीमित अवसरका कारण धेरै युवा वैदेशिक रोजगारी तथा शहरी क्षेत्रमा पलायन भइरहेका छन्। नगरपालिकाले विकास साझेदार, विद्यालय,

सहकारी तथा अन्य सरोकारवालासँगको सहकार्यमा युवा तथा महिलामैत्री सीप विकास, स्वरोजगार, मेड्पा तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्दै आएको भए पनि महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रूपमा विपन्न समुदायको सहभागिता अपेक्षाकृत न्यून रहेको छ। यसैले दक्ष प्रशिक्षक, गुणस्तरीय पूर्वाधार, श्रमबजारसँगको प्रभावकारी समन्वय तथा रोजगारी सुनिश्चितता आधारित प्राविधिक तथा व्यावसायिक शिक्षा प्रणालीको थप विस्तार र सुदृढीकरण आवश्यक देखिन्छ।

### ३.४.२ उदेश्य

१. विद्यालय शिक्षामार्फत स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको आवश्यकता अनुरूप दक्ष मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने।
२. प्राविधिक धार सञ्चालन गरिरहेका सामुदायिक विद्यालयहरूको संस्थागत, भौतिक तथा शैक्षिक क्षमता अभिवृद्धि गरी गुणस्तरीय प्राविधिक शिक्षा सुनिश्चित गर्ने।
३. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रूपमा विपन्न समुदायको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा समावेशी र समान सहभागिता सुनिश्चितता मार्फत स्थानीय स्तरमा स्वरोजगारी तथा उद्यमशीलताका अवसर सिर्जना गर्ने।

### ३.४.३ रणनीति

१. माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूलाइ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको पहुँच सुनिश्चित गर्दै प्राविधिक धारमा आकर्षण बढाइनेछ।
२. स्थानीय आवश्यकता, श्रम बजारको माग तथा प्रविधिको विकासअनुसार समयसापेक्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको विस्तार तथा परिमार्जन गरिनेछ।
३. प्राविधिक धार सञ्चालन गरिरहेका सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार, प्रयोगशाला, उपकरण तथा सिकाइ सामग्रीको व्यवस्थापन र स्तरोन्नति गरिनेछ।
४. प्राविधिक विषयका शिक्षक तथा प्रशिक्षकहरूको क्षमता अभिवृद्धि, पेशागत विकास र पर्याप्त व्यवस्थापनमा जोड दिइनेछ।
५. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रूपमा विपन्न समुदायका लागि लक्षित छात्रवृत्ति, प्रोत्साहन तथा विशेष पहुँच कार्यक्रम सञ्चालन गरिनेछ।
६. स्थानीय उद्योग, व्यवसाय, सहकारी, निजी क्षेत्र तथा रोजगारदातासँग सहकार्य गरी सीप विकास, इन्टर्नसिप तथा रोजगारीका अवसर विस्तार गरिनेछ।
७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई स्थानीय आर्थिक विकास, स्वरोजगार र उद्यमशीलतासँग आबद्ध गरिनेछ।
८. संघ, प्रदेश सरकार, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् तथा विकास साझेदार संस्थाहरूसँग समन्वय र साझेदारी विस्तार गरिनेछ।
९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा गुणस्तर सुनिश्चितता प्रणाली विकास गरिनेछ।

१०. विद्यालय तहदेखि नै करियर परामर्श तथा सीप विकाससम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरूलाई प्राविधिक शिक्षातर्फ आकर्षित गरिनेछ।
११. स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्द्धन गरिनेछ .
१२. बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग हुने वातावरण सृजना हुनेछ।
१३. तालिम प्राप्त युवाहरूलाई उद्यम स्थापना, वित्तीय पहुँच तथा बजार व्यवस्थापनमा आवश्यक सहयोग प्रदान गरिने।

### ३.४.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थी मध्ये १२% ले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका हुनेछन्।
२. स्थानीय आवश्यकता अनुसार दक्ष, सीपयुक्त जनशक्ति उत्पादन भएको हुनेछ।
३. तालिम प्राप्त युवाले स्थानीय स्तरमै रोजगार वा स्वरोजगारका अवसर प्राप्त गरेका हुनेछन्।
४. प्राविधिक शिक्षा सञ्चालन गरिरहेका विद्यालयहरुको संस्थागत क्षमता, पूर्वाधार र गुणस्तरमा सुधार भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स | सूचक | आधार बर्ष २०८२/ ८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तहका विद्यार्थीमध्ये प्राविधिक धारमा भर्ना दर (% | १०% | ११ % | १२% | १३% | १४% | १५% |
| २ | प्राविधिक विद्यालय/कार्यक्रमको संख्या (वटा) | २ | ३ | ४ | ५ | ६ | ७ |
| ३ | प्राविधिक तथा व्यावसायिक तालिममा सहभागी विद्यार्थी | ८० | १२० | १६० | २०० | २४० | २८० |
| ४ | विपन्न समुदायका बालबालिकाहरुको प्राविधिक शिक्षामा सहभागिता | १५ | १७ | १९ | २१ | २३ | २५ |
| ५ | प्राविधिक विद्यालयमा दक्ष प्रशिक्षक संख्या | १४ | २१ | २८ | ३५ | ४२ | ५० |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य पाँच वर्ष | | | | | | लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | | |
| १ | प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या वृद्धि गर्ने | विद्यार्थी | १० | २० | ३० | ४० | ५० | १५० | २०० | |
| २ | विपन्न विद्यार्थी लक्षित छात्रवृत्ति वितरण गर्ने | विद्यार्थी | ४ | ४ | ६ | ८ | १० | १२ | २० | |
| ३ | प्राविधिक शिक्षक/प्रशिक्षकहरुको क्षमता विकास तालिम सञ्चालन गर्ने | शिक्षक | १ | १ | २ | २ | २ | २ | ३ | |
| ४ | प्राविधिक विद्यालयमा प्रयोगशाला व्यवथापन सहयोग गर्ने । | प्रयोगशाला | २ | २ | ३ | ४ | ४ | ५ | ७ | |
| ५ | प्राविधिक शिक्षा अध्ययन गरेका विद्यार्थीलाइ उद्यमशीलता विकासका लागि सहयोग | संख्या | २ | २ | ३ | ४ | ५ | ६ | ८ | |
| ५ | सूचना प्रविधि (IT) तालिम सञ्चालन गर्ने | शिक्षक | १० | १५ | २० | २५ | ३० | ४० | ४५ | |
| ६ | विद्यालय–उद्योग/सहकारी साझेदारी कार्यक्रम विस्तार गर्ने | कार्यक्रम | २ | २ | ३ | ३ | ४ | ४ | ५ | |
| ७ | इन्टर्नसिप तथा कार्यस्थल अभ्यास कार्यक्रम सञ्चालन गर्ने | कार्यक्रम | २ | ३ | ३ | ४ | ४ | ४ | ५ | |
| ८ | विद्यार्थीलाइ लघु अनुसन्धान तथा नवप्रवर्तनका लागि प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने। | संख्या | १ | २ | २ | ३ | ४ | ४ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | करियर परामर्श तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | कार्यक्रम | २ | ३ | ४ | ५ | ५ | ५ | ५ | |
| १० | प्राविधिक विद्यालयको पूर्वाधार सुधार गर्ने | कार्यक्रम | १ | १ | २ | २ | ३ | ३ | ४ | |
| ११ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने संस्थाहरूको अनुगमन, नियमन तथा व्यवस्थापन सुदृढ गर्ने। | पटक | २ | ३ | ४ | ५ | ६ | ६ | ७ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ वर्तमान अवस्था

सिकाइलाई जीवनपर्यन्त चलिरहने प्रक्रियाका रूपमा लिने गरिन्छ। मानिसहरू औपचारिक, अनौपचारिक र अतिरिक्त पद्धतिको माध्यमबाट जीवन, जगत र वातावरणमा अन्तरक्रिया गर्दै अनुभवहरू हासिल गर्दछन् । केही न केही नयाँ कुराहरूको सिकाइ पनि भई नै रहेको हुन्छ तर हाम्रो समाजमा निश्चित उमेर, समय र स्थानमा सञ्चालन गरिने औपचारिक शिक्षालाई मात्रै सिकाइ मान्ने चलन रहेको छ र त्यस्तो औपचारिक शिक्षाबाट विभिन्न कारणले बञ्चित भएका मानिसहरू 'उमेरमा पढ्न पाइएन' भन्दै पश्चाताप गरेको पनि सुन्न पाइन्छ । त्यस्ता मानिसहरूमा इच्छा र जाँगर भए जीवनभर सिकाइमा सक्रियतापूर्वक संलग्न रहन पाइन्छ भन्ने भावनाको विकास गर्न सकिएमा समृद्ध र सभ्य समाजको निर्माणमा सहयोग पुग्न सक्दछ। यसै कुरालाई मध्यनजर गर्दै साँफेवगर नगरपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र आजीवन शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरिएको छ । विगतमा सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षाको माध्यमबाट यस नगरपालिकालाई बि. स २०७६ साक्षर नगरपालिका घोषणा गरिएको छ। बसाइसराइलगायत अन्य कारणले एकातिर जनसङ्ख्या थपिने सँगैसँगै निरक्षरहरूको वृद्धि हुने सम्भावना रहन्छ भने अर्कोतिर साक्षरता शिक्षा लिइ सकेकाहरूलाई निरन्तरता दिनका लागि निरन्तर शिक्षाको आवश्यकता हुन जान्छ । आजीवन शिक्षाको महत्त्व मानिसहरूलाई बुझाउनका लागि साक्षरताका सिपहरूलाई दैनिक जीवनका क्रियाकलापहरूसँग सम्बन्धित गराएर त्यसबाट कसरी जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा सम्बन्धित व्यक्तिलाई राम्रोसँग सुसूचित गराउनु आवश्यक हुन्छ। पढाइ, लेखाइ र सामान्य गणितीय सिपको सहयोगले कृषि, घरेलु उद्यम, व्यापार, पशुपालनलगायत धेरै प्रकारका पेसा व्यवसाय सञ्चालनमा ठुलो सहयोग हुन सक्ने र यसबाट आयआर्जनमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने हुँदा स्थानीय स्तरकै उदाहरणसहितका सामग्रीहरूको निर्माण गरी सिकारुका अनुभवहरूलाई उपयोग गर्ने गरी आजीवन सिकाइलाई मूर्त रूप दिन योजना निर्माण गरिएको छ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार साँफेबगर नगरपालिकाभित्र रहेको जम्मा जनसङ्ख्यामध्ये ७४.४० प्रतिशत साक्षर रहेका छन् । जसमध्ये महिला साक्षरता ६४ प्रतिशत र पुरुष साक्षरता ८७.३० प्रतिशत रहेको छ । साँफेबगर नगरपालिकाले अनौपचारिक तथा आजीवन शिक्षाको प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। नगरपालिकाले सामुदायिक सिकाइ केन्द्रहरूको स्थापना तथा सुदृढीकरण गरी वयस्क साक्षरता, उत्तर-साक्षरता र निरक्षरता न्यूनीकरणका कार्यक्रम सञ्चालन गरेको छ। साथै युवायुवती, महिला तथा सीमान्तकृत समुदायलाई लक्षित गरी सिपमूलक तथा आयआर्जनसम्बन्धी तालिम, डिजिटल साक्षरता तथा सूचना प्रविधि प्रयोगसम्बन्धी क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण, नागरिक सचेतना र सामाजिक विकाससँग सम्बन्धित जनचेतनामूलक कार्यक्रममार्फत समुदायमा ज्ञान र सिपको विस्तार गर्ने प्रयास गरिएको छ। विशेषगरी महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य वञ्चित समुदायको शैक्षिक पहुँच र सहभागिता अभिवृद्धि गर्न विभिन्न सशक्तीकरण कार्यक्रमहरू सञ्चालन गरिएका छन्। यसका साथै सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय तह तथा अन्य सरोकारवालाबिच समन्वय र सहकार्यलाई सुदृढ गर्दै सबैका लागि समावेशी र गुणस्तरीय आजीवन शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा नगरपालिका सक्रिय रहेको छ। साथै यस नगरपालिकाले लक्षित समूहका लागि समय समयमा इलेक्ट्रिक, ब्युटिसियन, सिलाइकटाइ, सिकर्मी, डकर्मी तथा कृषिसम्बन्धी तालिम पनि सञ्चालन गर्दै आइरहेको छ ।

अनौपचारिक तथा आजीवन शिक्षाको विकासका लागि थुप्रै चुनौति तथा कठिनाइहरू रहेका छन् । दुर्गम भौगोलिक अवस्था, बजेटको अभाव, जनाचेतनाको कमी, दक्ष जनशक्तिको अभाव, मुख्य चुनौतिहरू हुन् ।

### ३.५.२ उद्देश्य

१. साक्षर नागरिकलाई निरन्तर शिक्षाको माध्यमबाट सिपमूलक कार्यक्रमहरूमा आवद्ध गराउनु ।
२. निरक्षरहरूको पहिचान गरी विभिन्न माध्यमबाट साक्षर बनाउनु ।
३. जीवनपर्यन्त सिकाइमा जोड दिनु ।
४. साक्षरता तथा कार्यमूलक सिपको विकास गर्नु ।
५. व्यक्तिलाई आत्मनिर्भर र स्वरोजगार बनाउनु ।
६. रोजगारी, स्वरोजगारी तथा उधमशीलता प्रबर्धन गर्न आवश्यक सिप प्रदान गर्नु ।

### ३.५.३ रणनीति

१. निरक्षर तथा विद्यालयबाहिर रहेका बालबालिका र वयस्कहरुको पहिचान गरी वैकल्पिक शिक्षाको व्यवस्था गर्ने ।
२. स्थानीय तह, विद्यालय तथा समुदायसंग समन्वय गरी एक वडा एक सुविधासम्पन्न सिकाइ केन्द्रहरु स्थापना गर्ने ।

३. सिकाइ केन्द्रहरुलाई आयमुलक तथा आजीवन सिकाइ केन्द्रको रुपमा विकास गर्ने
४. जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी शिक्षामा सहभागिता बढाउने ।
५. सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न सिप विकास र आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने ।
६. सबै उमेर समूहका नागरिकलाई गुणस्तरीय आजीवन शिक्षा/जीवनपर्यन्त शिक्षाको दिगो पहुँच सुनिश्चित गर्ने ।
७. राष्ट्रिय योग्यता प्रारूपसंग अनौपचारिक शिक्षालाई आबद्ध गर्ने ।
८. सिकाइ समाजको निर्माण गरी जीवनभर सिकाइको संस्कार विकास गर्ने ।
९. सिकारूको आवश्यकतानुसार पाठ्यक्रम, सिकाइ मोड्युल र भाषिक विविधताअनुरुपका सामग्रीको व्यवस्था गर्ने ।
१०. आधारभूत साक्षरता तथा साक्षोरत्तर कार्यक्रम संचालन गर्ने |

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलव्धि**

१. साक्षरता दरमा वृद्वि भएको हुनेछ |
२. विद्यालयबाहिर रहेका बालबालिका तथा वयस्कहरुको शिक्षामा पहुँच बढेको हुनेछ |
३. सामुदायिक सिकाइ केन्द्रहरुको स्थापाना तथा स्तरोन्नति भएको हुनेछ |
४. महिला दलित, जनजाती, अपाङ्गता भएका व्यक्ति तथा अन्य सिमान्तकृत समूहको शैक्षिक सहभागिता बढेको हुनेछ |
५. सिपमूलक तथा आयआर्जनमुलक तालिमबाट आत्मनिर्भरता अभिवृद्धि भएको हुनेछ |
६. स्थानीय तह, विद्यालय, सामुदायिक सिकाइ केन्द्र तथा सरोकारवालाबिचको सहकार्य बढेको हुनेछ |
७. खुला तथा वैकल्पिक शिक्षाका अवसरहरुको विस्तार भएको हुनेछ |
८. शिक्षा मार्फत जीवनस्तर सुधार तथा सामाजिक रुपान्तरणमा सकारात्मक योगदान पुगेको हुनेछ |

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|
| १ | साँफेबगर नगरपालिकालाई साक्षर घोषणा | भैसकेको | | | | |
| २ | सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नति | ६ | १ | १ | १ | १ |
| ३ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना | ६ | १ | २ | २ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | निरक्षर व्यक्तिहरूको पहिचान तथा शैक्षिक मूल प्रवाहीकरण | १ | | | | |
| ५ | अनौपचारिक शिक्षाको डाटा वेश ब्यबस्थापन | १ | १ | १ | १ | १ |
| ६ | विज्ञ समूह निर्माण र परिचालन | 0 | १ | १ | २ | २ |
| ७ | सामुदायिक पुस्तकालयको सङ्ख्या | 0 | १ | १ | १ | २ |
| ८ | छोटो अवधिको तालिम, समूह गठन तथा आय आर्जन सहयोग। | भइरहेको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष ) | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | | |
| १. | निरक्षरहरूको तथ्यांक संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | व्यवसायिक तथा सिपको आवश्यकता पहिचान, कार्ययोजना निर्माण तथा कार्यन्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | साक्षरता तथा निरन्तर शिक्षा कक्षा संचालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नति | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सिपमूलक तथा व्यावसायिक तालिम सञ्चालन | पटक | २ | ३ | ४ | २ | १ | १२ | २० | |
| ६ | अभिभावक तथा समुदाय सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४३ | |
| ८ | विज्ञ समूह निर्माण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १४ | |
| ९ | सामुदायिक सिकाइ केन्द्रलाई प्रविधिमैत्री बनाउने | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १४ | |
| १० | सामुदायिक सिकाइ केन्द्रले समुदायमा आधारित संघ संस्था संग सहकार्य गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | आजीवन सिकाइका लागि सामग्री विकास गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | सामुदायिक पुस्तकालय निर्माण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १४ | |
| १३ | वार्षिक समीक्षा तथा आगामी योजना तर्जुमा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ४ : अन्तर सम्वन्धित विषय  तथा क्षेत्र

अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरूले विद्यालय शिक्षा योजनामा अपेक्षित परिणाम हासिल गर्न सहयोग पुऱ्याउने महत्त्वपूर्ण कारकका रूपमा कार्य गर्दछन्। विद्यालय शिक्षा योजनामा शिक्षक व्यवस्थापन तथा पेशागत विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, शिक्षामा सूचना तथा सञ्चार प्रविधि, तथा विद्यालय भौतिक विकासजस्ता विषयहरू विशेष महत्त्वका छन्। यद्यपि अघिल्ला परिच्छेदहरूमा विद्यालय शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूको योजना प्रस्तुत गर्ने क्रममा यी अन्तरसम्बन्धित विषयका केही पक्षहरू उल्लेख भइसकेका छन्, तथापि तिनको समग्र विश्लेषण गरी योजनामा उचित प्राथमिकता निर्धारण गर्न तथा विभिन्न उपक्षेत्रहरूसँगको अन्तरसम्बन्धलाई थप स्पष्ट बनाउन आवश्यक देखिन्छ। यस सन्दर्भमा, यस परिच्छेदमा समावेश गरिएका प्रत्येक अन्तरसम्बन्धित विषय तथा क्षेत्रलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य निर्धारणका आधारमा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गर्नुपर्ने हुन्छ। साथै, स्थानीय तहको अवस्था, आवश्यकता तथा प्राथमिकताअनुसार अन्य अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू पनि थप गर्न सकिनेछ।

## ४.१ पाठ्यक्रम , पाठ्यपुस्तक,सिकाई सामग्री तथा मूल्यांकन

### ४.१.१. वर्तमान अवस्था

पाठ्यक्रम शिक्षण–सिकाइ प्रक्रियालाई व्यवस्थित, उद्देश्यपरक र सान्दर्भिक बनाउने आधारभूत मार्गदर्शक हो भने पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन प्रणाली त्यसको प्रभावकारी कार्यान्वयनका प्रमुख माध्यम हुन्। यी पक्षहरूले विद्यार्थीको शारीरिक, बौद्धिक, सामाजिक, नैतिक, सांस्कृतिक, भावनात्मक तथा जीवनोपयोगी सीपको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्। संघीय शासन प्रणालीको कार्यान्वयनसँगै साँफेबगर नगरपालिकामा राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा उल्लेखनीय प्रगति भएको छ। शैक्षिक सत्रको प्रारम्भमै सबै विद्यालयमा पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था संस्थागत भएको छ र स्थानीय भूगोल, भाषा, संस्कृति, इतिहास, रैथाने ज्ञान तथा वातावरणीय दिगोपनालाई समेटेर १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याइएको छ।

विद्यालयहरूमा हरित विद्यालय, परियोजनामूलक सिकाइ, जीवनोपयोगी सीप, वित्तीय साक्षरता, उद्यमशीलता तथा स्थानीय स्रोत–साधनमा आधारित सिकाइलाई प्रवर्द्धन गर्ने प्रयास गरिएको छ। साथै शिक्षक क्षमता विकास, पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी तालिम, शिक्षक निर्देशिका वितरण, डिजिटल सिकाइ सामग्रीको प्रयोग, विद्यालयस्तरीय अनुगमन तथा कक्षा ८ को परीक्षा सञ्चालन र व्यवस्थापनलाई व्यवस्थित रूपमा कार्यान्वयन गरिएको छ। केही विद्यालयहरूमा इन्टरनेट, कम्प्युटर ल्याब, स्मार्ट बोर्ड तथा स्थानीय विज्ञलाई 'अतिथि शिक्षक' का रूपमा परिचालन गर्ने अभ्याससमेत सुरु गरिएको छ।

यद्यपि पाठ्यक्रमको मर्मअनुसार दक्षतामा आधारित, विद्यार्थीकेन्द्रित तथा प्रयोगात्मक शिक्षण–सिकाइ अभ्यास सबै विद्यालयमा प्रभावकारी रूपमा संस्थागत हुन सकेको छैन। धेरै विद्यालयमा अझै पनि घोकन्ते र परीक्षाकेन्द्रित शिक्षण पद्धतिको प्रभाव देखिन्छ भने प्रयोगशाला, खेलमैदान, आधुनिक सिकाइ सामग्री, सूचना–प्रविधि तथा अन्य शैक्षिक स्रोत–साधनको अभाव विद्यमान छ। दक्ष तथा प्रविधिमैत्री शिक्षकको कमी, भौगोलिक विकटता, सीमित वित्तीय स्रोत, प्राविधिक जनशक्तिको अभाव तथा परिमार्जित मूल्याङ्कन प्रणालीको प्रभावकारी प्रयोगमा चुनौती देखिएको छ। दुर्गम विद्यालयहरूमा न्यूनतम सिकाइ सामग्रीको व्यवस्थापन र डिजिटल प्रविधिको पहुँच अझै कमजोर रहेको छ। स्थानीय तहले शिक्षा क्षेत्रको नीति निर्माण, स्थानीय स्रोत–साधनको परिचालन, पाठ्यक्रम कार्यान्वयन, मूल्याङ्कन सुधार तथा अनुगमनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको भए पनि पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन प्रणालीबीच प्रभावकारी अन्तरसम्बन्ध स्थापित गर्दै सिकाइलाई थप व्यवहारिक, प्रविधिमैत्री, समावेशी र नतिजामुखी बनाउन निरन्तर सुधार र लगानी आवश्यक देखिन्छ।

### ४.१.२ उद्देश्यहरु

१. पाठ्यक्रममा आधारित शिक्षण–सिकाइ प्रक्रियामार्फत विद्यार्थीमा ज्ञान, सीप, मूल्य र व्यवहारको विकासमा सहजीकरण गर्नु।
२. स्थानीय आवश्यकता, भाषा, संस्कृति, वातावरण तथा जीवनोपयोगी सीप समेटिएका स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्रीको निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्नु।
३. सिकाइलाई प्रभावकारी, रोचक, प्रयोगात्मक तथा प्रविधिमैत्री बनाउन आवश्यक सिकाइ सामग्रीको विकास, प्रयोग र व्यवस्थापनलाई प्रवर्द्धन गर्नु।
४. विद्यार्थीको सिकाइ उपलब्धि मापनका लागि निरन्तर, आवधिक, समावेशी तथा स्तरीकृत मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नु।
५. शिक्षकहरूको पाठ्यक्रम कार्यान्वयन क्षमता, मूल्याङ्कन सीप तथा आधुनिक शिक्षण विधिको प्रयोगलाई सुदृढ गर्न तालिम तथा पेशागत सहयोग उपलब्ध गराउनु।

### ४.१.३ रणनीति

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप, प्रचलित शैक्षिक नीति तथा स्थानीय आवश्यकता अनुरूप राष्ट्रिय र स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र सिकाइ सामग्रीको समयमै उपलब्धता तथा प्रभावकारी प्रयोग सुनिश्चित गर्ने।
२. शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा अन्य सरोकारवालाको क्षमता अभिवृद्धि गर्दै पाठ्यक्रममा आधारित शिक्षण, आधुनिक शिक्षण विधि, प्रविधिमैत्री सिकाइ, समावेशी शिक्षा तथा प्रभावकारी मूल्याङ्कन प्रणालीको संस्थागत विकास गर्ने।
३. स्थानीय भाषा, मातृभाषा, संस्कृति, इतिहास, भूगोल, वातावरण, रैथाने ज्ञान, जीवनोपयोगी सीप तथा हरित विद्यालय अवधारणालाई स्थानीय पाठ्यक्रम, परियोजनामूलक सिकाइ र शिक्षण–सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा एकीकरण गर्ने।
४. विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धिका लागि निरन्तर तथा आवधिक मूल्याङ्कन, सहपाठी सिकाइ, उपचारात्मक कक्षा, अतिरिक्त सहयोग कार्यक्रम तथा विद्यालयमा आधारित विद्यार्थी सहयोग प्रणाली सञ्चालन गर्ने।
५. विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि, डिजिटल सिकाइ सामग्री, ई–लर्निङ, परियोजनामूलक तथा प्रयोगात्मक शिक्षणको विस्तार गर्दै विपद्, महामारी तथा अन्य सङ्कटको अवस्थामा समेत वैकल्पिक शिक्षण–सिकाइ प्रणाली प्रभावकारी रूपमा सञ्चालन गर्ने।
६. समावेशी, बालमैत्री तथा सिकाइमैत्री वातावरण सुनिश्चित गर्दै मातृभाषा, बहुभाषिक शिक्षा तथा विशेष आवश्यकता भएका विद्यार्थीका लागि आवश्यक सहयोग र सिकाइ अवसरको विस्तार गर्ने।
७. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री, शिक्षण–सिकाइ प्रक्रिया तथा मूल्याङ्कन प्रणालीको नियमित अनुगमन, सुपरिवेक्षण, प्रतिपुष्टि र सुधारात्मक सहजीकरणमार्फत विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने।
८. पाठ्यक्रम कार्यान्वयन, शिक्षकको पेसागत विकास, विद्यालय सुधार, विद्यार्थीको सिकाइ उपलब्धि तथा स्थानीय तहको शैक्षिक व्यवस्थापनबीच प्रभावकारी समन्वय र सहकार्य स्थापित गर्दै गुणस्तरीय, सान्दर्भिक र नतिजामूलक शिक्षण–सिकाइ प्रणाली विकास गर्ने।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट निम्न प्रमुख उपलब्धिहरू हासिल भएका हुनेछन् :

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइमार्फत विद्यार्थीको ज्ञान, सीप, मूल्य र व्यवहारमा सकारात्मक परिवर्तन आएको हुनेछ।
२. स्थानीय आवश्यकता, भाषा, संस्कृति, इतिहास तथा वातावरण समेटिएका स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको निर्माण तथा प्रभावकारी कार्यान्वयन भएको हुनेछ।
३. सबै विद्यालयमा समयमै पाठ्यपुस्तक तथा आवश्यक सिकाइ सामग्रीको उपलब्धता सुनिश्चित भएको हुनेछ।
४. शिक्षकहरूमा पाठ्यक्रम कार्यान्वयन, आधुनिक शिक्षण विधि तथा मूल्याङ्कन सम्बन्धी पेशागत क्षमता अभिवृद्धि गरिनेछ।
५. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ तथा डिजिटल सामग्रीको प्रयोग वृद्धि भएको हुनेछ।

६. परियोजना कार्य, प्रयोगात्मक सिकाइ तथा जीवनोपयोगी सीपमा आधारित शिक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको हुनेछ।
७. विद्यालयहरूमा हरित विद्यालय अवधारणा, वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी विषयवस्तुको प्रभावकारी एकीकरण भएको हुनेछ।
८. मातृभाषा, स्थानीय भाषा तथा बहुभाषिक शिक्षणको प्रयोग विस्तार भई सिकाइ उपलब्धिमा सुधार ल्याइनेछ।
९. सिकाइमा कमजोर तथा विशेष सहयोग आवश्यक पर्ने विद्यार्थीहरूका लागि सहयोग प्रणाली प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
१०. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।
११. विद्यालय तथा स्थानीय तहबीच पाठ्यक्रम, सिकाइ सामग्री र मूल्याङ्कन व्यवस्थापनमा समन्वय तथा सहकार्य सुदृढ भएको हुनेछ।
१२. समग्र रूपमा विद्यालय शिक्षाको गुणस्तर, सिकाइ उपलब्धि तथा विद्यार्थीको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि भएको हुनेछ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार बर्ष २०८२/८३ | २०८३/८४ | २०८३/८४ | २०८४/८५ | २०८५/८७ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | |
| २ | समयमै पाठ्यपुस्तक प्राप्त गर्ने विद्यालय (%) | १०० | १०० | १०० | | | |
| ३ | स्थानीय पाठ्यक्रम कार्यान्वयन गरेका विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | |
| ४ | पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी तालिम प्राप्त शिक्षक (%) | ९० | ९१ | ९२ | ९३ | ९४ | |
| ५ | आवश्यक सिकाइ सामग्री उपलब्ध भएका विद्यालय (%) | ७५ | ८० | ८८ | ९२ | ९८ | |
| ६ | निरन्तर विद्यार्थी मूल्याङ्कन पूर्ण रूपमा लागु भएका विद्यालय (%) | सबै | सबै | सबै | सबै | सबै | |
| ७ | कक्षा ३, ५ र ८ को सिकाइ उपलब्धि न्यूनतम मापदण्ड पूरा गर्ने विद्यार्थी (%) | सबै | सबै | सबै | सबै | सबै | |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | भौतिक लक्ष्य (पांच वर्ष ) | | | | | | जम्मा | भौतिक लक्ष्य (दश वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| १ | स्थानीय पाठ्यक्रम निर्माण तथा परिमार्जन | पटक | १ | | | | १ | २ | | |
| २ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धी शिक्षक तालिम | पटक | आवश्यकता अनुसार | | | | | | | |
| ३ | सिकाइ सामग्री निर्माण तथा वितरण | पटक | आवश्यकता अनुसार | | | | | | | |
| ४ | डिजिटल सिकाइ सामग्री तथा ICT प्रयोग विस्तार | विद्यालय | आवश्यकता अनुसार | | | | | | | |
| ५ | स्थानीय भाषा तथा संस्कृति आधारित पाठ्यसामग्री विकास | | आवश्यकता अनुसार | | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

साँफेबगर नगरपालिकामा गुणस्तरीय विद्यालय शिक्षाको आधारका रूपमा शिक्षक व्यवस्थापन तथा पेशागत विकासलाई प्राथमिकतामा राखिएको छ। संघीय संरचनाअनुसार शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएपछि शिक्षा, युवा तथा खेलकुद शाखामार्फत शिक्षक व्यवस्थापन, क्षमता विकास, अनुगमन तथा शैक्षिक सुधारका कार्यक्रम सञ्चालन हुँदै आएका छन्। विगतमा विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिमार्फत सञ्चालन हुने पेशागत सहयोग प्रणालीको स्थान स्थानीय तहले लिएको भए पनि आवश्यक प्राविधिक जनशक्ति तथा संस्थागत संरचनाको अभावका कारण विद्यालयस्तरमा नियमित पेशागत सहयोग अपेक्षित रूपमा विस्तार हुन सकेको छैन। नगरपालिकाका विद्यालयहरूमा आधारभूत तहमा **२०४**, निम्न माध्यमिक तहमा **५२**, माध्यमिक तह (कक्षा ९–१०) मा **४८** तथा कक्षा ११–१२ मा अस्थायी, राहत, प्राविधिक प्रशिक्षक, प्राविधिक सहायक प्रशिक्षक र ल्याब सहायकसहित आवश्यक शिक्षक जनशक्ति कार्यरत रहेका छन्। शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षकसँगै राहत, करार,

अनुदान तथा प्राविधिक शिक्षकमार्फत शिक्षण व्यवस्थापन हुँदै आएको छ। नगरपालिकाले विषयगत तालिम, नयाँ पाठ्यक्रम अभिमुखीकरण, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण, समावेशी शिक्षा, निरन्तर मूल्याङ्कन तथा कक्षाकोठा व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गर्दै आएको छ। साथै प्रधानाध्यापक, शिक्षा शाखा तथा विषयगत सञ्जालमार्फत अनुगमन, पृष्ठपोषण, सहकर्मी सिकाइ, शिक्षक सिकाइ समूह, अनुभव आदान–प्रदान, उत्कृष्ट शिक्षक सम्मान, शिक्षक समायोजन तथा सूचना–प्रविधिमा आधारित शिक्षणलाई प्रवर्द्धन गर्ने अभ्याससमेत सञ्चालनमा रहेका छन्।

यद्यपि नगरपालिकामा विषयगत तथा दक्ष शिक्षकको अभाव, शिक्षक दरबन्दी र विद्यार्थी सङ्ख्याबीच असन्तुलन, राहत तथा अस्थायी शिक्षकमा उच्च निर्भरता, दुर्गम विद्यालयमा शिक्षक टिकाइ राख्न कठिनाइ तथा विज्ञान, गणित र अङ्ग्रेजी विषयका दक्ष शिक्षकको कमी प्रमुख चुनौतीका रूपमा रहेका छन्। निरन्तर पेशागत विकास, कोचिङ, मेन्टोरिङ तथा कक्षा सुपरिवेक्षण प्रणाली अझै संस्थागत हुन सकेको छैन भने सूचना–प्रविधिको प्रयोगमा शिक्षकबीच क्षमता असमानता, कार्यसम्पादन मूल्याङ्कन तथा पृष्ठपोषण प्रणालीको सीमित प्रभावकारिता, शिक्षक विकासका लागि अपर्याप्त बजेट तथा प्रोत्साहनका न्यून अवसरले शिक्षणको गुणस्तरमा असर पारिरहेको छ। नयाँ पाठ्यक्रम, दक्षतामा आधारित शिक्षण र आधुनिक मूल्याङ्कन प्रणालीअनुसार शिक्षकको क्षमता अभिवृद्धि, समतामूलक शिक्षक वितरण, प्रभावकारी पेशागत सहयोग प्रणालीको विकास तथा स्थानीय आवश्यकता र विद्यालयको वास्तविक अवस्थाअनुसार शिक्षक व्यवस्थापनलाई थप सुदृढ गर्न आवश्यक देखिएको छ।

### ४.२.२ उद्देश्यहरु

१. विद्यार्थी संख्या र  विषयगत आधारमा शिक्षकको व्यवस्था गर्नु ।
२. शिक्षक पेशालाई उत्तरदायि र जवाफदेही बनाउनु ।
३. नगरपालिका तथा विद्यालय स्तरमा पेशागत सहयोगको संरचना विकास तथा सुदृढ गर्नु ।
४. कक्षा शिक्षणलाई प्र.अ तथा विज्ञ शिक्षकद्वारा कक्षा कोठा अनुगमन, पृष्ठपोषण तथा प्राविधिक सहयोग उपलब्ध गराउनु ।
५. गुणस्तरीय शिक्षाका लागि विषयगत तथा दक्ष शिक्षकको उपलब्धता सुनिश्चित गर्नु ।
६. शिक्षकको मनोवल उत्प्रेरणा र पेशागत सन्तुष्टि वृद्धि गर्नु ।
७. शिक्षकको सरुवा काज तथा व्यवस्थापन प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउनु ।
८. स्थानीय आवश्यकता र शैक्षिक लक्ष्य अनुसार शिक्षक विकासका कार्यक्रम संचालन गर्नु
९. नगरपालिकामा विज्ञ समूह, विषयगत समूह र रोस्टर समूह  गठन गरी विद्यालयको अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु ।
१०.नगरपालिका स्तरमा शिक्षक पेशागत सहयोग अभ्यास,  चुनौती तथा सिकाई आदनप्रदान गर्नु ।

### ४.२.३ रणनीतिहरु

१. नगरपालिका भित्र विद्यार्थी संख्याका र विषयगत शिक्षकको आधारमा दरवन्दी मिलान गरीनेछ ।
२. नगरपालिका स्तरीय विज्ञ समूह गठन गरी शिक्षक पेशागत सहयोगका लागि परिचालन गरिनेछ ।
३. प्र.अ. तथा विज्ञ शिक्षकद्वारा महिनामा कम्तीमा ४ पटक कक्षा अनुगमन गरी शिक्षकलाई पृष्ठपोषण प्रदान गर्ने तथा त्यसको प्रतिवेदन नगरपालिकामा बुझाउने प्रवन्ध मिलाइनेछ ।
४. विद्यालय तहमा शिक्षक शिक्षक वीच अनुभव आदनप्रदानका लागि शुक्रबारीय बैठक संचालन गरिने छ ।
५. शिक्षकद्वारा अनिवार्य रुपमा दैनिक पाठयोजना तयार गर्ने र कक्षा सहजीकरण गर्ने व्यवस्था मिलाईनेछ ।
६. अन्तरविद्यालय कक्षा सहजीकरण गर्ने अभ्यास गरिने ।
७. अन्तर विद्यालय सिकाई आदनप्रदान भ्रमण संचालन गरिने छ ।
८. नगरपालिकाद्वारा संयुक्त रुपमा अनुगमन गरिनेछ ।
९. दरवन्दी मिलान गर्दा विषय शिक्षकको अपुग रहेको विद्यालयमा नगरको स्रोतबाट विषयगत शिक्षक नियुक्ति गरिनेछ ।
१०. कार्यक्षमताको आधारमा शिक्षकहरूलाई पुरुस्कार र दण्डको व्यवस्था गरिनेछ ।
११. विभिन्न समयमा शिक्षकको मनोवल अभिवृद्धि गर्ने खालका कार्यक्रम संचालन गरिनेछन् ।
१२. गुणस्तरीय तथा समाबेशी शिक्षाका लागि सक्षम शिक्षकको उपलब्धता सुनिश्चित गरिनेछ ।

### ४.२.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. विद्यार्थी संख्या र विषयगत आधारमा शिक्षकको व्यवस्था भएको हुनेछ ।
२. शिक्षक पेशालाई उत्तरदायि र जवाफदेही बनाइनेछ ।
३. नगरपालिका तथा विद्यालय स्तरमा पेशागत सहयोगको संरचना विकास तथा सृदृढ भएको हुनेछ ।
४. कक्षा शिक्षणलाई प्र.अ तथा विज्ञ शिक्षकद्वारा कक्षा कोठा अनुगमन, पृष्ठपोषण तथा प्राविधिक सहयोग उपलब्ध गराएको हुनेछ ।
५. गुणस्तरीय शिक्षाका लागि विषयगत तथा दक्ष शिक्षकको उपलब्धता सुनिश्चित हुनेछ ।
६. शिक्षकको मनोवल उत्प्रेरणा र पेशागत सन्तुष्टि वृद्धि गरिनेछ ।
७. शिक्षकको सरुवा काज तथा व्यवस्थापन प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाइनेछ ।
८. स्थानीय आवश्यकता र शैक्षिक लक्ष्य अनुसार शिक्षक विकासका कार्यक्रम संचालन गरिएको हुनेछ
९. नगरपालिकामा विज्ञ समूह, विषयगत समूह र रोस्टर समूह गठन गरी विद्यालयको अनुगमन तथा पृष्ठपोषण प्रदानगरिएको हुनेछ ।
१०. नगरपालिका स्तरमा शिक्षक पेशागत सहयोग अभ्यास, चुनौती तथा सिकाई आदनप्रदान गरिएको हुनेछ ।
११. शिक्षकहरूलाई अनुसंधानामुखी तथा नवप्रवर्तनशील शिक्षण अभ्यासको विकास गराइनेछ ।

१२.शिक्षकको कार्यसम्पदनमा सुधार भै संस्थागत क्षमता अभिवृद्धि भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष ०८२ | ०८३\८४ | ०८४\८५ | ०८५\८६ | ०८६\८७ | ०८७\८८ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | | | | | | |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | | | | | | |
| ३ | माध्यमिक तह (कक्षा ९–१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | | | | | | |
| ४ | सूचना तथा सञ्चार प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | | | | | | |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागू भएका विद्यालयको सङ्ख्या | २ | | | | | |
| ६ | शिक्षक–विद्यार्थी अनुपात राष्ट्रिय मापदण्डअनुसार पुगेका विद्यालय (%) | | | | | | |
| ७ | विषयगत शिक्षकको आवश्यकता पूर्ति भएका विद्यालय (%) | | | | | | |
| ८ | वार्षिक रूपमा पेसागत विकास तालिम प्राप्त शिक्षक (%) | | | | | | |
| ९ | विषयगत क्षमता विकास तथा पुनर्ताजगी तालिममा सहभागी शिक्षक (%) | | | | | | |
| १० | कक्षाकोठामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्ने शिक्षक (%) | | | | | | |
| ११ | नियमित कार्यसम्पादन मूल्याङ्कन सम्पन्न भएका शिक्षक (%) | | | | | | |
| १२ | शिक्षक सिकाइ समूह (Teacher Learning Circle) सञ्चालन भएका विद्यालय (%) | | | | | | |
| १३ | शिक्षकको नियमित सुपरिवेक्षण तथा पृष्ठपोषण प्राप्त विद्यालय (%) | | | | | | |
| १४ | शिक्षण पेसामा कार्यरत महिला शिक्षक (%) | | | | | | |
| १५ | स्थायी तथा दरबन्दीअनुसार पदपूर्ति भएका शिक्षक (%) | | | | | | |

## ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | **भौतिक लक्ष्य (१० वर्ष )** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | | |
| १ | दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | विषयगत शिक्षकको व्यस्थापन | पटक | | १० | १५ | २० | १० | | | |
| ३ | तालिम तथा अवसर | निरन्तर | | | | | | | | |
| ४ | शैक्षणिक स्रोत व्यक्ती नियुक्त तथा परिचालन | जना | १ | | | | | | | |
| | स्रोत व्यक्ति मार्फत कक्षा अवलोकन तथा शिक्षक पेशागत सहयोग | मासिक/कक्षा | १० | १० | १० | १० | १० | | | |
| ४ | नगरपालिका स्तरमा विज्ञ समूह गठन, क्षमता विकास तथा परिचालन | पटक | १ | | | | | | | |
| ५ | शिक्षक सिकाई समूह गठन तथा परिचालन | निरन्तर | १ | १ | १ | १ | १ | | | |
| ६ | नगरपलिकामा Roster शिक्षक तयार गरी TOR मा अभिमुखीकरण गर्ने। | निरन्तर | | | | | | | | |
| ८ | शिक्षक पेशागत अन्तर्क्रिया तथा अनुभव आदान प्रदान | निरन्तर | | | | | | | | |
| १० | अन्तर विद्यालय सिकाई भ्रमणको आयोजना गर्ने | निरन्तर | | | | | | | | |
| ११ | नगरपालिकाको नेतृत्वमा संयुक्त अनुगमन | निरन्तर | | | | | | | | |
| १२ | शिक्षक पेशागत सहयोग कार्यान्वयको समीक्षा तथा प्रतिवेदन | निरन्तर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | उत्कृष्ट कार्य गर्ने शिक्षकलाई सम्मान र पुरस्कार प्रदान | | | | | | | | | |
| १४ | प्रत्येक शिक्षकको व्यक्तिगत विकास योजना निर्माण र कार्यान्वयन | | | | | | | | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

साँफेबगर नगरपालिकाले शिक्षा क्षेत्रमा लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा समतामूलक पहुँचलाई प्राथमिकतामा राखी विभिन्न नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। नेपालको संविधान तथा प्रचलित कानुनी व्यवस्थाअनुसार नगरपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक–अभिभावक सङ्घ, सामाजिक परीक्षण समिति तथा अन्य स्थानीय संस्थाहरूमा महिला, दलित, जनजाति तथा अन्य समावेशी समूहहरूको सहभागिता सुनिश्चित गर्ने अभ्यास संस्थागत गरिएको छ। नगरपालिकामा हाल **४८ वटा सामुदायिक, ५ वटा संस्थागत तथा २ वटा धार्मिक (मदरसा/संस्कृत) विद्यालय** गरी जम्मा **५५ वटा विद्यालय**, **७८ वटा बालविकास केन्द्र** तथा **६ वटा सामुदायिक सिकाइ केन्द्र** सञ्चालनमा रहेका छन्। **फ्ल्यास प्रतिवेदन २०८२** अनुसार विद्यालय तथा बालविकास केन्द्रहरूमा **५५ जना (४१ छात्र र १४ छात्रा) अपाङ्गता भएका बालबालिका** अध्ययनरत रहेका छन्। अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा जेहेन्दार बालबालिकाका लागि छात्रवृत्ति, शैक्षिक सामग्री वितरण, दिवा खाजा कार्यक्रम, लैङ्गिक उत्तरदायी बजेट, बालमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचना निर्माण, साथै महिला, दलित र अपाङ्गता भएका शिक्षक–कर्मचारीलाई क्षमता विकास कार्यक्रममा सहभागी गराउने जस्ता समावेशी अभ्यासहरू कार्यान्वयनमा रहेका छन्। नगरपालिकाले आदिवासी जनजाति, दलित, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकालाई लक्षित छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै शिक्षामा समान अवसर विस्तार गर्ने प्रयाससमेत गर्दै आएको छ।

साँफेबगर नगरपालिका बहुजातीय तथा बहुभाषिक विशेषता भएको स्थानीय तह हो। नगरपालिकाको प्रोफाइल २०८२ अनुसार यहाँ **२० भन्दा बढी जातजाति** को बसोबास रहेको छ, जसमा **क्षेत्री (६०.९९%)**, **विश्वकर्मा (१३.६९%)**, **परियार (८.४२%)**, **मिजार (६.०६%)**, **ब्राह्मण (५.०६%)** र **ठकुरी (२.०४%)** प्रमुख रहेका छन्। त्यसैगरी **नेपाली**

**(५९.५५%)** र **अछामी (३७.३३%)** मुख्य मातृभाषाका रूपमा प्रचलित छन् भने बजुरेली, डोटेली, थारु, हिन्दी, मैथिलीलगायत अन्य भाषाहरू पनि बोलिन्छन्। विद्यालयमा अध्ययनरत दलित विद्यार्थी **१,९९२ जना** तथा जनजाति विद्यार्थी **५४ जना** रहेका छन्। यद्यपि समुदायमा रहेका सबै अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न, सहाराविहीन तथा विद्यालयबाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन, अभिलेखीकरण तथा नियमित अद्यावधिक हुन सकेको छैन। विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक र शैक्षिक वातावरण, विभेदरहित व्यवहार, समावेशी सहभागिता तथा लक्षित सहायता कार्यक्रम अझै पर्याप्त हुन नसक्दा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायका बालबालिकालाई शिक्षाको मूलप्रवाहमा पूर्ण रूपमा समेट्न थप प्रयास आवश्यक देखिन्छ।

### ४.३.२ उद्देश्य

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रुपमा समतामूलक पहुँच सुनिस्चित गर्नु
२. लक्षित समूहका बालबालिकाको सिकाई सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु
३. विद्यालयमा कुनै प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिस्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु
४. विद्यालय तहका लक्षित समूहलाई प्रोत्साहनमूलक कार्यक्रम संचालन गर्नु
५. विविधता, समता तथा समाबेशितालाई शिक्षा प्रणालीको अभिन्न अङ्गका रुपमा विस्तार गरी गुणस्तरीय सेवा प्रवाह गर्नु |
६. विद्यालयमा असल व्यवस्थापन कायम गर्दै शैक्षिक सुशासन कायम गर्ने |

### ४.३.३ रणनीति

१. विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वाधारहरूलाई लैंगिक तथा अपाङ्गमैत्री बनाउने
२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गर्ने
३. आवश्यकता अनुसार विशेष विद्यालयको लागि पहल गर्ने
४. आर्थिक रुपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका अपाङ्गता भएका बालबालिका बिद्यालय शिक्षामा सहभागी गराउन लक्षित छात्रवृति कार्यक्रम संचालन गर्ने
५. विद्यालयमा सरसफाइ तथा स्वच्छताका लागि विशेष गरी किशोरीहरूलाई महिनावारी स्वच्छता सम्बन्धि शिक्षा प्रदान गर्ने
६. लक्षित समूहलाइ स्थानीय भाषा, संस्कृति, ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आवद्ध गर्ने
७. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, वहिष्करण, हेपाई नहुने बालमैत्री वातावरण सिर्जना गर्ने

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ
२. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुनेछ
३. विद्यालयमा कुनै प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना भएको हुनेछ

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा लैङ्गिक समता सूचक | 0.९८ | १ | १ | १ | १ | १ |
| २ | माध्यामिक तहमा लैङ्गिक समता सूचक | १.१७ | १ | १ | १ | १ | १ |
| ३ | लक्षित समूहले तोकिएबमोजिम छात्रवृत्ति एवम प्रोत्साहन प्राप्त गरेका विद्यालय सङ्ख्या | सत प्रतिशत | सतप्रतिशत | सतप्रतिशत | सतप्रतिशत | सतप्रतिशत | सतप्रतिशत |
| ४ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने विद्यालय | सतप्रतिशत | सतप्रतिशत | सतप्रतिशत | सतप्रतिशत | सतप्रतिशत | सतप्रतिशत |
| ५ | नगरपालिकामा कुल जनसङ्ख्याको शिक्षामा पहुँच | ६६ प्रतिशत | ६८ प्रतिशत | ७१ प्रतिशत | ७३प्रतिशत | ७५ प्रतिशत | ७८ प्रतिशत |
| ६ | नगरपालिकामा कुल जनसङ्ख्याको विद्यालय शिक्षामा सहभागिता | ३२ प्रतिशत | ३३ प्रतिशत | ३५ प्रतिशत | ३७ प्रतिशत | ३८ प्रतिशत | ४० प्रतिशत |
| ७ | नगरपालिकामा कुल जनसङ्ख्याको समावेशी शिक्षामा सिकाइ दर | २०.९ प्रतिशत | २१ प्रतिशत | २३ प्रतिशत | २४ प्रतिशत | २५ प्रतिशत | २६ प्रतिशत |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | नगरपालिकामा कुल जनसङ्ख्याको शिक्षामा समता सूचक | ३९.६ प्रतिशत | ४१ प्रतिशत | ४२ प्रतिशत | ४३ प्रतिशत | ४४ प्रतिशत | ४५ प्रतिशत |

### ४.३.५ प्रमुख क्रियाकलाप र परीमाणात्मक लक्ष्य

| क्र स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष ) | | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | | |
| १ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष शिक्षा प्रदान गर्ने विशेष विद्यालय निर्माण | सङ्ख्या | 0 | 0 | 0 | 0 | १ | १ | १ | |
| २ | अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाइ सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्री वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | समावेशी शिक्षा सम्बन्धी अभिवावक सचेतना विकास कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | सिकाइ सीमितता भएका बालबालिकाहरूका लागि शैक्षिक सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लक्षित समावेशी शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | बालबालिका तथा समाहित शिक्षा संचालन, गठन तथा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विविध कार्यक्रम संचालन | | | | | | | | | |
| ७ | विद्यालयमा वाल क्लव तथा रेडक्रस सर्कलमा आधारित कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | स्रोत कक्षा संचालित विद्यालयको सिकाइ वातावरण सुधार कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | बृहत् यौनिकता शिक्षा अन्तर्गतको रुपान्तरण कार्यक्रममा सुधारका कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | अपाङ्ग, महिला तथा दलित शिक्षक कर्मचारीलाई पेसागत विकास कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | जनजाति, आदिवासी, सीमान्तकृत, अपाङ्गता भएका बालबालिकाहरूलाई छात्रवृत्ति कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | गरिव तथा अपाङ्गता भएका बालबालिकालाई छात्रवृत्ति प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | शैक्षिक सत्र प्रारम्भमा भर्ना कार्यक्रम संचालन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

साँफेबगर नगरपालिकामा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम बालबालिकाको शारीरिक, मानसिक तथा शैक्षिक विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको छ। नगरपालिकाभित्र रहेका सवै विद्यालयमा बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुका लागि दिवा खाजा कार्यक्रम सञ्चालन भइरहेको छ। यस कार्यक्रमबाट २०८३ मा करिब २४३५

जना विद्यार्थी लाभान्वित हुनेछन् । दिवा खाजा कार्यक्रमले विद्यालयमा विद्यार्थीको नियमित उपस्थिति, सिकाइमा सहभागिता तथा पोषण अवस्थाको सुधारमा सकारात्मक योगदान पुऱ्याएको छ।

विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत सवै विद्यालयमा नियमित स्वास्थ्य परीक्षण, जुकाको औषधि वितरण, खोप अभियान, किशोरकिशोरी स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन भइरहेका छन्। प्रत्येक शैक्षिक शत्रको जेठ पहिलो हप्तालाइ नगरपिलकाका सबै विद्यालयहरुमा पोषण सप्ताहका रुपमा मनाउने गरिएको छ ।

स्वास्थ्य संस्था र विद्यालयबीचको समन्वयमा विद्यार्थीको स्वास्थ्य अवस्थाको निगरानी तथा स्वास्थ्य प्रवर्द्धनका गतिविधिहरू सञ्चालन गरिए पनि सबै विद्यालयमा नियमित स्वास्थ्य परीक्षण तथा स्वास्थ्य परामर्श सेवा सुनिश्चित हुन सकेको छैन। सरसफाइ तथा स्वच्छताको क्षेत्रमा ४२ वटा विद्यालयमा सुरक्षित खानेपानी सुविधा, ५२ वटा विद्यालयमा हात धुने स्थान उपलब्ध रहेका छन्। यद्यपि केही विद्यालयमा पर्याप्त पानीको उपलब्धता, शौचालयको नियमित मर्मत सम्भार, फोहोर व्यवस्थापन तथा अपाङ्गतामैत्री स्वच्छता सुविधाको अभाव देखिन्छ । विद्यालय परिसर तथा कक्षाकोठाको सरसफाइमा सुधार भए पनि सबै विद्यालयमा स्वच्छता मापदण्डको पूर्ण पालना हुन सकेको छैन। स्थानीय तह र विकास साझेदार संस्थाको सहकार्यमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्राथमिकतामा राखी दिवा खाजा व्यवस्थापन, महिनावारी स्वच्छता सामग्री वितरण, स्वास्थ्य शिविर सञ्चालन, पोषण शिक्षा तथा सरसफाइ अभियान जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ।

पोषण तथा स्वास्थ्यसम्बन्धी व्यवहार परिवर्तन, स्रोत तथा बजेटको सीमितता, विद्यालयमा स्वास्थ्यकर्मीको सहज पहुँच, गुणस्तरीय खानेपानी तथा सरसफाइ सुविधाको व्यवस्थापन, र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारी अनुगमन चुनौतीका रूपमा रहेका छन् । अर्कोतर्फ, स्थानीय सरकारको प्रतिबद्धता, विद्यालय स्वास्थ्य संस्था समुदायबीचको सहकार्य, स्थानीय कृषि उत्पादनको प्रयोगमार्फत पोषण सुधार गर्ने सम्भावना तथा सरकारी एवं विकास साझेदार संस्थाहरूको सहयोग यस क्षेत्रका महत्वपूर्ण अवसरका रूपमा रहेका छन्।

### ४.४.२ उदेश्यहरु

१. सबै बालबालिकालाई स्वस्थ, पोषणयुक्त, सुरक्षित तथा स्थानीय उत्पादनमा आधारित दिवा खाजाको पहुँच सुनिश्चित गरी उनीहरूको पोषण सुधार गर्नु।
२. विद्यालयमा स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी गुणस्तरीय सेवाको पहुँच र उपयोग गरी बालबालिकाको स्वास्थ्य, सिकाइ उपलब्धि सुधार गर्नु।
३. सुरक्षित खानेपानी, बालमैत्री तथा लैङ्गिकमैत्री शौचालय, हात धुने सुविधा तथा स्वच्छ विद्यालय वातावरणको सुनिश्चितता गर्नु।
४. बालबालिका, शिक्षक, अभिभावक तथा समुदायमा स्वास्थ्य, पोषण, सरसफाइ र स्वच्छतासम्बन्धी सकारात्मक व्यवहारको विकास गर्नु।
५. विद्यालय, स्वास्थ्य, अभिभावक, समुदाय तथा सरोकारवालाबीचको समन्वय सुदृढ गर्दै विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा दिगोपना सुनिश्चित गर्नु।

### ४.४.३ रणनीतिहरु

१. दिवा खाजा कार्यक्रमलाई विस्तार गर्दै आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा नियमित रूपमा पोषणयुक्त खाजा उपलब्ध गराउने तथा माध्यमिक तहमा अभिभावकको सहकार्यमा खाजा व्यवस्थापन प्रणाली विकास गर्ने।

२. विद्यालयमा दिवा खाजा सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार, भण्डारण, पकाउने स्थान तथा सुरक्षित खाद्य व्यवस्थापन प्रणाली सुदृढ गर्ने।
३. विद्यालयमा विद्यार्थी सङ्ख्याअनुसार पर्याप्त खानेपानी, साबुन, हात धुने स्थान तथा स्वच्छता सामग्रीको सुनिश्चितता गर्ने।
४. छात्रा र छात्रका लागि छुट्टाछुट्टै तथा बालमैत्री र लैङ्गिकमैत्री शौचालय, किशोरीमैत्री चेन्ज रुम तथा सरसफाइ पूर्वाधार विस्तार गर्ने।
५. विद्यालय परिसरको नियमित सरसफाइ, फोहोर व्यवस्थापन र सुरक्षित तथा स्वच्छ सिकाइ वातावरण कायम गर्ने।
६. विद्यालयमा प्राथमिक उपचार वाकसको व्यवस्था, नियमित स्वास्थ्य परीक्षण तथा स्वास्थ्य परामर्श सेवाको पहुँच विस्तार गर्ने।
७. जुकाको औषधि वितरण, भिटामिन ‘ए’, आइरन , फोलिक एसिड तथा अन्य पोषक तत्व वितरण कार्यक्रमलाई स्वास्थ्य संस्थासँगको समन्वयमा गर्ने।
८. किशोरीहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन कार्यक्रमलाई सुदृढ गर्दै स्थानिय रुपमा उतपादित केमिकल रहित पुन: प्रयोग गर्न मिल्ने सेनेटरी प्याड वितरण, उचित तरिकाले नष्ट गर्ने र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
९. स्थानीय उत्पादनबाट उत्पादित रैथाने बाली तथा पोषणयुक्त खाद्य बस्तुको प्रयोगलाई दिवा खाजामा प्रयोग गरी स्थानीय अर्थतन्त्र र पोषण सुधार गर्ने ।
१०. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहका सरकार, अभिभावक, समुदाय, निजी क्षेत्र र विकास साझेदारबीच समन्वय, सहकार्य तथा नियमित अनुगमन प्रणाली विकास गर्ने।

### ४.४.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. विद्यालयमा अध्ययनरत सबै बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार भई शारीरिक तथा मानसिक विकासमा सकारात्मक प्रभाव परेको हुनेछ।
२. बालबालिकाको मनोसामाजिक कुशलता (well-being) वृद्धि भई सुरक्षित, समावेशी तथा रमाइलो (joyful) सिकाइ वातावरणको पहुँच सुनिश्चित भएको हुनेछ।
३. दिवा खाजा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भई विद्यार्थीको नियमित उपस्थिति, टिकाउपन तथा सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ।
४. विद्यालयमा सरसफाइ, स्वच्छता तथा सुरक्षित खानेपानी सुविधाले रोग संक्रमण घटेको र स्वास्थ्यजन्य जोखिममा कमि आएको हुनेछ।
५. विद्यालय, स्वास्थ्य संस्था, अभिभावक तथा समुदायबीच समन्वय सहजताले विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको कार्यान्वयन प्रभावकारी र दिगो हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स | सूचक | आधार बर्ष २०८२/ ८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | सबै | सबै | सबै | सबै | |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | सबै | सबै | सबै | सबै | |
| ३ | दिवा खाजा कार्यक्रम सञ्चालन भएका विद्यालय | सबै | सबै | सबै | सबै | सबै | |
| ४ | दिवा खाजा कार्यक्रमबाट लाभान्वित विद्यार्थी संख्या (बाल शिक्षा – ५) | २३४४ | सबै | सबै | सबै | सबै | |
| ५ | वार्षिक रूपमा नियमित स्वास्थ्य परीक्षण हुने विद्यालयहरूको संख्या | सबै | सबै | सबै | सबै | सबै | |
| ६ | स्वास्थ्य संस्था/ स्वास्थ्यकर्मीको सहकार्यमा स्वास्थ्य सेवा प्राप्त गर्ने विद्यालयहरूको संख्या | सबै | सबै | सबै | सबै | सबै | |
| ७ | सुरक्षित खानेपानी सुविधा पुगेका विद्यालयहरूको संख्या | ४२ | ४४ | ४६ | ४८ | ४८ | |
| ८ | हात धुने सुविधा (Handwashing Station) भएका विद्यालयहरूको संख्या | ५२ | | | | | |
| ९ | किशोरीमैत्री महिनावारी स्वच्छता व्यवस्थापन कार्यक्रम सञ्चालन भएका विद्यालयहरूको संख्या | १४ | १५ | १६ | १६ | १६ | |
| १० | प्राथमिक उपचार किट/वाकास उपलब्ध भएका विद्यालयहरूको संख्या | सबै | | | | | |
| ११ | विद्यालय करेसाबारी सञ्चालन भएका विद्यालयहरूको संख्या | २ | ३ | ४ | ५ | ६ | |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य पाँच वर्ष | | | | | | लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | दिवा खाजा व्यवस्थापनका लागि भान्सा, भण्डारण, भाडाकुडा तथा आवश्यक सामग्रीको व्यवस्था गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | |
| २ | पोषणयुक्त तथा स्थानीय/रैथाने खाद्य बस्तुको प्रयोग गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | |
| ३ | दिवा खाजाका लागि आवश्यक खाद्य बस्तु आपूर्तिमा कृषि सहकारी तथा किसान समूह परिचालन गर्ने। | सहकारी/ समुह | ११ | १२ | १३ | १४ | १५ | | |
| ३ | विद्यालयमा विद्यार्थी सङ्ख्या अनुसार खानेपानी, साबुन तथा हात धुने सुविधा उपलब्ध गर्ने | विद्यालय | ४६ | ४७ | ४८ | ४९ | ५० | | |
| ४ | प्रति बर्ष छात्रा र छात्रका लागि छुट्टाछुट्टै तथा बालमैत्री शौचालय निर्माण गर्ने | शौचालय | ५ | ५ | ५ | ५ | ५ | | |
| ५ | कक्षा ६ देखि १२ सम्मका किशोरीहरूका लागि महिनावारी व्यवस्थापन गर्न स्थानिय रुपमा उत्पादित केमिकल रहित सेनेटरी प्याड व्यवस्था गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ६ | नियमित स्वास्थ्य परीक्षण, जुकाको औषधी तथा पोषक तत्वहरु वितरण गर्ने | विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ७ | विद्यालयमा प्राथमिक उपचार फोकल व्यक्तिको | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्था गरी किट उपलब्ध गराउने | | | | | | | | |
| ८ | विद्यालय सरसफाइ तथा फोहोर व्यवस्थापन कार्यक्रम गर्ने । | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १० | विद्यालयमा पोषण बगैचा स्थापना गर्ने । | विद्यालय | ० | १ | २ | ३ | ४ | ५ | |
| ११ | अभिभावकका लागि पोषण तथा स्वास्थ्य शिक्षा कार्यक्रम गर्ने | कार्यक्रम | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| १२ | मर्यादित महिनावारी शिक्षा सम्वन्धी छात्राहरुलाइ शत्रहरु सञचालन गर्ने । | शत्र | १० | ११ | १२ | १३ | १४ | | |
| १३ | विद्यालयबाट उत्पादन भएका फोहररुको वातावरण अनुकुल व्यवस्थापन गर्ने । | विद्यालय | ० | सबै | सबै | सबै | सबै | सबै | |
| १४ | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्ने | पटक | मासिक | सबै | सबै | सबै | सबै | सबै | |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनिकरण तथा उत्थानशिलता

### ४.५.१ वर्तमान अवस्था

साँफेबगर नगरपालिका भौगोलिक रूपमा पहाडी तथा नदी तटीय क्षेत्रमा अवस्थित भएकाले भूकम्प, पहिरो, बाढी, आगलागी, चट्याङ, खडेरी तथा महामारीजस्ता विभिन्न प्राकृतिक तथा मानव सिर्जित विपद्को जोखिममा रहेको छ। नगरपालिकाभित्र रहेका जम्मा ५२ वटा विद्यालयमध्ये ५ वटा विद्यालयमा विद्यालय सुरक्षा योजना लागू भएको छ भने ५ वटा विद्यालयमा विपद् व्यवस्थापन समिति गठन गरिएको छ।

२०७२ सालको विनाशकारी भूकम्प तथा २०८० असोज महिनामा अएका विभिन्न भुकम्पका पराकम्पनहरुबाट धेरै जसो विद्यालयहरुका भवनहरु क्षतिग्रस्त भएका थिए। जसबाट शिक्षक तथा विद्यार्थीहरुको मनोसामाजिक क्षेत्रमा समेत ठूलो प्रभाव परेको थियो। यसै गरी २०८२ कार्तिक १५ गते साँफेबगर नगरपालिका ३ अवस्थित व्यपारिक केन्द्र साँफे हाटबजारमा दोस्रो पटक साँझ पौने ९ बजे भिषण आगलागीबाट ७ वटा पसल जलेर नस्ट भइ करिब १ करोड ९२ लाख भन्दा बढिको क्षति भएको थियो। यसबाट सो क्षेत्रका व्यापारीका छोरा छोरीहरु विद्यालयजानबाट बञ्चित भएका र अन्य क्षेत्रका विद्यार्थीहरु पनि प्रभावित भएका थिए। भूकम्पपश्चात् नेपाल सरकार, विकास साझेदार संस्था तथा स्थानीय

तहको सहयोगमा विद्यालय पुनर्निर्माण, अस्थायी सिकाइ केन्द्र सञ्चालन, विद्यालय सुरक्षा योजना निर्माण तथा मनोसामाजिक सहयोग कार्यक्रम सञ्चालन गरिएका थिए।

कोभिड १९ महामारीका कारण नगरपालिकाका सबै विद्यालय प्रभावित भएका थिए। महामारीको अवधिमा सबै विद्यार्थीको नियमित सिकाइमा असर परेको थियो। सिकाइ निरन्तरताका लागि अनलाइन कक्षा, रेडियो तथा टेलिभिजनमार्फत शिक्षा, टोल शिक्षा तथा समुदायमा आधारित सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गरिएका थिए। सूचना तथा सञ्चार प्रविधिमा सीमित पहुँचका कारण विद्यार्थीहरूको सिकाइ उपलब्धिमा नकारात्मक प्रभाव परेको देखिन्छ।

बाढी, पहिरो, आगलागी, चट्याङ तथा अन्य विपद्का कारण विद्यालय भवन, शैक्षिक सामग्री, खानेपानी तथा सरसफाइ संरचनाहरुमा क्षति पुगेको थियो। विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणका लागि नगरपालिकाले विद्यालयस्तरीय सचेतना कार्यक्रम, प्राथमिक उपचार तालिम, जोखिम नक्साङ्कन, विपद् अभ्यास तथा पूर्वसूचना प्रणालीसम्बन्धी गतिविधिहरू सञ्चालन गर्दै आएको छ।

स्थानीय तह, विकास साझेदार तथा विद्यालयहरूले विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यका लागि विभिन्न तयारीका कार्यहरू गरिरहेका छन्।। सबै विद्यालयहरुमा प्राथमिक उपचार सामग्री, आपतकालीन सम्पर्क संयन्त्र तथा सुरक्षित खुला स्थानको व्यवस्था रहेको छ। सबै विद्यालयमा आवश्यक विपद् व्यवस्थापन सामग्री तथा स्रोतसाधनको पर्याप्त उपलब्धता हुन सकेको छैन।

आपतकालीन अवस्थामा शिक्षा तथा सिकाइ निरन्तरताका लागि वैकल्पिक सिकाइ केन्द्र, समुदायमा आधारित सिकाइ कार्यक्रम, डिजिटल सिकाइ सामग्रीको प्रयोग तथा शिक्षक अभिभावक समन्वय प्रणालीको विकास गरिएको छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार हुँदै गएको छ। नगरपालिकाभित्र २७ विद्यालयमा कम्प्युटर सुविधा पुगेको छ। सवै विद्यालयहरुमा इन्टरनेट सुविधा रहेको छ। ५ वटा विद्यालयका केहि कक्षाहरुमा मात्र सूचना प्रविधिमा आधारित सिकाइ सञ्चालन भइरहेको छ। यद्यपि सबै विद्यालय तथा विद्यार्थीको सूचना प्रविधिमा समान पहुँच सुनिश्चित हुन सकेको छैन।

विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापनका क्षेत्रमा विद्यालय सुरक्षा योजना निर्माण, बालमैत्री तथा सुरक्षित सिकाइ वातावरण प्रवर्द्धन, विद्यालयस्तरीय विपद् व्यवस्थापन समिति गठन, नियमित विपद् प्रतिकार्य अभ्यास सञ्चालन, भूकम्प प्रतिरोधी विद्यालय भवन निर्माण तथा बाल क्लब परिचालनजस्ता असल अभ्यासहरू विकास भएका छन्। तथापि सीमित स्रोतसाधन, जोखिमयुक्त भौगोलिक अवस्था, प्राविधिक जनशक्तिको अभाव, सबै विद्यालयमा सुरक्षित पूर्वाधारको कमी तथा सूचना प्रविधिमा सीमित पहुँचजस्ता चुनौतीहरू विद्यमान रहेका छन्। संघीय, प्रदेश तथा स्थानीय सरकारको प्राथमिकता, विकास साझेदार संस्थाहरूको सहयोग, समुदायको सक्रिय सहभागिता तथा विद्यालय सुरक्षा सम्बन्धी नीतिगत व्यवस्थालाई अवसरका रूपमा उपयोग गरी विद्यालयहरूलाई थप सुरक्षित, समावेशी तथा विपद्-उत्थानशील बनाउन सकिने सम्भावना रहेको छ।

### ४.५.२ उदेश्यहरु

१. विद्यालयस्तरदेखि स्थानीय तहसम्म प्रभावकारी विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापना तथा उत्थानशीलता विकासका लागि आवश्यक नीति, संयन्त्र, योजना तथा कार्यप्रणालीको विकास गर्नु।
२. सम्भावित विपद्को जोखिम न्यूनीकरण, सुरक्षित तथा समावेशी सिकाइ वातावरण निर्माण तथा विद्यालय उत्थानशीलता अभिवृद्धिका लागि आवश्यक भौतिक, मानवीय, प्राविधिक तथा आर्थिक स्रोतसाधनको व्यवस्थापन र प्रभावकारी परिचालन सुनिश्चित गर्नु।

३. आपतकालीन तथा संकटपूर्ण अवस्थामा वैकल्पिक सिकाइका विभिन्न माध्यमहरूको प्रयोग गरी सबै बालबालिकाको सिक्न पाउने अधिकार, मनोसामाजिक सहयोग तथा शिक्षा निरन्तरताको सुनिश्चितता गर्नु।
४. विद्यालय सुरक्षा योजना, नियमित विपद् अभ्यास, जोखिम सचेतना, प्राथमिक उपचार तथा विद्यालय समुदायको सहभागितामार्फत विद्यालयहरूलाई सुरक्षित, तयारी अवस्थामा रहेको र विपद्-उत्थानशील शैक्षिक संस्थाका रूपमा विकास गर्नु।

**४.५.३ रणनीति**

१. विपद् तथा संकटका समयमा शिक्षण सिकाइ सुनिश्चित गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य तथा पुनःस्थापनासम्बन्धी आवश्यक नीति, मापदण्ड, निर्देशिका तथा कार्यविधि निर्माण र कार्यान्वयन गर्ने।
२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसूचना, जोखिम पहिचान, जोखिम न्यूनीकरण तथा सुरक्षित व्यवहारका विषयमा विद्यालय समुदायलाई नियमित जानकारी, अभिमुखीकरण तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने।
३. कोभिड–१९ लगायत महामारीजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक पूर्वतयारी, स्वास्थ्य सुरक्षा सामग्रीको व्यवस्थापन तथा स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने।
४. महामारी, प्राकृतिक विपद् वा अन्य आपतकालीन अवस्थाका समयमा शिक्षण–सिकाइलाई निरन्तरता दिन अनलाइन, अफलाइन, रेडियो, टेलिभिजन, मुद्रित सामग्री तथा समुदायमा आधारित वैकल्पिक सिकाइ प्रणालीको विकास र गर्ने।
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् तथा संकटहरूको पूर्वानुमान, जोखिम मूल्याङ्कन, प्रभाव विश्लेषण तथा जोखिम नक्साङ्कन गरी आवश्यक तयारी तथा न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने।
६. प्रत्येक विद्यालयमा विद्यालय सुरक्षा योजना तथा विद्यालयस्तरीय विपद् प्रतिकार्य योजना तयार गरी नियमित अद्यावधिक तथा अभ्यास गर्ने ।
७. स्थानीय तहमा शिक्षा समूह (Education Cluster) गठन गरी विपद् तथा आपतकालीन अवस्थामा शिक्षा क्षेत्रको समन्वय, सूचना व्यवस्थापन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने।
८. शैक्षणिक क्रियाकलापहरुको नियमितताका लिग आवश्यक शैक्षिक सामग्री, सूचना प्रविधि उपकरण, खाद्यान्न, पोसाक, प्राथमिक उपचार सामग्री तथा अन्य खोज तथा राहतका सामग्रीको व्यवस्थापन गर्ने।
९. विपद् व्यवस्थापन, विद्यालय सुरक्षा तथा उत्थानशील शिक्षा प्रणाली विकासका लागि स्थानीय तह, विद्यालय, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा समुदायको क्षमता अभिवृद्धि गर्ने।
१०. भौतिक पूर्वाधार निर्माणसम्बन्धी प्रचलित मापदण्डअनुसार विद्यालय भवन, कक्षा कोठा, शौचालय, खानेपानी तथा अन्य संरचनाहरू सुरक्षित, समावेशी, पहुँचयुक्त तथा विपद् प्रतिरोधी बनाउने तथा सम्बन्धित समितिमार्फत अनुगमन र मूल्याङ्कन गर्ने।
११. विपद् व्यवस्थापन, प्रकोप नियन्त्रण, शान्ति, सुरक्षा तथा बालअधिकारका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा विकास साझेदार संस्थाहरूबीच प्रभावकारी समन्वय, सहकार्य तथा जिम्मेवारी बाँडफाँडको संयन्त्र विकास गर्ने।
१२. हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा, वातावरण संरक्षण, दिगो विकासका लागि शिक्षा तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रमहरू विद्यालयस्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

१३. विद्यालयहरूमा नियमित विपद् प्रतिकार्यका लागि अभ्यास, प्राथमिक उपचार तालिम, खोज तथा उद्धारसम्बन्धी अभिमुखीकरण तथा मनोसामाजिक परामर्ष कार्यक्रम सञ्चालन गर्ने।

१४. विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता सम्बन्धी कार्यक्रमहरूमा विद्यार्थी, अभिभावक, समुदाय, बाल क्लब तथा जुनियर रेडक्रस सर्कलको सक्रिय सहभागिता सुनिश्चित गर्ने।

१५. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षा प्रणालीको विस्तार गरी आपतकालीन अवस्थामा समेत गुणस्तरीय तथा समावेशी शिक्षा सेवाको पहुँच सुनिश्चित गर्ने।

### ४.५.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. विद्यालय सुरक्षा, विपद् व्यवस्थापन तथा प्रतिकार्यसम्बन्धी संस्थागत संरचना, कार्यविधि र समन्वय प्रणाली सुदृढ भई सबै विद्यालयमा सुरक्षा योजना प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।

२. विद्यालय भवन, खानेपानी, सरसफाइ तथा अन्य शैक्षिक पूर्वाधार सुरक्षित, पहुँचयुक्त, बालमैत्री र विपद् उत्थानशील बनेका हुनेछन् तथा आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको प्रभावकारी व्यवस्थापन भएको हुनेछ।

३. विद्यालय समुदायमा विपद् जोखिम पहिचान, जोखिम नक्साङ्कन, पूर्वतयारी, नियमित अभ्यास, प्राथमिक उपचार तथा पूर्वसूचना प्रणालीको प्रयोगमार्फत विपद् प्रतिकार्य क्षमता अभिवृद्धि भएको हुनेछ।

४. विद्यार्थी, शिक्षक, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिमा विपद् सचेतना, सुरक्षा र उत्थानशील व्यवहारको विकास भई विद्यालय तथा समुदायबीच सहकार्य हुनेछ।

५. आपतकालीन तथा विपद्को अवस्थामा सूचना तथा सञ्चार प्रविधिसहितका वैकल्पिक सिकाइ माध्यमको प्रयोगबाट शिक्षण सिकाइ निरन्तरता र बालबालिकाको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स | सूचक | आधार बर्ष २०८२/ ८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाइ आधारभूत जीवन सीप सहित कोभिड जस्ता महामारी तथा जोखिम न्यूनिकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सख्या | १२ | १३ | १४ | १५ | १७ | |
| २ | हरित विद्यालयको सख्या | ५ | ७ | ९ | १२ | १५ | |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सख्या | ० | १ | २ | ३ | ४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालय सुरक्षा योजना निर्माण गरेका विद्यालयको प्रतिशत | १० | १५ | २० | २५ | ३० | |
| ५ | विद्यालय स्तरीय विपद् व्यवस्थापन समिति गठन गरी नियमित अभ्यास गर्ने विद्यालयको प्रतिशत | १० | १५ | २० | २५ | ३० | |
| ६ | भूकम्प प्रतिरोधी तथा सुरक्षित शैक्षिक पूर्वाधार भएका विद्यालयको प्रतिशत | ५ | १० | १५ | २० | २५ | |
| ८ | प्रथामिक उपचारका लागि तालिलम प्राप्त शिक्षक र प्राथमिक उपचार सेवा भएका विद्यालयको सख्या | १ | २ | ३ | ४ | ५ | |
| ९ | वैकल्पिक सिकाइ तथा सूचना प्रविधिमा पहुँच भएका विद्यालय% | १० | १२ | १४ | १६ | १८ | |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य पाँच वर्ष | | | | | | लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | विपद् व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | | | | १ | | |
| २ | विपद् व्यवस्थापनमा स्थानिय तह र विद्यालयको क्षमता विकास | पटक | १ | | | | १ | | |
| ३ | विद्यालय सुरक्षा योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | १ | ५ | १० | १५ | २० | | |
| ३ | विद्यालयस्तरीय विपद् व्यवस्थापन समिति गठन तथा क्षमता विकास | विद्यालय | ५ | १० | १५ | २० | २५ | | |
| ४ | विद्यालयमा विपद् जोखिम न्यूनीकरण तथा सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन | पटक | ५ | सबै | सबै | सबै | सबै | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयमा विपद् पूर्वतयारी तथा अभ्यास सञ्चालन | पटक | सबै मा वि | सबै | सबै | सबै | सबै | | |
| ६ | भूकम्प प्रतिरोधी तथा सुरक्षित शैक्षिक पूर्वाधार निर्माण/ स्तरोन्नति | पटक | नियमित | सबै | सबै | सबै | सबै | | |
| ७ | प्राथमिक उपचार खोज तथा उद्धार सम्बन्धी तालिम सञ्चालन | पटक | आवश्यकता अनुसार | सबै | सबै | सबै | सबै | | |
| ८ | विद्यालय जोखिम नक्साङ्कन तथा सुरक्षा परीक्षण | पटक | सबै | १ | १ | १ | १ | | |
| ९ | वैकल्पिक सिकाइ तथा सूचना प्रविधिमा पहुँच विस्तार | | ५ | सबै | सबै | सबै | सबै | | |
| १० | विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन अनुगमन तथा मूल्याङ्कन | | ५ | सबै | सबै | सबै | सबै | | |
| ११ | विद्यालयमा आगलागी नियन्त्रण तथा सुरक्षा उपकरण व्यवस्थापन | | ८ | सबै | सबै | सबै | सबै | | |
| १२ | विद्यालयमा खानेपानीको शुद्धता परीक्षण गर्ने । | | २ | सबै | सबै | सबै | सबै | | |
| १३ | विद्यालयमा आपतकालीन उद्धार सामग्री तथा किट व्यवस्थापन | | ३ | ५ | ७ | ९ | १२ | | |
| १४ | शिक्षक तथा कर्मचारीका लागि विपद् व्यवस्थापन क्षमता विकास तालिम | पटक | १० | १२ | १४ | १६ | १८ | | |
| १६ | विद्यालय भवन तथा पूर्वाधारको नियमित सुरक्षा परीक्षण | पटक | नियमित | | | | | | |
| १७ | विपद् प्रभावित विद्यार्थीका लागि | पटक | आवश्यकता अनुसार | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने | | | | | | | | |
| २० | विद्यालयमा विपद फोकल शिक्षकको जिम्मेवारी प्रदान तथा क्षमता विकास गर्ने। | तालिम | ५ | सबै | सबै | सबै | सबै | | |
| २१ | आपतकालीन अवस्थामा सिकाइ निरन्तरता योजना निर्माण तथा अद्यावधिक गर्ने। | पटक | १ | २ | ३ | ४ | ५ | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

साँफेबगर नगरपालिकामा विद्यालय भौतिक पूर्वाधार विकासको अवस्था क्रमशः सुधारोन्मुख रहे पनि विद्यालयहरूबीच पूर्वाधारको उपलब्धता तथा गुणस्तरमा अझै असमानता देखिन्छ। स्थानीय सरकार, संघ तथा प्रदेश सरकार र विकास साझेदारहरूको सहयोगमा विद्यालय भवन निर्माण, पुनःनिर्माण, मर्मत–सम्भार तथा आधारभूत पूर्वाधार विस्तारका कार्यहरू हुँदै आएका छन्। EMIS २०८२ अनुसार नगरपालिकामा ४८ वटा सामुदायिक, ५ वटा संस्थागत तथा २ वटा धार्मिक विद्यालय गरी जम्मा ५५ वटा विद्यालय सञ्चालनमा रहेका छन्। यी विद्यालयहरूमा जम्मा ३११ वटा कक्षाकोठा रहेकोमा १५१ वटा पक्की र १६० वटा कच्ची कक्षाकोठा छन्, जसले अझै पनि धेरै विद्यालयहरू सुरक्षित तथा मापदण्डअनुसारको भौतिक पूर्वाधारबाट वञ्चित रहेको देखाउँछ। त्यसैगरी १४ वटा विद्यालयमा पुस्तकालय, १४ वटा विद्यालयमा प्रयोगशाला तथा ३६ वटा विद्यालयमा प्रशासनिक कार्यालय कक्ष उपलब्ध छन्। केही विद्यालयमा भूकम्पप्रतिरोधी भवन, खानेपानी, शौचालय, कम्पाउण्ड, खेलमैदान तथा अन्य आधारभूत संरचनाको विकास भएको भए पनि अधिकांश विद्यालयमा राष्ट्रिय मापदण्डअनुसारका भौतिक पूर्वाधार अझै पूर्णरूपमा सुनिश्चित हुन सकेका छैनन्। विशेष गरी दुर्गम क्षेत्रका विद्यालयहरूमा भौगोलिक कठिनाइ, सीमित स्रोत तथा प्राविधिक जनशक्तिको अभावका कारण पूर्वाधार विकास अपेक्षित गतिमा हुन सकेको छैन।

आधारभूत सेवा तथा सुविधाको अवस्थालाई हेर्दा विद्यालयहरूमा ८२ वटा शौचालय रहेका छन्, जसमध्ये २२ वटा पक्की र २२ वटा कच्ची शौचालय प्रयोगमा छन्। त्यस्तै ८ वटा विद्यालयमा बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार, १८ वटा विद्यालयमा खाजाघर/भान्साघर, १ वटा विद्यालयमा प्राथमिक उपचार कक्ष तथा १ वटा विद्यालयमा पालेघर रहेको छ। विद्यालयहरूमा सुरक्षित खानेपानी, बालमैत्री तथा अपाङ्गमैत्री संरचना, विज्ञान प्रयोगशाला, पुस्तकालय, सूचना तथा सञ्चार प्रविधि (ICT) प्रयोगशाला, खेलमैदान, बहुउद्देश्यीय हल, छात्रामैत्री शौचालय तथा विपद् प्रतिरोधी संरचनाको उपलब्धता अझै पर्याप्त छैन। विद्यालय भवन तथा अन्य संरचनाको नियमित मर्मत–सम्भारका लागि पर्याप्त बजेट र संस्थागत प्रणालीको अभाव पनि देखिन्छ। यद्यपि नगरपालिकाले विद्यालयहरूको आवश्यकता र प्राथमिकताका आधारमा पूर्वाधार विकास, हरित विद्यालय अवधारणाको प्रवर्द्धन, विद्यालय परिसर सुधार, सुरक्षित तथा समावेशी सिकाइ वातावरण निर्माण तथा प्रविधिमैत्री पूर्वाधार विस्तारका कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ। आगामी अवधिमा सबै विद्यालयलाई राष्ट्रिय मापदण्डअनुसार सुरक्षित, समावेशी, बालमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री तथा

प्रविधियुक्त शैक्षिक पूर्वाधारयुक्त विद्यालयका रूपमा विकास गर्न थप लगानी, प्रभावकारी योजना तथा साझेदारी आवश्यक देखिन्छ।

### ४.६.२ उद्देश्य

१. राष्ट्रिय मापदण्डअनुसार सुरक्षित, दिगो, समावेशी, बालमैत्री, अपाङ्गमैत्री तथा सिकाइमैत्री विद्यालय भौतिक पूर्वाधारको विकास, विस्तार, मर्मत–सम्भार र प्रभावकारी व्यवस्थापन गर्नु।

२. सबै विद्यालयमा गुणस्तरीय शिक्षाका लागि आवश्यक कक्षाकोठा, खानेपानी, शौचालय, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, सूचना तथा सञ्चार प्रविधि (ICT) पूर्वाधार तथा अन्य आधारभूत भौतिक सुविधाको सुनिश्चितता गर्नु।

३. जलवायु परिवर्तन, विपद् तथा महामारीको जोखिमलाई न्यूनीकरण गर्ने भूकम्पप्रतिरोधी, वातावरणमैत्री, हरित तथा जलवायु–उत्थानशील (Climate-resilient/Climate-smart) विद्यालय पूर्वाधारको विकास गर्नु।

४. सुरक्षित, समावेशी, लैङ्गिकमैत्री तथा बालमैत्री सिकाइ वातावरण सिर्जना गरी विद्यार्थीको भर्नादर, नियमितता, टिकाउदर तथा सिकाइ उपलब्धिमा वृद्धि गर्नु।

५. प्रविधिमैत्री, नवप्रवर्तनमुखी तथा भविष्यको आवश्यकता अनुरूप विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय, प्रभावकारी र जीवनोपयोगी शिक्षालाई प्रवर्द्धन गर्नु।

### ४.६.३ रणनीति

१. राष्ट्रिय मापदण्ड तथा स्थानीय आवश्यकता अनुरूप सुरक्षित, भूकम्पप्रतिरोधी, बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सिकाइमैत्री विद्यालय पूर्वाधारको योजना, निर्माण, विस्तार तथा स्तरोन्नति गर्ने।

२. विद्यालय भवन, कक्षाकोठा, खानेपानी, शौचालय, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, ICT पूर्वाधार, खाजाघर तथा अन्य आधारभूत सुविधाको आवश्यकता-आधारित विकास, नियमित मर्मत–सम्भार, रंगरोगन तथा रेट्रोफिटिङ गर्ने।

३. विद्यालय भौतिक पूर्वाधार विकासमा संघ, प्रदेश, स्थानीय सरकार, विकास साझेदार, निजी क्षेत्र तथा स्थानीय समुदायसँग समन्वय, सहकार्य र स्रोत परिचालनलाई सुदृढ गर्ने।

४. विद्यालय परिसरमा खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH), हरित विद्यालय, जलवायु–उत्थानशील (Climate-resilient) तथा वातावरणमैत्री पूर्वाधारको विकास र प्रभावकारी कार्यान्वयन गर्ने।

५. नमुना विद्यालय (Model School) तथा उत्कृष्ट शैक्षिक पूर्वाधार विकास कार्यक्रमलाई प्राथमिकता दिँदै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम लगायतका सरकारी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने।

६. प्रकोप, विपद् तथा अन्य आकस्मिक परिस्थितिबाट प्रभावित विद्यालयका लागि वैकल्पिक सिकाइ स्थलको व्यवस्था गर्दै क्षतिग्रस्त पूर्वाधारको शीघ्र पुनःनिर्माण तथा पुनःस्थापना गर्ने।

### ४.६.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. सबै विद्यालयमा राष्ट्रिय मापदण्डअनुसार आवश्यक भौतिक पूर्वाधार तथा आधारभूत शैक्षिक सुविधाको सुनिश्चितता भएको हुनेछ ।

२. विद्यालयका भौतिक संरचना सुरक्षित, भूकम्पप्रतिरोधी, बालमैत्री, अपाङ्गमैत्री, समावेशी तथा वातावरणमैत्री बनेका हुनेछन्।

३. सबै विद्यार्थीले सुरक्षित, स्वच्छ, भयरहित, समावेशी तथा गुणस्तरीय सिकाइ वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त गरेका हुनेछन्।

४. सबै विद्यालयमा सुरक्षित घेराबार, प्रवेशद्वार, खानेपानी, सरसफाइ, शौचालय तथा आवश्यक पूर्वाधारको प्रभावकारी व्यवस्थापन भएको हुनेछ।

५. विद्यालयहरूमा हरित, प्रविधिमैत्री तथा जलवायु–उत्थानशील पूर्वाधारको विकास भई विद्यालय शिक्षाको गुणस्तर, विद्यार्थीको नियमितता, भर्नादर तथा टिकाउदरमा उल्लेखनीय सुधार आएको हुनेछ।

**नतिजा तथा परीमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | वर्तमान अवस्था | आधार वर्ष/ लक्ष्य २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ५० | १५ | २ | ३ | ५ | ३ | २ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षा कोठा | ३११ | ७६ | १५ | २० | २२ | १० | ९ |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षा कोठा | ३११ | १२४ | २० | ३० | ३२ | २० | २२ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय संख्या | ८२ | २६ | ३ | ६ | ९ | ४ | ४ |
| ५ | शौचालय मर्मत | ८२ | २४ | ५ | ५ | ५ | ५ | ४ |
| ६ | प्रधानाध्यापक कोठा | ५२ | ३२ | ५ | ८ | १० | ५ | ४ |
| ७ | शिक्षक तथा प्रशासनिक कक्ष | ० | ५४ | १० | ९ | १० | १५ | १० |
| ८ | खेलमैदान | १२ | ४० | १० | १५ | ५ | ५ | ५ |
| ९ | पक्की घेरापर्खाल | १९ | ३३ | ८ | ९ | ५ | ६ | ५ |
| १० | पुस्तकालय | १४ | १८ | ३ | ४ | ५ | ३ | ३ |
| ११ | प्रयोगशाला | १४ | १० | २ | २ | २ | २ | २ |
| १२ | भान्साघर | १८ | ३४ | ७ | ७ | ७ | ७ | ६ |
| १३ | मनोरन्जन कक्ष | ० | १७ | ४ | ३ | ५ | ३ | २ |
| १४ | पालेघर | १ | १५ | ३ | ३ | ३ | ३ | ३ |
| १५ | छात्रावास | २ | १५ | ३ | ३ | ३ | ३ | ३ |
| १६ | प्राथमिक उपचार कक्ष | १ | ५१ | ११ | १० | १० | १० | १० |
| १७ | खानेपानी व्यवस्थापन नयाँ निर्माण | ३२ | २० | ४ | ४ | ४ | ४ | ४ |
| १८ | खानेपानी मर्मत | ३२ | ३२ | ७ | ६ | ६ | ६ | ७ |
| १९ | वैठक तथा सम्मेलन कक्ष | ४ | १२ | ३ | ४ | २ | २ | १ |
| २० | स्तनपान तथा पोसाक परिवर्तन कक्षा | ० | ५२ | १२ | १० | १० | १० | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१ | स्यानिटरी प्याड परिवर्तन कक्ष | ० | १६ | ३ | ३ | ५ | ३ | २ |
| २२ | स्टोर | १५ | ३४ | ७ | ७ | ७ | ७ | ६ |
| २३ | अभिभावक प्रतीक्षालय | ० | १७ | ४ | ३ | ३ | ३ | ४ |
| २४ | अन्य | | | | | | | |

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दशवर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | | |
| १ | भूकम्प प्रतिरोधी विद्यालय भवन निर्माण | पटक | २ | ३ | ५ | ३ | २ | १५ | | |
| २ | जोखिम तथा जिर्ण अवस्थामा रहेका विद्यालयका कक्षा कोठाको सबलीकरण | विद्यालय संख्या | २० | ३० | ३२ | २० | २२ | १२४ | | |
| ३ | विद्यालयमा बनेका अन्य संरचनाको संबर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय संख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ४ | पानि सहित अपाङ्गमैत्री छात्र छात्रालाई अलग्गै शौचालय निर्माण | विद्यालय संख्या | ३ | ६ | ९ | ४ | ४ | २६ | | |
| ५ | पक्की घेरा पर्खाल निर्माण | विद्यालय | ८ | ९ | ५ | ६ | ५ | ३३ | | |
| ६ | वृक्षारोपण गरी विद्याल लाई हरित वातावरण मैत्री बनाउने | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | ५० | | |
| ७ | बालमैत्री धारा  स्वच्छ र सुद्धिकरण सहितको खानेपानीको व्यवस्थापन | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | | |
| ८ | दिवा खाजा व्यवस्थापनका लागी भान्साघर निर्माण | विद्यालय | ७ | ७ | ७ | ७ | ६ | ३४ | | |
| ९ | छात्रावास तथा आवासीय भवन निर्माण | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| १० | पोसाक परिवर्तन कक्ष, स्तनपान कक्ष, प्रार्थमिक | विद्यालय | १० | १० | १० | १० | १० | ५० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उपचार कक्ष, सेनेटरी प्याड परिवर्तन कक्ष निर्माण | | | | | | | | | |
| ११ | मनोरञ्जन कक्ष, सभा हल, प्रशासनिक कक्ष, लेखा कक्ष निर्माण | विद्यालय | ४ | ३ | ५ | ३ | २ | १७ | | |
| १२ | प्रविधिमैत्री, बालमैत्री कक्षाकोठा | विद्यालय | ३ | ३ | ३ | ४ | ४ | १७ | | |
| १३ | ई लाइब्रेरी सहितको सुविधा सम्पन्न पुस्तकालय | विद्यालय | ३ | ३ | ३ | ४ | ४ | १७ | | |
| १४ | विज्ञान प्रयोगशाला | विद्यालय | ३ | ३ | ३ | ४ | ४ | १७ | | |
| १४ | कम्प्युटर तथा ICT lab | विद्यालय | ३ | ३ | ३ | ४ | ४ | १७ | | |

## ४.७ सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

साँफेबगर नगरपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग विस्तार गर्ने उद्देश्यले पछिल्ला वर्षहरूमा उल्लेखनीय प्रयासहरू भएका छन्। संघ, प्रदेश तथा स्थानीय सरकारको सहयोगमा अधिकांश माध्यमिक विद्यालयमा **ICT प्रयोगशाला (ICT Lab)** स्थापना, कम्प्युटर उपलब्ध गराउने, इन्टरनेट जडान गर्ने तथा डिजिटल शिक्षण–सिकाइका लागि आवश्यक पूर्वाधार विकास गर्ने कार्य क्रमशः विस्तार हुँदै गएको छ। हाल नगरपालिकाका अधिकांश माध्यमिक विद्यालयमा ICT प्रयोगशाला तथा इन्टरनेट सेवा उपलब्ध रहेको छ भने आधारभूत विद्यालयहरूमा पनि आवश्यकता र उपलब्ध स्रोतका आधारमा ICT पूर्वाधार विस्तार गर्ने कार्य जारी रहेको छ। नेपाल सरकारको **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम** तथा स्थानीय तहको लगानीबाट ICT प्रयोगशाला स्थापना, कम्प्युटर खरिद तथा इन्टरनेट जडानका लागि अनुदान उपलब्ध गराइएको छ। साथै सामुदायिक विद्यालयहरूलाई वार्षिक रूपमा इन्टरनेट सेवाका लागि अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ। संस्थागत विद्यालयहरूले पनि आफ्नै स्रोतबाट कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सेवा सञ्चालन गर्दै डिजिटल माध्यमबाट शिक्षण–सिकाइलाई विस्तार गर्ने प्रयास गरेका छन्। विद्यालयहरूमा **Education Management Information System (EMIS)** को कार्यान्वयन, विद्यालय तथा बालविकास केन्द्रको डिजिटल तथ्याङ्क व्यवस्थापन, शिक्षक तथा विद्यालय व्यवस्थापनका लागि EMIS सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन, केही विद्यालयमा स्मार्ट टेलिभिजन, कम्प्युटर तथा डिजिटल सिकाइ सामग्रीको व्यवस्था, साथै बालविकास केन्द्रहरूमा प्रविधिमा आधारित सिकाइ सामग्रीको प्रयोग जस्ता अभ्यासहरू क्रमशः विस्तार हुँदै गएका छन्।

यद्यपि सूचना तथा सञ्चार प्रविधिको भौतिक पहुँच विस्तार भए पनि यसको प्रभावकारी उपयोग अझै अपेक्षाअनुसार हुन सकेको छैन। धेरै विद्यालयमा ICT प्रयोगशाला स्थापना भए तापनि नियमित प्रयोग, उपकरणको मर्मत–सम्भार, दक्ष प्राविधिक जनशक्ति, गुणस्तरीय इन्टरनेट सेवा तथा डिजिटल सिकाइ सामग्रीको अभावका कारण शिक्षण–सिकाइ प्रक्रियामा प्रविधिको एकीकृत प्रयोग सीमित रहेको छ। शिक्षकहरूको ICT सम्बन्धी सीप तथा आत्मविश्वासमा विद्यालयअनुसार भिन्नता रहेको, सूचना प्रविधिमा आधारित शिक्षण विधिको प्रयोग न्यून हुनु, सबै विषयका पाठ्यसामग्रीको डिजिटाइजेसन हुन नसक्नु, कमजोर विद्युत् तथा इन्टरनेट पहुँच, सीमित बजेट, उपकरणको नियमित

मर्मत–सम्भारको अभाव तथा साइबर सुरक्षा र डिजिटल नैतिकतासम्बन्धी सचेतनाको कमी प्रमुख चुनौतीका रूपमा रहेका छन्। संस्थागत विद्यालयहरूमा पनि कम्प्युटर प्रयोगशाला भए तापनि सबै कक्षामा प्रभावकारी डिजिटल शिक्षण प्रणाली पूर्ण रूपमा संस्थागत हुन सकेको छैन। तथापि नगरपालिकाले विद्यालयहरूमा प्रविधिमैत्री सिकाइ वातावरण विस्तार, शिक्षकको ICT क्षमता अभिवृद्धि, डिजिटल शिक्षण सामग्रीको प्रयोग, स्मार्ट कक्षा सञ्चालन तथा विद्यालय प्रशासनमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। आगामी अवधिमा विद्यालयहरूमा आधुनिक सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग, डिजिटल सिकाइ संस्कृतिको विकास तथा प्रविधिमा आधारित गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि थप लगानी, क्षमता विकास र प्रभावकारी व्यवस्थापन आवश्यक देखिन्छ।

### ४.७.२ उदेश्य

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित स्थानीय तहका उद्देश्य देहाएबमोजिम रहेका छन् ।

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु
३. कक्षाकोठाको शिक्षण सिकाई क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग गर्नु

### ४.७.४ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि देहाएका रणनीति अवलम्बन गरिनेछ।

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने
५. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने
६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने
७. ICT LAB व्यवस्थापनका लागि विद्यालयलाई आवश्यक आर्थिक सहयोग गर्ने
८. नगरपालिका भित्रको कुनै एक सामुदायिक विद्यालयलाई सूचना तथा प्रविधिको प्रयोगको रुपमा नमुना विद्यालयको रुपमा स्थापना गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

यस योजनाको कार्यान्वयन पश्चात साँफेबगर नगरपालिका विद्यालयहरुमा देहाएबमोजिमको उपलब्धि हासिल भएको हुनेछ ।

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने छ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

३. सूचना तथा सञ्चार प्रविधिको प्रभाकारी व्यवस्थापनका कारण सामुदायिक विद्यालयहरुमा विद्यार्थीको संख्या वृद्धि हुनेछ।
४. विद्यार्थीको विद्यालयमा नियमित उपस्थितिदरमा वृद्धि हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ |
|---|---|---|---|---|---|---|---|
| १ | स्मार्ट बोर्ड भएका विद्यालयको सङ्ख्या | १० | १० | १० | १० | १० | १० |
| २ | माध्यमिक तहमा कम्पुटर शिक्षकको व्यवस्था भएका विद्यालयको सङ्ख्या | १ | २ | २ | ३ | ३ | ३ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १० | १ | १ | १ | १ | १ |
| ४ | प्रोजेक्टर प्रयोग गर्ने विद्यालयको सङ्ख्या | | ६ | ६ | ७ | ७ | ७ |
| ५ | फाइबर नेट जडान भएका माध्यमिक विद्यालयको सङ्ख्या | ३ | ५ | ५ | ५ | ५ | ५ |
| ६ | सिसिटिभी क्यामेरा जडान भएका विद्यालयको सङ्ख्या | ३ | ३ | ३ | ४ | ५ | ५ |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | | |
| १ | कम्प्युटर शिक्षक क्षमता विकास तालिम | पटक | १ | २ | १ | २ | ३ | ९ | २० | |
| २ | डिजिटल विद्यालय घोषणा कार्यक्रम | पटक | | | | | १ | १ | | |
| ३ | प्रत्येक विद्यालयमा आइसीटी संरचना विस्तार | विद्यालय सङ्ख्या | २ | १ | ३ | २ | १ | ९ | १९ | |
| ४ | शिक्षण सिकाइमा श्रव्यदृश्य सामग्रीको प्रयोग | निरन्तर | | | | | | | | |
| ५ | सबै शिक्षकलाई आइसीटी सम्बन्धी क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १२ | |
| ६ | एक शिक्षक एक ल्यापटप कार्यक्रम | विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | |

# परिच्छेद ५ अन्य उपक्षेत्र

## ५.१ संस्थागत विद्यालय

### ५.१.१ वर्तमान अवस्था

साँफेबगर नगरपालिका भित्र सामुदायिक विद्यालयसँगै संस्थागत (निजी) विद्यालयहरूले पनि विद्यालय शिक्षाको पहुँच विस्तार तथा गुणस्तरीय शिक्षाको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन्। नगरपालिकाभित्र  ४ वटा सामुदायिक विद्यालयहरु सञ्चालनमा रहेका छन् ।  संस्थागत विद्यालयहरूमा पूर्वप्राथमिक, आधारभूत तथा माध्यमिक तहसम्मका शैक्षिक कार्यक्रम सञ्चालन भइरहेका छन्। संस्थागत विद्यालयहरूमा तुलनात्मक रूपमा पर्याप्त कक्षाकोठा, पुस्तकालय, कम्प्युटर तथा सूचना प्रविधिको प्रयोग, अतिरिक्त क्रियाकलाप, अंग्रेजी माध्यम शिक्षण तथा नियमित मूल्याङ्कन प्रणालीको अभ्यास रहेको पाइन्छ। पछिल्ला वर्षहरूमा अभिभावकहरूको गुणस्तरीय शिक्षाप्रतिको अपेक्षा बढ्दै जाँदा संस्थागत विद्यालयप्रतिको आकर्षण पनि वृद्धि भएको छ।

यद्यपि संस्थागत विद्यालयहरूले शैक्षिक प्रतिस्पर्धा र सिकाइ उपलब्धिमा योगदान पुऱ्याए पनि विभिन्न समस्या तथा चुनौतीहरू विद्यमान छन्। नगरपालिकाभित्र बसाइँसराइ, घट्दो जन्मदर तथा वैदेशिक रोजगारका कारण विद्यालय उमेर समूहका बालबालिकाको संख्या क्रमशः घट्दै गएको छ ।  कतिपय विद्यालयहरूमा योग्य तथा विषयगत शिक्षकहरूको

दीर्घकालीन व्यवस्थापन चुनौतीपूर्ण रहेको छ। त्यसैगरी, शिक्षा शुल्क निर्धारण तथा अभिभावकहरूको आर्थिक क्षमताबिच सन्तुलन कायम गर्नु अर्को महत्त्वपूर्ण चुनौती बनेको छ। विपन्न, दलित, जनजाति तथा अपाङ्गता भएका बालबालिकाको संस्थागत विद्यालयमा पहुँच न्यून रहेको छ । सबै संस्थागत विद्यालयहरूमा पर्याप्त डिजिटल पूर्वाधार, इन्टरनेट, स्मार्ट कक्षा तथा आधुनिक शिक्षण सामग्रीको उपलब्धता समान रूपमा छैन।

### ५.१.२ उद्देश्यहरु :

१. संस्थागत विद्यालयहरूमा गुणस्तरीय, समावेशी, बालमैत्री तथा प्रविधिमैत्री शिक्षाको पहुँच र सिकाइ उपलब्धि अभिवृद्धि गर्नु,
२. सस्थागत विद्यालयहरूको प्रभावकारी नियमन, अनुगमन तथा सुशासन प्रणाली सुदृढ गरी शिक्षा सेवाको गुणस्तर सुनिश्चित गर्नु,
३. शिक्षक, विद्यालय व्यवस्थापन तथा अभिभावकहरूको क्षमता र सहभागिता अभिवृद्धि गरी सुरक्षित, उत्तरदायी तथा प्रतिस्पर्धी शैक्षिक वातावरण निर्माण गर्नु।

### ५.१.३ रणनीतिहरु :

१. संस्थागत विद्यालयहरूको प्रभावकारी नियमन तथा अनुगमन प्रणाली सुदृढ गर्ने,
२. राष्ट्रिय तथा स्थानीय शिक्षा नीतिअनुरूप गुणस्तरीय, समावेशी र बालमैत्री शिक्षाको सुनिश्चितता गर्ने,
३. शिक्षक तथा विद्यालय व्यवस्थापकहरूको पेसागत क्षमता विकासका कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने,
४. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण–सिकाइ प्रणालीको विस्तार र प्रभावकारी उपयोगलाई प्रोत्साहन गर्ने,
५. विद्यालयमा सुरक्षित, समावेशी, लैङ्गिक तथा अपाङ्गतामैत्री सिकाइ वातावरण निर्माण गर्ने,
६. संस्थागत विद्यालयहरूमा शैक्षिक गुणस्तर सुनिश्चितता तथा सिकाइ उपलब्धि मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्ने,
७. विपन्न, जेहेन्दार, दलित, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूको पहुँच बढाउन छात्रवृत्ति तथा सहुलियत कार्यक्रमलाई प्रोत्साहन गर्ने,
८. विद्यालय र अभिभावकबीचको साझेदारी तथा उत्तरदायित्व अभिवृद्धि गर्ने,
९. विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण तथा मनोसामाजिक सहयोग कार्यक्रमलाई संस्थागत गर्ने,
१०.संस्थागत विद्यालयहरूमा खेलकुद, कला, संस्कृति, नवप्रवर्तन, अनुसन्धान तथा जीवनोपयोगी सीप विकासका कार्यक्रम प्रवर्द्धन गर्ने,
११.शिक्षा शुल्क तथा सेवा व्यवस्थापनलाई पारदर्शी, उत्तरदायी र विद्यार्थीमैत्री बनाउने,
१२.सार्वजनिक र संस्थागत विद्यालयबीच अनुभव आदानप्रदान, सहकार्य तथा असल अभ्यासको प्रवर्द्धन गर्ने,
१३. हरित विद्यालय अवधारणा अनुसार वातावरणमैत्री तथा दिगो विद्यालय व्यवस्थापनलाई प्रोत्साहन गर्ने,
१४.विद्यालयहरूको नियमित शैक्षिक, प्रशासनिक तथा वित्तीय लेखापरीक्षण र स्वमूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने,

१५.स्थानीय आवश्यकता र श्रम बजारसँग सम्बन्धित नवप्रवर्तनात्मक तथा सिपमूलक शैक्षिक कार्यक्रमहरूको विकास र विस्तार गर्ने ।

### ५.१.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. संस्थागत विद्यालयमार्फत नगरपालिकामा गुणस्तरीय शिक्षाको पहुँच विस्तार भएको हुनेछ,

२. पूर्वप्राथमिकदेखि माध्यमिक तहसम्मको शैक्षिक सेवा उपलब्ध भई विद्यार्थीलाई स्थानीय स्तरमै अध्ययनको अवसर प्राप्त भएको हुनेछ,

३. शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुनेछ ,

४. संस्थागत विद्यालयहरूले विद्यार्थीहरूको सिकाइ उपलब्धि तथा शैक्षिक प्रतिस्पर्धात्मकता अभिवृद्धिमा योगदान पुऱ्याएका हुनेछन्,

५. अंग्रेजी माध्यम तथा नवप्रवर्तन शिक्षण पद्धतिको प्रयोगबाट अभिभावक र विद्यार्थीको आकर्षण बढेको हुनेछ ।

६. अतिरिक्त क्रियाकलाप, खेलकुद, सांस्कृतिक तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन भई विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा सहयोग पुगेको हुनेछ

७. दक्ष तथा विषयगत शिक्षकहरूको संलग्नताले शिक्षणको गुणस्तर सुधारमा योगदान पुगेको हुनेछ

८. विद्यालयहरूको भौतिक पूर्वाधार, कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला तथा सूचना–प्रविधि सुविधामा सुधार भएको।

९. विद्यालय र अभिभावकबीचको समन्वय तथा नियमित शैक्षिक अनुगमन प्रणाली विकास भएको।

१०.नगरपालिकाको समग्र शैक्षिक सूचकाङ्क सुधार तथा शैक्षिक अवसरको विविधीकरणमा संस्थागत विद्यालयहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स | सूचक | आधार वर्ष २०८२/ ८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | ICT प्रयोग गर्ने विद्यालय (%) | २ | सबै | सबै | सबै | सबै | |
| २ | छात्रवृत्ति प्राप्त विद्यार्थी संख्या | १० | १५ | २० | २५ | ३० | |
| ३ | बालमैत्री कक्षा सञ्चालन भएका विद्यालय (%) | | सबै | सबै | सबै | सबै | |
| ४ | अतिरिक्त क्रियाकलापमा सहभागिता (%) | | सबै | सबै | सबै | सबै | |

### ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य पाँच वर्ष | | | | | | लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | संस्थागत विद्यालयहरूको नियमित अनुगमन तथा सुपरीवेक्षण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

शिक्षाजस्तो महत्वपूर्ण सार्वजनिक सेवालाई प्रभावकारी, चुस्त, सेवामुखी तथा परिणाममुखी बनाउन सुशासन र व्यवस्थापनको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, समता, समावेशिता तथा व्यापक सहभागिता सुनिश्चित गर्दै योजनाका उद्देश्य प्राप्तिका लागि आवश्यक संरचना र प्रक्रियाहरूलाई जनाउँछ। सुशासनको प्रत्याभूति गर्न सहभागितामूलक तथा सहमतिमा आधारित निर्णय प्रक्रिया अवलम्बन गर्न, स्पष्ट दृष्टिकोण तथा उद्देश्यका आधारमा कार्य सञ्चालन गर्न, कार्यसम्पादनमा उत्तरदायित्व वहन गर्न, प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न तथा पारदर्शिता र विधिसम्मत कार्यसंस्कृति विकास गर्न आवश्यक हुन्छ। यसका लागि सम्बन्धित संरचना तथा कार्यप्रणालीलाई व्यवस्थित र सुदृढ बनाइनुपर्छ। शिक्षा क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी संस्था तथा विकास साझेदारहरूको महत्वपूर्ण भूमिका रहने भएकाले आ–आफ्नो जिम्मेवारीअनुसार सुशासन कायम गर्न सबै पक्षको सक्रिय योगदान आवश्यक हुन्छ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल तथा साझा अधिकार सूचीमार्फत शिक्षा क्षेत्रको शासकीय व्यवस्था तथा व्यवस्थापनको आधार तय गरेको छ। विद्यालय शिक्षासम्बन्धी यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, व्यवस्थापकीय संयन्त्र, कार्यान्वयन जिम्मेवारी तथा उपयुक्त अनुगमन र मूल्याङ्कन प्रणालीको स्थापना अपरिहार्य छ। यस परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयन व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनजस्ता प्रमुख क्षेत्रहरू समेटिएका छन्। यी क्षेत्रहरूको विश्लेषण परिचय, वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण गरी सातवटा उपशीर्षकअन्तर्गत प्रस्तुत गरिएको छ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संथागत क्षमता विकास

### ६.१.१ वर्तमान अवस्था

साँफेबगर नगरपालिकामा शिक्षा व्यवस्थापन तथा संस्थागत क्षमता विकासका लागि शिक्षा, युवा तथा खेलकुद शाखामार्फत विद्यालय शिक्षासम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा समन्वयका कार्यहरू सञ्चालन हुँदै आएका छन्। स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित कानुनी व्यवस्थाअनुसार शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न कार्यविधि, निर्देशिका तथा मापदण्डहरू निर्माण तथा कार्यान्वयनको अभ्यास भइरहेको छ। नगरपालिकाले वार्षिक बजेट निर्माण, स्वीकृति र कार्यान्वयन प्रक्रियामार्फत शिक्षा क्षेत्रमा आवश्यक स्रोत विनियोजन गर्दै आएको छ। सामुदायिक

विद्यालयहरूमा शिक्षक तथा कर्मचारी व्यवस्थापन गरिए पनि विषयगत शिक्षक अभाव, दरबन्दी मिलान तथा जनशक्ति व्यवस्थापनका चुनौतीहरू विद्यमान छन्।यस नगरपालिकामा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा सरोकारवालाहरूको सहभागिता मार्फत विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रयास भइरहेको छ। वित्तीय अनुशासन कायम गर्न लेखा प्रणालीलाई व्यवस्थित बनाइएको छ भने नियमित आर्थिक लेखापरीक्षण तथा सामाजिक परीक्षणको कार्यलाई व्यवस्थित गरिएको छ। विद्यालय तथा नगरपालिका स्तरमा आवश्यक भौतिक, शैक्षिक तथा सूचना प्रविधिसम्बन्धी स्रोतसाधनको व्यवस्थापन र परिचालनमा जोड दिइएको छ। सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाअनुसार सूचना प्रवाह तथा गुनासो सुनुवाइका लागि संयन्त्रहरूको व्यवस्था गरिएको छ। साथै, सुशासन प्रवर्द्धन, नियमित अनुगमन तथा मूल्याङ्कन, कर्मचारी र शिक्षकहरूको क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। तथापि, सीमित स्रोतसाधन, दक्ष जनशक्तिको अभाव, बढ्दो प्रविधिमैत्री सेवाको आवश्यकता तथा गुणस्तरीय शैक्षिक व्यवस्थापन सुनिश्चित गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन्। यद्यपि संघ, प्रदेश तथा स्थानीय तहबीचको समन्वय, सूचना प्रविधिको विस्तार, समुदायको सहभागिता तथा संस्थागत क्षमता विकासका अवसरहरूले शिक्षा क्षेत्रको समग्र सुधार र सुशासन प्रवर्द्धनमा महत्वपूर्ण सम्भावना सिर्जना गरेका छन्।

### ६.१.२ उद्देश्य

१. शिक्षा क्षेत्रको प्रभावकारी सञ्चालनका लागि स्थानीय तह तथा विद्यालयहरूमा आवश्यक जनशक्तिको व्यवस्थापन र परिचालन गर्नु।
२. शिक्षा प्रशासन, विद्यालय व्यवस्थापन तथा शैक्षिक सेवासँग सम्बन्धित जनशक्तिको संस्थागत क्षमता अभिवृद्धि गर्नु।
३. शिक्षा क्षेत्रमा सुशासन, पारदर्शिता, सूचना प्रवाह, गुनासो व्यवस्थापन ,जवाफदेहिता तथा सहभागितामूलक व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउनु।
४. विद्यालय तथा स्थानीय तहको संस्थागत क्षमता विकास गरी शिक्षा सेवालाई प्रभावकारी र परिणाममुखी बनाउनु ।

### ६.१.३ रणनीति

१. स्थानीय तहमा शिक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति, ऐन, कार्यविधि, निर्देशिका तथा मापदण्डहरूको तर्जुमा, परिमार्जन र कार्यान्वयन गर्ने।
२. स्वीकृत संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्थापन, परिचालन तथा समुचित उपयोग गर्ने।
३. शिक्षक, प्रधानाध्यापक, शिक्षा शाखाका कर्मचारी तथा अन्य सरोकारवालाहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली (Teacher Professional Support System) को विकास तथा सुदृढीकरण गर्ने।
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरूको नेतृत्व तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने।
६. शिक्षा क्षेत्रको प्रभावकारी सञ्चालनका लागि आवश्यक भौतिक, वित्तीय, प्राविधिक तथा शैक्षिक स्रोतसाधनको व्यवस्थापन गर्ने।
७. विद्यालय तथा शिक्षा शाखामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गरी डिजिटल प्रशासनलाई प्रवर्द्धन गर्ने।

८. नियमित अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणालीलाई प्रभावकारी बनाउने।
९. विद्यालय सुधार योजना, नगर शिक्षा योजना तथा वार्षिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।
१०. वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धिका लागि लेखा प्रणाली, आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण प्रणालीलाई सुदृढ बनाउने।
११. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा सार्वजनिक परीक्षणमार्फत सुशासन प्रवर्द्धन गर्ने।
१२. सूचना प्रवाह तथा गुनासो सुनुवाइ प्रणालीलाई प्रभावकारी र सेवाग्राहीमैत्री बनाउने।
१३. विद्यालय तथा समुदायबीचको सहकार्य, समन्वय र सहभागितालाई सुदृढ गर्दै सामुदायिक स्वामित्व अभिवृद्धि गर्ने।
१४. संघ, प्रदेश तथा अन्य साझेदार संस्थाहरूसँग समन्वय र सहकार्य गरी स्रोत परिचालन तथा क्षमता विकासलाई प्रोत्साहन गर्ने।
१५. शिक्षा व्यवस्थापनमा नवप्रवर्तन, अनुसन्धान तथा असल अभ्यासहरूको प्रवर्द्धन गरी परिणाममुखी र गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्ने ।

### ६.१.४ उपलब्धि , नतिजा , प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

१. स्थानीय तह तथा विद्यालयहरूमा आवश्यक जनशक्तिको व्यवस्थापन र परिचालन सुनिश्चित भएको हुनेछ।
२. शिक्षक, प्रधानाध्यापक, शिक्षा शाखाका कर्मचारी तथा सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि भएको हुनेछ।
३. शिक्षा क्षेत्रमा उत्तरदायित्व, जवाफदेहिता तथा कार्यसम्पादनमा सुधार आएको हुनेछ।
४. विद्यालय व्यवस्थापन समितिहरूको नेतृत्व तथा व्यवस्थापकीय क्षमता सुदृढ भएको हुनेछ।
५. शिक्षा व्यवस्थापनसँग सम्बन्धित नीति, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू निर्माण तथा प्रभावकारी रूपमा कार्यान्वयन भएका हुनेछन्।
६. शिक्षा क्षेत्रमा आवश्यक भौतिक, वित्तीय, प्राविधिक तथा शैक्षिक स्रोतसाधनहरूको व्यवस्थापन र उपयोग प्रभावकारी भएको हुनेछ।
७. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षा प्रशासन तथा व्यवस्थापन प्रणालीको विकास भएको हुनेछ।
८. अनुगमन, मूल्याङ्कन, लेखापरीक्षण तथा सामाजिक परीक्षण प्रणाली सुदृढ भई सुशासन प्रवर्द्धन भएको हुनेछ।
९. गुनासो व्यवस्थापन, सूचना प्रवाह तथा सार्वजनिक उत्तरदायित्वका संयन्त्रहरू प्रभावकारी भएका हुनेछन्।
१०. शिक्षा सेवाको गुणस्तर, प्रभावकारिता तथा परिणाममुखीता अभिवृद्धि भई समग्र शिक्षा व्यवस्थापन प्रणाली सुदृढ भएको हुनेछ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८२/०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | २०८६ /०८७ | २०८७ /०८८ |
|---|---|---|---|---|---|---|---|
| १ | नेतृत्व तथा व्यवस्थापन तालिम प्राप्त माध्यमिक | १० | १ | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालयका प्रधानाध्यापक संख्या | | | | | | |
| २ | नेतृत्व तथा व्यवस्थापन तालिम प्राप्त आधारभूत विद्यालयका प्रधानाध्यापक संख्या | २० | ५ | ५ | ५ | ५ | ५ |
| ३ | लेखापरीक्षण तथा सामाजिक परीक्षण सम्पन्न विद्यालय संख्या | सबै | सबै | सबै | सबै | सबै | |
| ४ | विद्यालय व्यवस्थापन समिति गठन तथा क्रियाशील भएका विद्यालय संख्या | सबै | सबै | सबै | सबै | सबै | |
| ५ | कानुनबमोजिम नियुक्त प्रधानाध्यापक भएका माध्यमिक विद्यालय | सबै | सबै | सबै | सबै | सबै | |
| ६ | क्षमता विकास तालिम प्राप्त शिक्षक संख्या | ७० | १०० | २०० | ३०० | ४५६ | |
| ७ | क्षमता विकास तालिम प्राप्त शिक्षा शाखाका कर्मचारी संख्या | २ | नियमित | नियमित | नियमित | नियमित | |
| ८ | सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्ने विद्यालय संख्या | ५ | १० | १५ | २० | २५ | |
| ९ | विद्यालय सुधार योजना अद्यावधिक गरी कार्यान्वयन गर्ने विद्यालय संख्या | ५२ | सबै | सबै | सबै | सबै | |
| १० | नियमित अनुगमन तथा मूल्याङ्कन भएका विद्यालय संख्या | ५ | १० | १५ | २० | २५ | |

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र .स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पांच वर्ष ) | | | | | | भौतिक लक्ष्य ( दश वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | | |
| १ | स्थानीय कानुनी प्रबन्ध, कार्यविधि तथा मापदण्ड निर्माण तथा परिमार्जन | | | | | | | | | आवश्यकता अनुसार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालयका जनशक्तिको क्षमता विकास तालिम सञ्चालन | | ७० | १०० | २०० | ३०० | ४५६ | | | वार्षिक |
| ३ | संस्थागत संरचना सुदृढीकरण तथा जनशक्ति व्यवस्थापन | | | | | | | | | |
| ४ | शैक्षिक तथ्याङ्क तथा प्रतिवेदन प्रणालीको सुदृढीकरण | | | | | | | | | |
| ५ | शाखामा कार्यसम्पादन करार लागु गर्ने | | | | | | | | | |
| ६ | मूल्याङ्कन तथा स्वमूल्याङ्कन सञ्चालन | | | | | | | | | |
| ७ | सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ सञ्चालन | | | | | | | | | |
| ८ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक गठन | | | | | | | | | |
| ९ | सूचना प्रविधिमा आधारित शिक्षा व्यवस्थापन प्रणालीको विकास तथा सञ्चालन | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | नियमित अनुगमन, सुपरिवेक्षण, पृष्ठपोषण तथा सुशासन प्रवर्द्धन कार्यक्रम सञ्चालन | | | | | | | | | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ वर्तमान अवस्था

साँफेबगर नगरपालिकामा शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक संस्थागत तथा व्यवस्थापकीय संरचनाहरू स्थापना गरी कार्य सञ्चालन हुँदै आएको छ। नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामार्फत शिक्षा क्षेत्रका योजना, कार्यक्रम तथा बजेट कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका कार्यहरू सञ्चालन भइरहेका छन्। विद्यालय तहमा प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघमार्फत शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन भइरहेको छ। तथापि, सीमित जनशक्ति, बढ्दो कार्यबोझ तथा प्राविधिक दक्ष जनशक्तिको अभावका कारण कार्यसम्पादनमा केही चुनौतीहरू देखिएका छन्।नगरपालिकाले वार्षिक नीति, कार्यक्रम तथा बजेटका आधारमा शिक्षा क्षेत्रका कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। वार्षिक कार्ययोजना निर्माण, बजेट विनियोजन तथा कार्यक्रम सञ्चालनको अभ्यास संस्थागत हुँदै गएको छ। शिक्षा योजनाको कार्यान्वयनका लागि आवश्यक विभिन्न समिति तथा संयन्त्रहरू गठन गरिएका छन् र तिनमार्फत कार्यक्रमहरूको समन्वय तथा सहजीकरण भइरहेको छ। यद्यपि, केही संयन्त्रहरूको क्षमता अभिवृद्धि तथा कार्यसम्पादन प्रभावकारितामा थप सुधार आवश्यक रहेको छ।

शिक्षा क्षेत्रमा आवश्यक भौतिक, वित्तीय तथा प्राविधिक स्रोतसाधनको व्यवस्थापन तथा परिचालनमा नगरपालिकाले प्राथमिकता दिएको छ। विद्यालय भवन, शैक्षिक सामग्री, सूचना तथा सञ्चार प्रविधि र सिकाइ वातावरण सुधारका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। तर सीमित स्रोतसाधन र बढ्दो आवश्यकता बीच सन्तुलन कायम गर्नु चुनौतीपूर्ण रहेको छ।शिक्षा क्षेत्रको व्यवस्थापन र सञ्चालनलाई व्यवस्थित बनाउन आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरू निर्माण तथा कार्यान्वयन गर्ने कार्य भइरहेको छ। साथै, कानुनी व्यवस्था तथा नीतिगत प्रावधानहरूको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरूबीच अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिँदै आएका छन्। तथापि, केही कानुनी तथा नीतिगत व्यवस्थाहरूलाई समयानुकूल परिमार्जन र थप प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ।साँफेबगर नगरपालिकाको शिक्षा योजनाको कार्यान्वयनमा दक्ष जनशक्तिको अभाव, सीमित वित्तीय स्रोत, भौगोलिक विकटता तथा प्रविधिमा पहुँचको असमानता प्रमुख चुनौतीका रूपमा रहेका छन्। यद्यपि, स्थानीय सरकारको प्रतिबद्धता, समुदायको सहभागिता, संघ तथा प्रदेश सरकारसँगको समन्वय, सूचना प्रविधिको विस्तार तथा शिक्षा क्षेत्रप्रति बढ्दो जनचासोले शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि महत्वपूर्ण अवसरहरू सिर्जना गरेका छन्।

### ६.२.२ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी, गुणस्तरीय तथा समयबद्ध कार्यान्वयनको सुनिश्चितता गर्नु।
२. शिक्षा योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, जनशक्ति तथा स्रोतसाधनको व्यवस्थापन र परिचालन गर्नु।
३. शिक्षा योजनाका कार्यक्रम तथा क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीलाई सुदृढ बनाउनु।
४. शिक्षा योजनाको कार्यान्वयनमा पारदर्शिता, जवाफदेहिता, सहभागिता तथा सुशासन प्रवर्द्धन गर्नु।
५. शिक्षा योजनाका लक्ष्य तथा अपेक्षित नतिजाहरू हासिल गर्न स्थानीय तह, विद्यालय, समुदाय तथा सरोकारवालाहरूबीच प्रभावकारी समन्वय र सहकार्य अभिवृद्धि गर्नु।

### ६.२.३ रणनीति

१. संघीय, प्रदेश तथा स्थानीय स्रोतबाट प्राप्त बजेट र अनुदानको समुचित परिचालन गरी वार्षिक शिक्षा कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने।
२. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरूको निर्माण, परिमार्जन र कार्यान्वयन गर्ने।
३. शिक्षा योजनाअन्तर्गतका कार्यक्रमहरूको नियमित अनुगमन, सुपरिवेक्षण, सहजीकरण तथा पृष्ठपोषणको व्यवस्था गर्ने।
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) तथा अन्य सूचना प्रणालीहरूको उपयोग गरी तथ्याङ्कमा आधारित योजना, कार्यान्वयन तथा समीक्षा गर्ने।
५. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अन्य सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्दै विद्यालय व्यवस्थापनलाई सुदृढ बनाउने।
६. विद्यालय सुधार योजना (SIP) निर्माण, अद्यावधिक तथा प्रभावकारी कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग र सहजीकरण गर्ने।
७. प्रधानाध्यापक तथा विद्यालय नेतृत्वलाई जिम्मेवार, उत्तरदायी र परिणाममुखी बनाउँदै कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली लागू गर्ने।
८. वित्तीय व्यवस्थापन, सार्वजनिक खरिद, शिक्षक व्यवस्थापन, नियमित पठनपाठन तथा विद्यालय सञ्चालनसम्बन्धी मापदण्डहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।
९. अभिभावक, समुदाय तथा सरोकारवालाहरूसँग नियमित अन्तरक्रिया, अभिभावक भेला, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणमार्फत साझेदारी र उत्तरदायित्व अभिवृद्धि गर्ने।
१०. सामुदायिक सिकाइ केन्द्र तथा अन्य वैकल्पिक सिकाइ संरचनामार्फत साक्षरता, निरन्तर शिक्षा, सीप विकास, जीवनोपयोगी शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमहरू सञ्चालन र विस्तार गर्ने।

### ६.२.४ प्रमुख उपलब्धि

१. शिक्षा योजनाको प्रभावकारी तथा समयबद्ध कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।
२. शिक्षा योजनाअन्तर्गतका कार्यक्रम तथा क्रियाकलापहरू निर्धारित लक्ष्यअनुसार सञ्चालन भएका हुनेछन्।

३. शिक्षा क्षेत्रका लागि आवश्यक नीति, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू निर्माण तथा कार्यान्वयन भएका हुनेछन्।
४. शिक्षा योजनाको कार्यान्वयनमा स्थानीय तह, विद्यालय तथा सरोकारवालाहरूबीच प्रभावकारी समन्वय र सहकार्य स्थापित भएको हुनेछ।
५. विद्यालय सुधार योजना (SIP) निर्माण, अद्यावधिक तथा कार्यान्वयन प्रभावकारी रूपमा भएको हुनेछ।
६. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा प्रधानाध्यापकहरूको नेतृत्व तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि भएको हुनेछ।
७. अनुगमन, मूल्याङ्कन, प्रतिवेदन तथा पृष्ठपोषण प्रणाली सुदृढ भई शिक्षा कार्यक्रमहरूको प्रभावकारिता वृद्धि भएको हुनेछ।
८. शिक्षा क्षेत्रमा पारदर्शिता, उत्तरदायित्व, सुशासन तथा वित्तीय अनुशासन सुदृढ भएको हुनेछ।
९. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत तथ्याङ्कमा आधारित योजना तथा निर्णय प्रक्रियाको विकास भएको हुनेछ।
१०. आवश्यक स्रोतसाधनको प्रभावकारी परिचालन भई शिक्षा सेवाको पहुँच, गुणस्तर तथा व्यवस्थापनमा सुधार आएको हुनेछ।
११. विद्यालयहरूमा नियमित पठनपाठन, शिक्षक व्यवस्थापन तथा शैक्षिक गतिविधिहरू थप व्यवस्थित भएका हुनेछन्।
१२. अभिभावक, समुदाय तथा अन्य सरोकारवालाहरूको सहभागिता र स्वामित्व अभिवृद्धि भएको हुनेछ।
१३. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थापन प्रणाली प्रभावकारी भई सार्वजनिक विश्वास बढेको हुनेछ।
१४. सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता, निरन्तर शिक्षा तथा आजीवन सिकाइका अवसरहरू विस्तार भएका हुनेछन्।
१५. शिक्षा योजनाका अपेक्षित नतिजाहरू हासिल भई समग्र शिक्षा प्रणालीको कार्यसम्पादन र गुणस्तरमा उल्लेखनीय सुधार भएको हुनेछ।

### ६.२.४ नतिजा तथा परिमाणात्मक लक्ष्य (सूचकहरू)

१. शिक्षा योजनाका कार्यक्रमहरू निर्धारित समय, लागत र गुणस्तरअनुसार कार्यान्वयन भएका विद्यालयको प्रतिशत वृद्धि हुने।
२. शिक्षा क्षेत्रका सबै निकाय तथा विद्यालयहरूमा सुशासन, पारदर्शिता र जवाफदेहिताको अभ्यास सुदृढ हुने।
३. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गरी कार्यान्वयन गर्ने विद्यालयहरूको संख्या वृद्धि हुने।
४. नियमित अनुगमन तथा मूल्याङ्कन भएका विद्यालयहरूको संख्या वृद्धि हुने।
५. वार्षिक कार्ययोजना तथा बजेट समयमै निर्माण, स्वीकृत र कार्यान्वयन गर्ने विद्यालय तथा निकायहरूको संख्या वृद्धि हुने।
६. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा सार्वजनिक परीक्षण सञ्चालन गर्ने विद्यालयहरूको संख्या वृद्धि हुने।

७. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ सक्रिय रूपमा परिचालन भएका विद्यालयहरूको संख्या वृद्धि हुने।
८. नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक, शिक्षक तथा शिक्षा शाखाका कर्मचारीहरूको संख्या वृद्धि हुने।
९. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) मा नियमित तथ्याङ्क अद्यावधिक गर्ने विद्यालयहरूको संख्या वृद्धि हुने।
१०. वित्तीय व्यवस्थापन तथा लेखापरीक्षण समयमै सम्पन्न गर्ने विद्यालयहरूको संख्या वृद्धि हुने।
११. गुनासो सुनुवाइ तथा सूचना प्रवाह संयन्त्र सञ्चालन भएका विद्यालय तथा शैक्षिक संस्थाहरूको संख्या वृद्धि हुने।
१२. कार्यसम्पादन करार तथा नतिजामा आधारित व्यवस्थापन प्रणाली लागू भएका विद्यालयहरूको संख्या वृद्धि हुने।
१३. समुदाय, अभिभावक तथा सरोकारवालाको सहभागितामा सञ्चालन भएका शैक्षिक कार्यक्रमहरूको संख्या वृद्धि हुने।
१४. आवश्यक भौतिक, प्राविधिक तथा शैक्षिक स्रोतसाधनले सम्पन्न विद्यालयहरूको संख्या वृद्धि हुने।
१५. शिक्षा योजनाका लक्ष्य तथा सूचकहरू हासिल गर्ने विद्यालय तथा शैक्षिक निकायहरूको प्रतिशतमा निरन्तर वृद्धि हुने।

### ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( ५ वर्ष ) | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | विद्यालय | नियमित | | | | | | | |
| २ | योजना (SIP) निर्माण तथा अद्यावधिक | विद्यालय | नियमित | | | | | | | |
| ३ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) अद्यावधिक | विद्यालय | नियमित | | | | | | | |
| ४ | विद्यालयको नियमित अनुगमन तथा सुपरिवेक्षण | विद्यालय | नियमित | | | | | | | |
| ५ | वि व्य स का पदाधिकारीहरूको क्षमता विकास तालिम | **पटक** | २ | २ | २ | २ | २ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षा योजनाको वार्षिक समीक्षा तथा प्रगति मूल्याङ्कन | | | | | | | | | |
| ७ | शिक्षा योजनाको वार्षिक समीक्षा तथा प्रगति मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | | | |
| ८ | शिक्षा क्षेत्रसँग सम्बन्धित ऐन, नियम, कार्यविधि तथा निर्देशिका निर्माण/परिमार्जन | | आवश्यकता अनुसार | | | | | | | |
| ९ | अभिभावक, समुदाय तथा सरोकारवालासँग अन्तरक्रिया तथा समन्वय कार्यक्रम सञ्चालन | | | सबै | सबै | सबै | सबै | सबै | | |
| १० | गुनासो सुनुवाइ तथा सूचना प्रवाह प्रणाली सञ्चालन | | | सबै | सबै | सबै | सबै | **सबै** | | |
| ११ | शिक्षक तथा कर्मचारीहरूको पेशागत क्षमता विकास कार्यक्रम | **पटक** | २ | २ | २ | २ | २ | | | |
| १२ | शिक्षा योजनाको मध्यावधि तथा अन्तिम मूल्याङ्कन | **पटक** | | | १ | | १ | | | |

# परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन

## ७.१ वर्तमान अवस्था

सबै नागरिकहरूलाई आधारभूत तह सम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दूर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका अतिरिक्त कक्षा, कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक

संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ । वित्तीय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ। एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पु-याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउंदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ। शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ। शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन। विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गरिए पनि सो अनुपातमा पुग्न सकेको छैन। यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ। समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ। संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउंदै लैजाने नीति उल्लेख गरिएको छ। कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी बनाउनु चुनौतीका रूपमा रहेका छन्। सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो रहेको छ।

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तीमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ। ससर्त अनुदानको रुपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशत भन्दा बढी रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन। १० वर्षीय शिक्षा क्षेत्र योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन्। अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन। नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ। श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ।

### ७.२ उद्देश्यहरू

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु
४. खर्च प्रक्रियालाई व्यवस्थित गर्न पारदर्शिता तथा जवाफदेहिता संयन्त्रको विकास गर्नु

## ७.३ रणनीतिहरू

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने
३. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने

## ७.५ प्रमुख उपलब्धि तथा नतिजा

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ।

**सङघिय सरकार, प्रदेस सरकार र स्थानीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गत प्राप्त हुने बजेट ( रु.हजारमा)**

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र | आर्थिक वर्ष अनुसार रकम (लाखमा) | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | २२७१३ | २२७१३ | २२७१३ | २२७१३ | २२७१३ | ११३५६५ |
| २ | आधारभूत शिक्षा | १७६९०० | १७६९०० | १७६९०० | १७६९०० | १७६९०० | ८८४५०० |
| ३ | माध्यमिक शिक्षा | ६७४०० | ६७४०० | ६७४०० | ६७४०० | ६७४०० | ३३७००० |
| ४ | पाठ्यक्रम र पाठ्य पुस्तक | ३८०२ | ३८०२ | ३८०२ | ३८०२ | ३८०२ | १९०१० |
| ५ | दिवा खाजा | ८५६१ | ८५६१ | ८५६१ | ८५६१ | ८५६१ | ४२८०५ |
| ६ | विद्यालय संचालन व्यवस्थापन | ६८५५ | ६८५५ | ६८५५ | ६८५५ | ६८५५ | ३४२७५ |
| ७ | सामुदायिक विद्यालयका छात्राहरूलाई निशुल्क सेनेटरी प्याड वितरण | १६३३ | १६३३ | १६३३ | १६३३ | १६३३ | ८१६५ |
| ८ | छात्रवृत्ति (PMT) | २६०८ | २६०८ | २६०८ | २६०८ | २६०८ | १३०४० |

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र | आर्थिक वर्ष अनुसार रकम (लाखमा) | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | |
| ९ | प्रत्येक विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापन (PCF) | ३५१४ | ३५१४ | ३५१४ | ३५१४ | ३५१४ | १७५७० |
| १० | अनौपचारिक तथा आजीवन सिकाइ | ३२४० | ३२४० | ३२४० | ३२४० | ३२४० | १६२०० |
| ११ | सामुदायिक विद्यालयमा शैक्षिक कार्यक्रम | ४६४५ | ४६४५ | ४६४५ | ४६४५ | ४६४५ | २३२२५ |
| १२ | सामुदायिक विद्यालयमा शैक्षिक सुशासन प्रवर्धनका लागि स्थानीय तहमा शैक्षिक कार्यक्रम | ६५९ | ६५९ | ६५९ | ६५९ | ६५९ | ३२९५ |
| १३ | आधारभूत सिकाइ प्रवर्धन कार्यक्रम | १६५६ | १६५६ | १६५६ | १६५६ | १६५६ | ८२८० |
| १४ | स्वीकृत स्थानीय शिक्षा योजना | ८४६ | ८४६ | ८४६ | ८४६ | ८४६ | ४२३० |
| १५ | माध्यमिक तह शिक्षण सहयोग अनुदान ( अंग्रेजी,गणित,विज्ञान ) | ६९३६ | ६९३६ | ६९३६ | ६९३६ | ६९३६ | ३४६८० |
| १६ | आधारभूत तह शिक्षण सहयोग अनुदान ( अंग्रेजी,गणित,विज्ञान ) | ९२३ | ९२३ | ९२३ | ९२३ | ९२३ | ४६१५ |
| १७ | छात्रवृत्ति ( आवासीय तथा गैर आवासीय) | ११८२ | ११८२ | ११८२ | ११८२ | ११८२ | ५९१० |
| १८ | स्वीकृत गुरु योजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० |
| | जम्मा | ३१७०७३ | ३१७०७३ | ३१७०७३ | ३१७०७३ | ३१७०७३ | १५८५३६५ |

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

## ८.१ वर्तमान अवस्था

यस साँफेबगर नगरपालिकाले शिक्षा कार्यक्रम कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वयन गर्नेछ । स्थानीय तह र विद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिईएको छ।

प्रत्येक विद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन् । कार्यक्रम संचालनको लागि बजेट र आवश्यक प्रबन्ध नगर कार्यपालिका र पालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले गर्नेछ । यी कार्यक्रमहरूको कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा नगर शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा, वडा शिक्षा समितिका प्रमुखको संयोजकत्वमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अनुगमन गरिनेछ । विद्यालय अनुगमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनुगमन, सुपरीक्षण, निरीक्षण गर्नेछन् । अनुगमन पश्चात सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनुकरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ ।

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी नगर पालिकाको शिक्षा शाखाबाट समय समयमा अनुगमन गर्ने गरिएको तथा कहिलेकाहि जनप्रतिनिधिहरूलाई सामिल गराई संयुक्त अनुगमनमा पनि गरिएको छ । विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरू खडा भएतापि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचालनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरूको दस्तावेजीकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

| क्र.स | कार्यक्रम/अनुगमन गर्ने निकाय | अनुगमन प्रक्रिया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अवलोकन, निरीक्षण, पृष्ठपोण तथा प्रतिवेदन, विद्यालय भ्रमण, शिक्षक विद्यार्थी अभिभावक सँग अन्तरक्रिया, | संयोजक | मासिक | आगन्तुक पुस्तिका र प्रतिवेदन |
| २ | नगर शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | नगरपालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास समन्वय इकाइ | | इकाई प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | वि.व्य.स र शि.अ.स / प्र.अ | | | निरन्तर | |
| ८ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | | महानिर्देशक | वार्षिक | |
| ९ | प्रदेश शिक्षा विकास निर्देशनालय | | निर्देशक | वार्षिक | |
| १० | नागरिक समाज / गैरसरकारी सँस्था | | संयोजक तथा अगुवा | मासिक | |

**प्रमुख समस्या तथा चुनौतीहरू**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक र एकीकृत प्रणालीको विकास नहुनु,

२. मूल्याङ्कन प्रणाली वैज्ञानिक नहुनु,
३. मूल्याङ्कन नतिजासँग जोड्न नसक्नु,
४. कक्षाकोठाको सिकाइको अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षणलाई कार्यस्थलमा जोड्न नसक्नु,
५. प्रविधिको प्रयोग अनलाइन मनिटरिङ गर्न नसक्नु ।

### ८.२ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

१. **८.३ रणनीति**

२. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रयोगमा ल्याउने ।
३. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
४. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने ।
५. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।
६. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।
७. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले तोकेबमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गर्ने ।

### ८.४ प्रमुख उपलब्धि तथा नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुने छ ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ ।
४. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ ।
५. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

### ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दशवर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | | |
| १ | पालिका स्तरमा अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | | | | | १ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | कार्यक्रम कार्यान्वयनको मासिक,त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | १२ | १२ | १२ | १२ | १२ | | | |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | | | |
| ५ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | | | |
| ६ | विद्यार्थी शिक्षक उपस्थितिको अनुगमन | पटक | १२ | १२ | १२ | १२ | १२ | | | |
| ७ | सिकाइ उपलब्धि समिक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | | | |
| ८ | समावेशी तथा गुणस्तरीय शिक्षा प्रर्वधन | पटक | १ | १ | १ | १ | १ | | | |
| ९ | विद्यालयको लेखा परिक्षण | पटक | १ | १ | १ | १ | १ | | | |